महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
गण्डकी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
गण्डकी प्रदेश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९
गण्डकी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौँ
नेपाल

पत्र संख्याः २०७९।८०
च.नं.

मितिः २०७९।१२।३०

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
गण्डकी प्रदेश पोखरा, कास्की।

नेपालको संविधानको धारा २४१ बमोजिम गण्डकी प्रदेशको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषयसूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा.....**	८
	मन्त्रालय र निकायगत व्यहोरा.....	२२
	१. प्रदेश सभा सचिवालय	२२
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२३
	३. अर्थ मन्त्रालय	२९
	४. आन्तरिक मामिला मन्त्रालय.....	४१
	५. कानुन सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालय.....	४३
	६. पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	४५
	७. वन वातावरण तथा भू-संरक्षण मन्त्रालय.....	४९
	८. भूमि व्यवस्था, कृषि र सहकारी तथा गरिबी निवारण मन्त्रालय.....	५४
	९. भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय.....	६६
	१०. उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय.....	७४
	११. शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय.....	८२
	१२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय.....	९१
	१३. युवा तथा खेलकुद मन्त्रालय.....	९६
	१४. प्रदेश लोक सेवा आयोग.	९९
	१५. मुख्य न्यायाधिवक्ताको कार्यालय.....	१००
	१६. प्रदेश नीति तथा योजना आयोग.....	१०१
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयनको स्थिति.....**	१०३
परिच्छेद ५	**सुधारका क्षेत्रहरू.....**	१०४
	अनुसूचीहरू.....	१०९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्थाबमोजिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकारतर्फ पाँचौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ तवरले यो प्रतिवेदन तयार गरिएको छ । यो वर्ष जोखिमका आधारमा उच्च तथा न्यून जोखिम कार्यालय निर्धारण गरी लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षदेखि लेखापरीक्षण कार्यलाई विद्युतीय प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन र लेखापरीक्षणको गुणस्तरमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यो वर्ष प्रदेश अन्तर्गत प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग समेत १८७ निकायको रू.३९ अर्ब ९० करोड ९२ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भई रू.४९ करोड ३५ लाख ५७ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.२४ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको १.२७ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन ।

यो वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । उक्त विषयहरूको परीक्षणबाट मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन हुन नसकेको, प्रदेशको बजेटमा संघीय अनुदानको अंश उच्च रहेको, विनियोजित बजेटको तुलनामा न्यून खर्च

हुने गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण र अभिलेख अद्यावधिक हुन नसेकेको, आयोजना बैङ्कमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन हुन नसकेको, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यसम्पादन भई कार्यक्रमहरू दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्तिमा नियन्त्रण हुन नसकेको, वितरणमुखी कार्यक्रममा बजेट नियन्त्रण हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । देखिएका कैफियतमा सुधारका लागि प्रदेश सरकारले आवश्यक कानुन तर्जुमा, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित, अनुत्पादक खर्च नियन्त्रण गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिनिधिहरू र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३० चैत्र २०७९

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिए बमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था समेत १८७ निकायको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत संकलन गरी अध्ययन एवं विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १०६ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ८१ निकायको दूर लेखापरीक्षण

कार्यविधिबाट लेखापरीक्षण गरीएको छ । यो वर्ष देखि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग सफ्टवेयर मार्फत लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १४ अनुसूचीहरू रहेका छन् । परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद-४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद- ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, शंखमूलमार्ग, काठमाण्डौं, नेपाल
Babarmahal, Shankhamulmarg, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र सङ्ख्याः २०७९।८०

मितिः २०७९।१२।३०

च.नं.: ६८६

विषयः प्रदेश सञ्चितकोषको वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

श्री सचिव,
आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश,
पोखरा, कास्की ।

१. **कैफियतसहितको राय** - हामीले गण्डकी प्रदेशको सञ्चित कोषको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू (अनुसूची १४) को लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएका २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुननबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

२.१.प्रदेश सञ्चित कोषको वित्तीय विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छ । तर वित्तीय प्रतिवेदनमा समेटनुपर्ने विभाज्य कोषबाट बाँडफाँड हुन बाँकी रकम, अन्तर सरकारी कारोबार लगायतका सूचना एवं कारोबार समेट्न सकेको छैन।

२.२.प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू. ४५ करोड ५६ लाख ९० हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ६ करोड ७० लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ३० करोड ३३ लाख ५ हजार र पेस्की बाँकी रू.८ करोड ५३ लाख २० हजार रहेको छ । यसैगरी अन्य संस्था एवं समिति तर्फ रु. ३ करोड ७८ लाख ६७ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३७ लाख ७८ हजार, नियमित गर्नुपर्ने रू. ३ करोड १५ लाख ८९ हजार र पेस्की बाँकी रू. २५ लाख रहेको छ ।

२.३.प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

२.४.प्रदेश सरकारको लागि रु. १३ अर्ब ८७ करोड ४५ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु. १२ अर्ब २१ करोड ७९ लाख खर्च भई रु. १ अर्ब ६५ करोड ६५ लाख प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहँदा कार्यक्रम सञ्चालनमा असर पर्न गएको छ। संघीय सरकारबाट प्रदेश सरकारको लागि रु. ५ अर्ब २ करोड ९० लाख ८० हजार सशर्त अनुदान, रु. ८७ करोड ३६ लाख समपूरक अनुदान र रु. ५४ करोड ९० लाख विशेष अनुदानसमेत रु. ६ अर्ब ४५ करोड १६ लाख ८० हजार अनुदान प्राप्त

भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु. १ अर्ब ६५ करोड ६५ लाख बचत रकम संघीय सञ्चित कोषमा फिर्ता भएको छ। सर्शत अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

२.५.प्रदेश र स्थानिय तहबिच बाँडफाँट हुने करतर्फ रु. १ अर्ब ४८ करोड २१ लाख ६९ हजार आय देखिएकोमा रु. १ अर्ब १७ करोड ८६ लाख ६३ हजार विभाजन गरी रु. ३० करोड ३५ लाख ६ हजार प्रदेश विभाज्य कोषमा बाँकी रहेको छ। उक्त रकम अर्को आर्थिक वर्षमा बाँडफाँट गरेको देखिन्छ ।

२.६.प्रदेश सरकारको स्रोतबाट ८५ स्थानीय तहलाई सशर्त, समपुरक र विशेष अनुदानमा यस वर्ष रू. १ अर्ब ६९ करोड ४३ लाख हस्तान्तरण गरेको छ । उक्त रकम मध्ये स्थानीय तहवाट खर्च नभई बाँकी रहेको हिसाव तयार गरेको छैन । सो रकम समेत प्रदेश सञ्चित कोषको हिसाबमा समावेश भएकोले प्रस्तुत खर्च यर्थाथपरक रहेको छैन । यथार्थ खर्चको विवरण लिई बाँकी हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्दछ।

२.७.हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। संञ्चित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ

३. **अन्य व्यहोरा** - शासकीय प्रवन्ध, ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सार्वजनिक वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता तथा विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, सार्वजनिक प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरू प्रदेश सञ्चित कोषको आर्थिक प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तिसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

(बामदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक

परिच्छेद-१
लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

(रू.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम
१.	सरकारी कार्यालय	१७३	३७०४५१०५
२.	समिति तथा अन्य संस्था	१४	२८६४१८१
	जम्मा	१८७	३९९०९२८६

यो वर्ष प्रदेश मातहत १७३ सरकारी निकायको रू.३७ अर्ब ४ करोड ५१ लाख ५ हजार र समिति तथा अन्य संस्था १४ को रू.२ अर्ब ८६ करोड ४१ लाख ८१ हजार समेत रू.३९ अर्ब ९० करोड ९२ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची- १ र १ (क) मा गरिएको उल्लेख छ ।

१. **सरकारी निकाय** - यो वर्ष १७३ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रू.हजारमा)

क्र. सं.	कारोबार	लेखापरीक्षण रकम
१.	विनियोजन निकासा	२२०४३९३४
२.	राजस्व	११२९७९७३
३.	धरौटी	१८१४१०७
४.	अन्य कारोबार	१८८९०९१
	जम्मा	**३७०४५१०५**

द्रष्ट्व्यः विनियोजन रकममा वित्तीय हस्तान्तरण मार्फत् स्थानीय तहलाई दिएको निकासा रू.१ अर्ब ६९ करोड ४३ लाख ७ हजार समेत समावेश छ ।

लेखापरीक्षण रकमको विवरण अनुसूची-२ मा उल्लेख छ।

२. **समिति र अन्य संस्था** - यो वर्ष १४ समिति र अन्य संस्थाको रू.२ अर्ब ८६ करोड ४१ लाख ८१ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची–३ र ४ मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद–३ को मन्त्रालय खण्डमा समावेश छ ।

प्रदेश बजेट कार्यान्वयन र राजस्वको स्थिति

३. **प्रदेश बजेट कार्यान्वयनको स्थिति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८।७९ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः-

(रू.हजारमा)

शीर्षक/क्षेत्र	२०७८।७९ को		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु	१२८४४२१०	७५८०११६	५९.०१
पुँजीगत	१८५०८६७५	१४४६३८१८	७८.१५
जम्मा	३१३५२८८५	२२०४३९३४	७०.३१

चालु खर्चमा वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहलाई दिएको रू.१ अर्ब ६९ करोड ४३ लाख ७ हजार समेत समाबेश छ।

बजेट अनुमानको तुलनामा चालु खर्च ५९.०१ प्रतिशत र पुँजीगत खर्च ७८.१५ प्रतिशत समेत कुल ७०.३१ प्रतिशत खर्च गरेको अवस्थाले प्रदेशको समग्र कार्य सम्पादन अवस्था प्रभावकारी देखिएन । योजना स्वीकृति, कार्यक्रम संचालन, सेवाप्रवाहको अवस्थामा सुधार र कार्य प्रकृयामा सरलीकरण गरी विनियोजन तथा खर्च दक्षता बढाउनुपर्दछ ।

४. **खर्चको स्थिति -** विनियोजन दक्षता प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९(३) वमोजिम बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने व्यवस्था छ ।प्रदेश सरकारको २०७८।७९ को बजेट खर्चको स्थिति निम्नानुसार छः

मन्त्रालय/निकाय	चालु	पुँजीगत	जम्मा वजेट	चालु खर्च	पुजीगत खर्च	जम्मा खर्च	प्रतिशत
प्रदेश व्यवस्थापिका	१५४९१८	३२२००	१८७११८	१०६०४०	२५७०२	१३१७४२	७०.४१
प्रदेश लोक सेवा आयोग	११६२२७	१५०००	१३१२२७	९४६९०	१३९७९	१०८६६९	८२.८१
मुख्य न्यायाधिवक्ताको कार्यालय	१४४९९	१०००	१५४९९	११२६६	२८७	११५५३	७४.५४
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२३८०२२	२३४२५०	१४७२२७२	६२०६८६	२११०२१	८३१७०७	५६.४९
अर्थ मन्त्रालय	१७०५९४	१५०३०	१८५६२४	७६३६८	५५२०	८१८८८	४४.११
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१९२९७५	२८०६८५	४७३६६०	१३६४९६	२१२९६५	३४९४६१	७३.७८
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय	१८५९६४७	२८७०२९	२१४६६७६	१३७१८८४	२०८१८२	१५८००६६	७३.६१
कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	६४४९०	८२४०००	८८८४९०	४०१३९	६०८२३१	६४८३७०	७२.९७
वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय	६१३१८०	३०६०६७	९१९२४७	४४१०४७	२५७०३०	६९८०७७	७५.९४
भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	३७०८७१	९२५१७३८	९६२२६०९	२५३११८	६८८८३७७	७१४१४९५	७४.२२
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	२६९०२२	५३८८९०९	५६५७९३१	२०१३७७	४८६९००७	५०७०३८५	८९.६२
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	१२८४२२१	९०९५५०	२१९३७७१	८४६०३७	६८१२६६	१५२७३०३	६९.६२
युवा तथा खेलकुद मन्त्रालय	२१०१४२	१९०७००	४००८४२	७४३५२	१५१३५९	२२५७१२	५६.३१
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२३१८६३०	४४७७३६	२७६६३६६	१५९५१६०	३२४८००	१९१९९६०	६९.४०
प्रदेश नीति तथा योजना आयोग	२८७३३	७४९९	३६२३२	१७१५१	६०९१	२३२४२	६४.१५
अर्थ - वित्तीय व्यवस्था	२४००००	०	२४००००	०	०	०	०.००
अर्थ - आन्तरिक ऋण भुक्तानी	५०००	०	५०००	०	०	०	०.००
कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा	३०००	०	३०००	०	०	०	०.००
अर्थ - विविध	१५९८०७८	३१७२८२	१९१५३६०	०	०	०	०.००
स्थानीय तह	२०९१९६१	०	२०९१९६१	१६९४३०७	०	१६९४३०७	८०.९९
जम्मा	**१२८४४२१०**	**१८५०८६७५**	**३१३५२८८५**	**७५८०११६**	**१४४६३८१८**	**२२०४३९३४**	**७०.३१**

गण्डकी प्रदेशको मन्त्रालय तथा मातहतका कार्यहरूको चालुतर्फ रू.१२ अर्ब ८४ करोड ४२ लाख १० हजार रपुँजीगततर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार र वित्तीय व्यवस्थातर्फ रू.२४ करोड गरी जम्मा रू.३१ अर्ब ३५ करोड २८ लाख ८५ हजार बजेट भएकोमा चालुतर्फ रू.७ अर्ब ५८ करोड १ लाख १६ हजार र पुँजीगततर्फ रू.१४ अर्ब ४६ करोड ३८ लाख १८ हजार खर्च भएको छ । जुन बजेटको ७०.३१ प्रतिशत मात्र हुन जान्छ। सोमध्ये चालुतर्फ विनियोजित बजेटको ५९.०१ प्रतिशत र पुँजीगततर्फ ७८.१५ प्रतिशत खर्च गरेका छन् । मन्त्रालयले स्पष्ट आधार वेगर अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। खर्च दक्षतमा अभिवृद्धि गरी बजेट कार्यान्वयन गर्नुपर्दछ ।

५. **स्रोतगत अनुमान र यथार्थ खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८।७९ को अनुमान र खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.हजारमा)

सि.नं.	स्रोत	२०७८।७९ को	अनुमानको तुलनामा खर्च प्रतिशत		
		स्रोत अनुमान	यथार्थ आय	यथार्थ खर्च	खर्च प्रतिशत
१	**संघीय सरकार अनुदान**	**१३०२९७००**	**१३८७४४८०**	**१२२१७९६७**	**९३.७७**
१.१	समानीकरण अनुदान	७४२२८००	७४२२८००	७४२२८००	
१.२	सशर्त अनुदान	४१८४३००	५०२९०८०	३९७८३९०	
१.३	विशेष अनुदान	५४९०००	५४९०००	४३८१०७	
१.४	समपुरक अनुदान	८७३६००	८७३६००	३७८६७०	
२	**प्रदेश सरकार**	**१७००९७२७**	**१२०७०५७७**	**९८२५९६७**	**५७.७६**
	जम्मा	**३००३९४२७**	**२५९४५०५७**	**२२०४३९३४**	**७३.३८**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रू.२२ अर्ब ४ करोड ३९ लाख ३४ हजारमध्ये संघीय सरकारको अनुदानतर्फ अनुमानको ९३.७७ प्रतिशत र प्रदेश सरकारको स्रोततर्फ अनुमानको ५७.७६ प्रतिशत खर्च भएको छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, सेवा प्रवाह कार्य सम्पादनमा असर परेको छ।

६. **राजस्व असुली -** प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ । प्रदेश सरकारले २०७८।७९ मा प्राप्त गरेको राजस्व तथा आयको विवरण निम्न अनुसार छः

(रू.हजारमा)

राजस्व वर्गीकरण	अनुमान	प्राप्ती
कर राजस्व	९७५२२००	९६९०२३५
गैह्रकर राजश्व	१२२८४३०	१४१८८२८
विविध प्राप्ती	३१४६३७०	१८८९१०
कुल राजस्व	**१४१२७०००**	**११२९७०७३**

यस सम्बन्धी विवरण अनुसूची–८ मा उल्लेख छ।

६.१. सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७८।७९ मा प्रदेश सरकारले बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर रू.५ अर्ब ९१ करोड २१ लाख २५ हजार,

अन्तःशुल्क रू.१ अर्ब ८५ करोड १६ लाख ८२ हजार, सवारी साधन कर रू.१ अर्ब ४८ करोड २१ लाख ६९ हजार, घर जग्गा रजिष्ट्रेशन रू.१ अर्ब ३ करोड ६६ लाख ४७ हजार, वन रोयल्टी रू.१७ करोड ५७ लाख ३७ हजार, विद्युत रोयल्टी रू.२५ करोड १० लाख १३ हजार, दहत्तर वहत्तरको बिक्रिबाट रू.१४ करोड ३१ लाख १८ हजार लगायत आफ्नो क्षेत्राधिकारको विषयमा कर लगाउने, उठाउने र संकलन गरेको छ । विभाज्य कोषबाट २०७८।७९ मा बाँडफाँट भई प्राप्त सवारी साधन कर वापतको रकम कुल आम्दानीमा समावेश भएको तर राजश्व व्यवस्थापन प्रणालीको कर राजश्वमा समावेश छैन ।

६.२. प्रदेश सरकारले २०७८।७९ मा प्राप्त गरेको सवारी साधन कर रू.१ अर्ब ४८ करोड २१ लाख ६९ हजार रहेकोमा सोको ४० प्रतिशतले हुने रू.५९ करोड २८ लाख ६७ हजार बाँडफाँट गरी स्थानीय तहमा हस्तान्तरण गरेको छ ।

६.३. संघीय सरकारबाट २०७८।७९ मा बाँडफाँट गर्न छुट भएको असार २१ देखि मसान्त सम्मको बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको रकम रू.६६ करोड ६६ लाख ९९ हजार र प्राकृतिक श्रोत वापतको रोयल्टी रू.३१ करोड ८१ लाख ८६ हजार प्राप्त भएको छैन।

७. **वित्तीय हस्तान्तरण** - २०७८।७९ मा प्रदेश संचित कोषबाट स्थानीय तहलाई गरेको वित्तीय हस्तान्तरण र खर्चको विवरण निम्नानुसार छः

(रू.हजारमा)

अनुदान	वार्षिक बजेट	हस्तान्तरण	खर्च	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	११०००००	११०००००	११०००००	१००.००
सशर्त अनुदान	२२३५००	१९०८३१	१९०८३१	८५.३८
विशेष अनुदान	११५०००	६७२९३	६७२९३	५८.५२
समपुरक अनुदान	५११५००	३३६१८३	३३६१८३	६५.७२
जम्मा	**१९५०००० **	**१६९४३०७**	**१६९४३०७**	**८६.८९**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ८५ स्थानीय तहमा रू.१ अर्ब ६९ करोड ४३ लाख ७ हजार हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको अंश बढी रहेको छ । सशर्त, विशेष र समपुरक अनुदान खर्च नभई बाँकी रहेको रकमलाई घटाई यथार्थ खर्च लेखु पर्नेमा हस्तान्तरित रकम बरावर नै खर्च लेखेको बजेट सिद्धान्त विपरीत देखिन्छ ।

८. **संघ तथा स्थानीय तहलाई अख्तियारी** - प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय तथा स्थानीय सरकारका कार्यक्रम संचालन गर्न ४९ संघीय कार्यालयलाई रू.६४ करोड ३७ लाख २५ हजार र १३ स्थानीय तहलाई रू.३ करोड ४३ लाख २८ हजार समेत रू.६७ करोड ८० लाख ५३ हजार बजेट निकासा दिएको छ । यसको विवरण अनुसूची-१२ मा समावेश छ ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ मा प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.४९ करोड ३५ लाख ५७ हजार रहेको छ । बेरुजुको वर्गीकरण निम्नानुसार छः

(रू.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**४५५६९०**	**३७८६७**	**४९३५५७**	**१००**
१. असुल गर्नुपर्ने	६७०६५	३७७८	**७०८४३**	१४.३६
२. नियमित गर्नुपर्ने	३०३३०५	३१५८९	**३३४८९४**	६७.८६
• अनियमित भएको	१३२७०३	२५६५५	**१५८३५८**	३२.०९
• प्रमाण कागजात पेश नभएको	१७०६०२	५९३४	**१७६५३६**	३६.१८
• जिम्मेवारी नसारेको	०	०	**०**	०.००
• शोधभर्ना नलिएको	०	०	**०**	०.००
३. पेश्की	**८५३२०**	**२५००**	**८७८२०**	**१७.८०**
• कर्मचारी पेश्की	१५९९		**१५९९**	०.३२
• मोबिलाइजेसन पेश्की	५४२३०	२५००	**५६७३०**	११.५०
• प्रतीतपत्र पेश्की	०	०	**०**	०.००
• संस्थागत पेश्की	२९४९१	०	**२९४९१**	५.९८

बेरुजु वर्गीकरणको विवरण अनुसूची-९ र १० मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु** - गत वर्षसम्म रू.१ अर्ब ७८ करोड ९८ लाख ५१ हजार बेरुजु मध्ये रू.१३ करोड ८९ लाख ३८ हजार सम्परीक्षण भई रू.१ अर्ब ६५ करोड ९ लाख १३ हजार बाँकी रहेकोमा यो वर्ष रू.४९ करोड ३५ लाख ५७ हजार थप भई जम्मा बेरुजु रू.२ अर्ब १४ करोड ४४ लाख ७० हजार कायम भएको छ । यस सम्बन्धी विवरण अनुसूची -११ मा रहेको छ।

(रू.हजारमा)

क्र.सं.	विवरण	गत वर्षसम्मको बेरुजु रकम	यो वर्षको बेरुजु रकम	जम्मा बेरुजु रकम
१.	प्रदेश सरकारी निकाय तर्फ	१५५३९१२	४५५६९०	२००९६०२
२.	समिति तथा अन्य संस्था तर्फ	९७००१	३७८६७	१३४८६८
जम्मा		१६५०९१३	४९३५५७	२१४४४७०

३. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७८ को दफा ३८ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ (१) मा औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७८।७९ को बेरुजु फर्स्यौंट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण अनुसूची-१३ मा रहेको छ।

३.२ यो वर्ष प्रदेश मातहतका सरकारी १७३ कार्यालयको लेखापरीक्षण गरेकोमा ८९ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १४ मध्ये ३ मा लगती बेरुजु देखिएको छैन ।

३.३ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १७३ को १ हजार ७४६ दफा बेरुजु देखिएकोमा ७३ दफा फर्स्यौंट भई १ हजार ६७३ दफा बेरुजु कायम भएको छ । सो मध्ये सैद्धान्तिक दफा १ हजार १८५ र लगती दफा ४८८ कायम भएको छ । साथै समिति तथा अन्य संस्था १४ तर्फको २६५ दफा बेरुजु देखिएकोमा ६ फर्स्यौंट भई २५९ दफा बेरुजु कायम भएको छ । सो मध्ये सैद्धान्तिक दफा १३९ र लगती दफा १२० कायम भएको छ ।

३.४ सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रू.१५ लाख ६६ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.२१ लाख ८१ हजार र सम्परीक्षणको क्रममा रू.६० लाख समेत रू.९७ लाख ४७ हजार असुल भएको छ । यस सम्बन्धी विवरण अनुसूची-६ मा उल्लेख छ ।

३.५ प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेश्की रू.७० करोड ६२ लाख ५९ हजार बाँकी रहेकोमध्ये रू.१ करोड ३८ लाख ८० हजार फर्स्यौंट भई बाँकी रू.६९ करोड २३ लाख ७९ हजार र यो वर्ष थप रू.८ करोड ५३ लाख २० हजार समेत कुल पेश्की रू.७७ करोड ७६ लाख ९९ हजार बाँकी रहेको छ । यस वर्ष थप पेश्की मध्ये कर्मचारीतर्फ रू.१५ लाख ९९ हजार र अन्य पेश्की रू.७७ करोड ६१ लाख रहेको छ ।

त्यस्तै समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेश्की रू.१३ लाख २० रहेकोमा यो वर्षको थप रू.२५ लाख समेत कूल पेश्की रू.३८ लाख २० हजार बाँकी रहेको छ । पेश्की बाँकीको अध्यावधिक विवरण अनुसूची-५ मा रहेको छ ।

३.६ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने ५ मन्त्रालयहरू निम्नानुसार छन्:

(रू.हजारमा)

क्र. सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	१०१४४८१०	५२१७१	१३९९७५	६३३०८	२५५४५४	५६.०५	२.५१
२	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	५६२३३९०	५६९८	४७७७१	१२७८६	६६२५५	१४.५४	१.१८
३	शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	१९४०४४२	२५९४	३७३०१	८१००	४७९९५	१०.५९	२.४७
४	भूमि व्यवस्था, कृषि सहकारी तथा गरिवि निवारण मन्त्रालय	२७८३९२८	३७२१	२९५६६	०	३३२८७	७.३०	१.२०
५	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८००२१५	२५	१७९३९	०	१७९६४	३.९४	२.२४
६	अन्य	१५७५२३२०	२८५६	३०७५३	११३६	३४७३५	७.६२	०.२२
	जम्मा	**३७०४५१०५**	**६७०६५**	**३०३३०५**	**८५३२०**	**४५५६९०**	**१००**	**-**

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय दोस्रो र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय तेस्रो स्थानमा रहेका छन् । यस सम्बन्धी विवरण अनुसूची - २ र ८ मा रहेको छ।

३.७ सरकारी कार्यालय र समिति तथा अन्य संस्था तर्फ रू. ६ लाख ९७ हजार अग्रिम कर कट्टी गर्न बाँकी छ। यस सम्बन्धी विवरण अनुसूची - ७ उल्लेख छ ।

३.८ प्रदेश सरकारी कार्यालय तथा समितितर्फ ५ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२९६३७७	५४०	०.१८	८८	०.०३
दोस्रो २०७७	२३८९२७४३	१६४४७४५	६.८८	५२०३५८	२.१८
तेस्रो २०७८	३०७४६९०७	६०४१००	१.९६	४५८४०३	१.४९
चौथो २०७९	४०५५५४०९	५१५४४८	१.२७	४३३२०४	१.०७
पाँचौं २०७९	३९९०९२८६	४९३५५७	१.२४	४०५७३७	१.०२

माथि उल्लिखित लेखापरीक्षण अङ्कमा राजस्व र अनुदानको हस्तान्तरण समेत समावेश गरिएको छ ।

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

१. **कानुन तर्जुमा -** संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आर्थिक वर्ष २०७८।७९ सम्म ५९ ऐन, १७ नियमावली, ५ गठन आदेश र १४३ निर्देशिका तथा कार्यविधि निर्माण भएका छन् । प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधि पहिचान गरी तर्जुमा गर्नुपर्दछ।

२. **कानुनमा सामन्जस्यता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविक दफा ६४ को उपदफा १(च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था भएकोमा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले बिक्री गरी प्राप्त गरेको रकम आफ्नो सञ्चितकोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । गण्डकी प्रदेशको कर तथा गैरकर सम्बन्धी ऐन, २०७५ को दफा १५(६) अनुसार गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित करको चालिस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी गण्डकी प्रदेश आर्थिक ऐन, २०७८ को अनुसुची-६ मा ढुंगा, गिट्टी, बालुवाको दर तोकेको छ भने संघीय मन्त्रिपरिषद्ले तयार गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ (घ) मा सभाद्वारा स्वीकृत दरमा उत्खनन्, संकलन र बिक्री गर्ने व्यवस्था प्रदेश ऐनको विपरित हुने उल्लेख छ । यसै गरी सोही मापदण्डमा ढुङ्गा, गिट्टी, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने व्यवस्था गरेको छ, जुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संसोधन सहित) को दफा ६२(क) विपरित देखिन्छ। यो वर्ष ११ स्थानीय तहहरूले ढुङ्गागिट्टी, बालुवा बिक्रीबाट प्राप्त गरेको राजश्व रू.२६ करोड २५ लाख ५५ हजार बाँडफाँड गर्न बाँकी रहेको छ। राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जुमा गर्दा संघीय कानुनसँग नबाझिने गरी तयार गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकार अन्तर्गत विद्यमान विभिन्न १२ मन्त्रालयहरूको लागि तोकिएका कार्य जिम्मेवारी आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको छ । मन्त्रालयहरूले कार्यान्वयन गर्न बाँकी कार्य जिम्मेवारीहरू कार्ययोजना बनाई क्रमशः कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **कर्मचारी व्यवस्थापन -** प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १७३ सरकारी निकायमा ३ हजार १७८ कर्मचारी दरबन्दी रहेकोमा २ हजार २९५ पदपूर्ति भई ८८३ रिक्त रहेको छ । स्वीकृत दरबन्दीको तुलनामा २७.७८ प्रतिशत जनशक्ति रिक्त रहेकोले सरकारी निकायहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । प्रदेश सरकारको कार्य व्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि दरबन्दी अनुसार पदपूर्ति गरि जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

५. **संगठन संरचना -** संघीय व्यवस्था अनुरुप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रुपमा गर्ने कार्य स्पष्ट रुपमा उल्लेख छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएका छन्। जस्तै कास्कीमा भवनतर्फको संघीय आयोजना कार्यान्वयन इकाई रहेकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेशमा शहरी विकास तथा भवन कार्यालयको स्थापना गरेको छ। संघीय संरचनाको सुरुवात हुनु पूर्व कास्कीमा यातायात व्यवस्था कार्यालय गण्डकी एउटा कार्यालय रहेकोमा हाल प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय सवारी र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र गरी २ वटा कार्यालयको संरचना खडा गरेको देखियो। यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा समेत दोहोरोपना हुने तर्फ विचार गरेको देखिएन। कार्यसम्पादनमा दोहोरोपन नहुनेगरी संरचना स्थापना हुनुपर्दछ।

६. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको लागि प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालिन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको आर्थिक वर्ष २०७८।७९ को वार्षिक बजेट र सोको कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

६.१ अर्थ मन्त्रालयले रू.३१ अर्ब ३५ करोड २८ लाख ८५ हजारको आय-व्यय अनुमान पेश गरेकोमा गत वर्षको बचत, कर र अन्य राजस्व समेत रू.२८ अर्ब ३ करोड १३ लाख ७७ हजार प्राप्त भई कुल अनुमानको ८९.४० प्रतिशत आय प्राप्त भएको छ ।

६.२ विनियोजनतर्फ रू.२२ अर्ब ४ करोड ३९ लाख ३४ हजार खर्च भई रू.५ अर्ब ९८ करोड ७४ लाख ४३ हजार बचत रहेको छ। बचत मध्ये रू.१ अर्ब ६५ करोड ६५ लाख १० हजार संघीय सञ्चित कोषमा फिर्ता गरेको छ। प्रदेश सभाबाट स्वीकृत बजेट अनुसार खर्च दक्षता बढाई बजेटको लक्ष्य बमोजिम खर्च गर्नुपर्दछ।

६.३ गत वर्षको बचत, अनुदान, कर र अन्य राजस्व समेत कुल आय रू.२८ अर्ब ३ करोड ३१ लाख ७७ हजारमध्ये रू.१३ अर्ब ८७ करोड ४४ लाख ८० हजार (४९.४९ प्रतिशत) रकम संघीय हस्तान्तरित अनुदान र रू.२ अर्ब ८५ करोड ८९ लाख २४ हजार (१०.२० प्रतिशत) गत वर्षको मौज्दात रहेको छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको छ । प्रदेशले आफ्नो आन्तरिक आय वृद्धि गरी खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

७. **कर तथा शुल्क -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य अर्थ मन्त्रालयको रहेको छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन सेवा शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्न सक्ने अधिकार छ । यस वर्ष कृषि आयमा कर, पर्यटन शुल्क, दहत्तरबहत्तर, खानी तथा नदीजन्य पदार्थमा शुल्क असुली लगायतका शीर्षकमा रू.१४ अर्ब १२ करोड ७० लाख असुली गर्ने अनुमान गरेकोमा रू.११ अर्ब २९ करोड ७९ लाख ७३ हजार अर्थात् अनुमानको

७९.९७ प्रतिशत र कुल आय रू.२५ अर्ब ९४ करोड ५० लाख ५७ हजारको ४३.५४ प्रतिशत मात्र आन्तरिक आय प्राप्त भएकोले प्रभावकारी रुपमा असुली हुन नसकेको अवस्था छ । नियमित अनुगमन गरी असुली प्रक्रियामा सुधार ल्याउनुपर्दछ।

८. **वित्तीय तथा भौतिक प्रगति -** प्रदेश सरकार अन्तर्गत सञ्चालित आयोजनाहरूको कार्यान्वयनको भौतिक प्रगतिका आधारमा ४२ प्रतिशत आयोजनाहरूको भौतिक प्रगति ९० प्रतिशत भन्दा बढी, १३ प्रतिशत आयोजनाहरूको भौत्तिक प्रगति ४० प्रतिशत भन्दा कम र १३ प्रतिशत आयोजनाहरू शुरु नै हुन सकेका छैनन्। चालुतर्फ रू.१२ अर्ब ८४ करोड ४२ लाख १० हजार बजेट विनियोजन भएकोमा ५९.०१ प्रतिशत,पुँजीगत तर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार बजेट विनियोजन भएकोमा ७८.१५ प्रतिशत र समग्रमा रू.३१ अर्ब ३५ करोड २८ लाख ८५ हजार बजेट मध्ये ७०.३१ प्रतिशत वित्तीय प्रगति भएकोले विनियोजन दक्षता प्रभावकारी देखिएन । मुख्य ५ मन्त्रालयहरूको बजेट र खर्चको अवस्था निम्नानुसार छ । खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

मन्त्रालयको नाम	जम्मा बजेट	जम्मा खर्च	प्रतिशत
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४७२२७२	८३१७०७	५६.४९
अर्थ मन्त्रालय	१८५६२४	८१८८८	४४.११
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२१४६६७६	१५८००६६	७३.६१
भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	९६२२६०९	७१४१४९५	७४.२२
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	५६५७९३१	५०७०३८५	८९.६२

९. **चौमासिक खर्च -** पुँजीगततर्फको स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रूपमा खर्च गर्न बजेट व्यवस्था गरेको छ । विनियोजित बजेट प्रत्येक त्रैमासिकमा आनुपातिक रुपमा खर्च गर्नुपर्नेमा तेस्रो त्रैमासिक र आषाढ महिनामा बढी खर्च गर्ने गरेको छ । त्रैमासिक खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू.हजारमा)

विवरण	कुल खर्च	प्रथम त्रैमासीक	दोस्रो त्रैमासीक	तेस्रो त्रैमासीक	चौथो त्रैमासिक	आषाढ महिनाको खर्च
चालु	७५८०११६	१०४६५२६	१३८५४११	१६८८३५१	३४५९८२८	२३०९३६७
प्रतिशत	१००	१३.८१	१८.२८	२२.२७	४५.६४	३०.४७
पुँजीगत	१४४६३८१८	९०७९९३	१४५७४६२	३३१५३२८	८७८३०३५	६०९८५१०
प्रतिशत	१००	६.२८	१०.०८	२२.९२	६०.७२	४२.१६

उल्लिखित तालिका अनुसार कुल पुँजीगत खर्च रू.१४ अर्ब ४६ करोड ३८ लाख १८ हजारमध्ये ६०.७२ प्रतिशत चौथो त्रैमासिकमा र ४२.१६ प्रतिशत आषाढ महिनामा खर्च भएको छ । त्यस्तै चालु तर्फको कुल खर्च रू.७ अर्ब ५८ करोड १ लाख १६ हजारमध्ये ४५.६४ प्रतिशत चौथो त्रैमासिकमा र ३०.४७ प्रतिशत आषाढ महिनामा खर्च भएको छ। आर्थिक वर्षको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१०. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा समावेश भएका नेपाल सरकारसँगको सहकार्यमा सबै जिल्ला अस्पताललाई २५ देखि ५० शय्या र धौलागिरी

अस्पताललाई २०० शय्याको जनरल अस्पतालमा स्तरोन्नति, सबै जिल्ला अस्पतालमा २ देखि ५ शय्याको सघन उपचार कक्ष निर्माण, नवलपुरको मध्यविन्दु अस्पताल र स्याङ्गजाको भीरकोट नगर अस्पताललाई ट्रमा सेन्टरको रुपमा स्तरोन्नति, गोरखा जिल्लाको आँपपिपल अस्पताललाई ५० शय्याको अस्पताल, गण्डकी विश्वविद्यालयमा ३५० शय्याको मुटुरोग अस्पताल, ५० शय्याको अर्बुद रोग अस्पताल, ५० शय्याको मृगौला रोगसहित ५०० शय्याको शिक्षण अस्पताल स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा तालिम व्यवसायीक प्रतिष्ठानको पूर्वाधार विकास, गण्डकी विश्वविद्यालय अन्तर्गत सूचना प्रविधि विषय र शिक्षण अस्पताल स्थापना, प्रदेशमा विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान र विकासका लागि गण्डकी विज्ञान तथा प्रविधि प्रतिष्ठानको सञ्चालन, भौगोलिक सूचना प्रणाली मार्फत् भू-उपयोगको तथ्याङ्क अद्यावधिक गरी प्रदेशस्तरीय भू-उपयोग योजना तयारी, सरकारी तथा सार्वजनिक, निजी र गुठी जग्गाको अभिलेख अद्यावधिक, एक सहकारी एक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन, नारायणी नदी किनारमा बिच-पार्क निर्माण गर्न सम्भाव्यता अध्ययन, वृहत पोखरा चक्रपथ, भिमाद-डेढगाउ अरुणखोला सडक शालिग्राम करिडोर र आरुघाट- सिर्दिबास-रुइला भञ्ज्याङ सडक निर्माण, बाग्लुङ्गको बिहुँबाट गल्कोटसम्म सुरुङमार्ग र बाग्लुङ्गको अर्नाकोट विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गर्ने जस्ता कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **आवधिक योजनाको समीक्षा** - प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-०८०/०८१) कार्यान्वयनमा आएको छ । उक्त योजनामा आर्थिक वर्ष २०८०/८१ सम्ममा वार्षिक आर्थिक वृद्धिदर १०.२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ०७८।७९ मा ६.१७ प्रतिशत पुगेको, कुल गार्हस्थ्य उत्पादन रू.४ खर्व ६८ अर्ब ७९ करोड ५० लाख पुऱ्याउने लक्ष्य लिएकोमा रू.३ खर्व १४ अर्ब ८९ करोड पुगेको, बहुआयमिक गरिबीमा रहेको जनसंख्या ७.३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा ९ प्रतिशत रहेको, मानव विकास सूचकाङ्क ०.६५ पुऱ्याउने लक्ष्य लिएकोमा ०.६० पुगेको, साक्षरता दर ९५ प्रतिशत पुऱ्याउने लक्ष्यमा ८३ प्रतिशत पुगेको, बेरोजगारी दर ४ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा ७ प्रतिशत रहेको, आधारभूत खानेपानीको पहुँच १०० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९३.१ प्रतिशतमा पुगेको उल्लेख छ। प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधी समीक्षा प्रतिवेदन, २०७९ अनुसार समृद्धिका २६ लक्ष्य मध्ये ६ वटा लक्ष्य प्राप्त हुन कठिन हुने र १० वटा प्राप्त हुन नसक्ने तथा सुखका १२ मध्ये एक लक्ष्य प्राप्त गर्न कठिन हुने र १० वटा प्राप्त गर्न नसक्ने उल्लेख छ। अतः योजनाको आधार, लक्ष्य र चुतौतीहरूको विस्तृत विश्लेषण गरी भावी कार्यदिशा तय गर्नुपर्दछ। साथै लक्ष्य तथा दिर्घकालिन सोचलाई केन्द्रमा राखेर वार्षिक नीति तथा कार्यक्रम र बजेटको तर्जुमा, नीति, रणनीति, योजना र कार्यक्रमहरूमा समायनुकुल सुधार, कार्यान्वयनको लागि प्रशासनिक संयन्त्रको प्रभावकारी परिचालन र अन्तर निकाय र निजी क्षेत्रसँग समन्वय र सहकार्य अपरिहार्य देखिन्छ।

१२. **मार्गदर्शन कार्यान्वयन** - नेपाल सरकारबाट स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको

फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम, इन्धन, मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित् मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन, कार्यकक्ष, फर्निसिङ, सवारी इन्धन, मर्मत आदिको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१३. **बजेट प्रक्षेपण** - मध्यमकालिन खर्च संरचना अनुसार दिगो विकासको लक्ष्यलाई आन्तरिकीकरण गरी आर्थिक वर्ष २०७८।७९ को लागि रू.३८ अर्ब ३२ करोड ६३ लाख ७६ हजार बजेट प्रक्षेपण गरेकोमा रू.३१ अर्ब ३५ करोड २८ लाख विनियोजन भई रू.२२ अर्ब ४ करोड ३९ लाख ३४ हजार खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोग मार्फत् संघीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकासका लक्ष्य हासिल गर्न पर्याप्त बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१४. **आयोजना बैङ्क** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा बजेट प्रस्ताव गर्ने विभिन्न आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि रकम प्रस्ताव गर्ने व्यवस्था रहेको छ। आयोजना कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरी, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकूलका आयोजना समावेश गरी आयोजना बैङ्क तयार गर्नुपर्ने र प्राथमिकताका आधारमा आयोजना छनौट गर्नुपर्नेमा आयोजना बैङ्कको व्यवस्था गरेको छैन। आयोजना कार्यान्वयनमा प्रभावकारिता हासिल हुने गरी ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

१५. **वार्षिक कार्ययोजना** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३ (१) मा प्रत्येक मन्त्रालयले आफ्नो तथा मातहत कार्यालयलको स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आर्थिक वर्षको श्रावण मसान्तभित्र वार्षिक विकास कार्यक्रम कार्ययोजना तयार गर्नुपर्ने र उपदफा (२) मा उक्त कार्ययोजना तयार गर्दा वार्षिक खरिद योजना, मासिक नगद प्रवाह विवरण, उपलब्धि मापनसूचक र कार्यान्वयनको समयतालिका लगायतको विवरण समावेश गर्नुपर्ने उल्लेख भएकोमा मन्त्रालयहरूले सो अनुरुप कार्ययोजना तयार गरेको पाइएन । कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१६. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा दफा २५ (५) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पति र दायित्वको एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ५२ मा सरकारी सम्पतिको संरक्षणको प्रबन्ध गर्नुपर्ने उल्लेख छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको पाम्स (PAMS) को तथ्याङ्क अनुसार प्रदेशको हालसम्म २ लाख ३५ हजार ५१ आईटमको मुल्य रू.२ अर्ब १९ करोड ८२ लाख ७८ हजार लगत कायम गरेको देखिन्छ । प्रदेश अन्तर्गत सबै सरकारी कार्यालयहरूको सम्पत्ति अभिलेखिकरण नभएकोले उक्त तथ्याङ्कले प्रदेशको सम्पत्तिको यथार्थ चित्रण गर्दैन। उदाहरणको रुपमा मनाङ्ग र मुस्ताङ्गका २ कृषि ज्ञान केन्द्र र मनाङ्ग, मुस्ताङ्ग, पर्वत तथा कास्कीका भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ, मुस्ताङ्ग, म्याग्दी, पर्वत र लमजुङ्गले पाम्स मा प्रविष्टि गरि अभिलेखिकरण गरेका छैनन् । मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण प्रदेशको सम्पत्ति

यकीन हुन सकेन । प्रदेशको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मुल्य सम्बन्धमा एकीन गरी सार्वजनीक सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

१७. **प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना -** गण्डकी प्रदेश सरकारको प्रथम पञ्चबर्षीय योजना (२०७६।०७७ - ०८०।८१) को अनुसूची-२ मा प्रदेश गौरवका १३ र नेपाल सरकारसँग स्रोत माग गरी सञ्चालन गर्ने रुपान्तरणकारी ५ आयोजनाहरू पहिचान गरिएको छ । ती आयोजनाहरूको हालको अवस्था निम्नानुसार रहेका छन्।

(रू.हजारमा)

क्र. सं.	आयोजनाको नाम	लागत अनुमान	यस वर्षको बजेट	यस वर्षको खर्च	यस वर्षसम्मको खर्च
(क) प्रदेश गौरवका आयोजनाहरूः					
१	प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना	३९१७८९५	७३८८३७	६४१३१०	१४९५४७४
२	एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना	नखुलेको	**०**	**०**	०
३	मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना	नखुलेको	१०००००	९०५००	३७८१०५
४	गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना	नखुलेको	०	**०**	०
५	स्याउमा आत्मनिर्भर हुने आयोजना	नखुलेको	१२४३००	८४५२४	१४३५७४
६	घरवास होमस्टे विस्तार र सुदृढीकरण आयोजना	**५५०००० **	५००००	३९०००	४६०२४२
७	नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना	नखुलेको	१००००	४२००	४६७३
८	गण्डकी विश्व विद्यालय स्थापना र सञ्चालन आयोजना	नखुलेको	१९३५८९	१६६४८६	२६७४७८
९	गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना	नखुलेको	४५००७	११३८७	२३०८७
१०	प्रदेश क्रिकेट मैदान निर्माण आयोजना	१६३००००	०	०	१९५०
११	सूचना प्रविधि पार्क निर्माण आयोजना	नखुलेको	३६५००	३६८६	५२४५
१२	प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना	नखुलेको	३००००	२४६००	८२४०४
१३	ई-गभरनेन्स आयोजना	नखुलेको	६२००	४३४०	६१५३
ख)	**रुपान्तरणकारी योजनाहरू**				
१४	**पोखरा, डेडगाउँ, दुम्किबास, त्रिवेणी सडक निर्माण आयोजना**	४४०००००	१६१५८०	११००३६	३८५४०७
१५	उत्तरगंगा जलाशययुक्त विद्युत् आयोजना	१३०००००००	०	०	०
१६	फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजना	४९२००००	०	०	१४९००५
१७	कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना	४०००००	०	**०**	०
१८	मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पतालको निर्माण आयोजना	१५०००००	०	०	२००००

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्:

- आयोजनाको क्षेत्र, भौगोलिक आवश्यकता, प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय रुपमा संभाव्यता अध्ययन, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लागत, लाभ विश्लेषण लगायतका आधारमा प्रदेशमा कार्यान्वयन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण गरी सोही मापदण्डको आधारमा प्रदेश गौरवका आयोजनाहरू पहिचान एवं छनौट गर्नुपर्नेमा यस्तो मापदण्ड बनाएको छैन् भने प्रदेश गौरवका आयोजना र रुपान्तरणकारी आयोजनाको स्पष्ट परिभाषा गरिएको छैन।
- छनौटको आधार सहितको मापदण्डको अभावमा हाल प्रदेश सरकारले पहिचान गरेका गौरवका आयोजनाहरू उपयुक्त आधारमा पर्याप्त विश्लेषण गरी छनौट भएको देखिदैन।
- पहिचान भएका कुनैपनि आयोजनाहरूको लागत, सञ्चालन विधि, बजेट व्यवस्था लगायतका व्यहोरा स्पष्ट छैन।
- उपरोक्त आयोजनाहरूको कार्यान्वयनमा पर्याप्त अनुगमन तथा मूल्यांकन, अन्तर निकाय, अन्तर सरकार समन्वय तथा सहकार्य, बजेट व्यवस्थापन, ठेक्का व्यवस्थापन, जग्गा व्यवस्थापनमा समन्वय भएको देखिएन ।
- १८ आयोजना मध्ये १० आयोजनाको लागत अनुमान खुल्दैन भने प्रदेश क्रिकेट मैदान निर्माण आयोजना लगायत विभिन्न ७ आयोजनामा आर्थिक वर्ष २०७८।७९ मा बजेट विनियोजन नै भएको देखिएन ।
- एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण लगायत ८ आयोजनाहरूको भौतिक प्रगति शून्यरहेको छ।
- घरवास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजनामा रू.४६ करोड २ लाख ४२ हजार, मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ आयोजनामा रू.३७ करोड ८१ लाख ५ हजार, स्याउमा आत्मनिर्भर हुने आयोजनामा रू.१४ करोड ३५ लाख ७४ हजार खर्च भएकोमा सोको उपलब्धी मूल्यांकन भएको छैन। यि आयोजनाहरू वितरणमुखी प्रकृतिको भएकोले लगानी अनुसारको प्रतिफल प्राप्तिको शुनिश्चितता हुने गरिमात्र कार्यक्रम सञ्चालन हुनुपर्ने देखिन्छ।

  अतः पहिचान भएका आयोजनाहरूको लागि पर्याप्त बजेटको सुनिश्चितता, दक्ष जनशक्तिको व्यवस्था, निकायगत समन्वय, प्रभावकारी अनुगमन र मूल्यांकनको व्यवस्था गरी समयमै आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१८. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद कानुनमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज, स्टाफ र अन्य सानातिना खर्चको लागि कन्टिन्जेन्सी थप गरी खर्च गर्न सकिने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गतका निकायहरूले निर्माण कार्यको अतिरिक्त अनुदान वितरणमा समेत कन्टिन्जेन्सी रकमको व्यवस्था गरी खर्च गर्ने गरेका छन् । चालु प्रकृतिका खर्चको लागि छुट्टै बजेट विनियोजन भएपनि यस वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतका निकायहरूले कन्टिन्जेन्सीबाट रू.२४ करोड ५५ लाख २८ हजार इन्धन, सवारी साधन मर्मत, अनुगमन, कार्यालय सामान खरिद लगायतमा खर्च गरेकोमा सोको अभिलेख अद्यावधिक गरेको छैन । कार्यविधि तयार गरी कन्टिजेन्सी खर्चलाई व्यवस्थित बनाउनु पर्दछ।

१९. **सवारी साधन खरिद** - प्रदेश मन्त्रालय र मातहत निकायले यो वर्ष रू.९ करोड २२ लाख ३५ हजारमा १४ सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिदमा गत ३ वर्षमा रू.५६ करोड ९८ लाख ८४ हजार खर्च गरेको अवस्था छ । सवारी साधन खरिदसँगै मर्मत र इन्धन खर्च समेत वृद्धि हुने भएकोले सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्चलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **लेखाङ्कन तथा प्रतिवेदन** - कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक क्षेत्र वित्तीय प्रतिवेदन लेखामान (नेप्सास)को ढाँचा २०७५ मार्गमा नै स्वीकृत भइसकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको छैन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन तयार गर्नुपर्दछ।

२१. **आर्थिक सहायता** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने उल्लेख छ। प्रदेश सरकारले जारी गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रू.२५ हजार र संस्थागत सहायता रू.१ लाखसम्म मुख्यमन्त्रीको तोक आदेशबाट सोझै र सोभन्दा माथिको रकम मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस वर्ष व्यक्तिगत सहायतातर्फ विपन्न परिवारका सदस्यलाई औषधि उपचार, खेलकुद प्रतियोगिता, लोकसेवा तयारी कक्षा लगायतका कार्यमा ४०८ जनालाई रू.१ करोड ३७ लाख र संस्थागततर्फ खेलकुद प्रतियोगिता, गुम्बा व्यवस्थापन लगायतका कार्यको लागि ९१ संस्थालाई रू.१ करोड ६ लाख ७२ हजार समेत रू.२ करोड ४३ लाख ७२ हजार आर्थिक सहायता वितरण गरेको छ। आर्थिक वर्ष २०७६।७७ मा रू.५८ लाख १५ हजार र २०७७।७८ मा रू.२ करोड आर्थिक सहायता वितरण गरेको थियो। आर्थिक सहायता वितरण गर्ने प्रवृति बढिरहेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२२. **अनुदान** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २३(१) (क) मा सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने र सोही कार्यविधिको बुँदा नं. २३(२) मा अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानुन बमोजिम सम्बन्धित लेखाउत्तरदायी अधिकारीको हुने व्यवस्था छ । गण्डकी प्रदेश अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले रू.२ करोड १ लाख २७ हजार, भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालयले रू.५ करोड ११ लाख ६९ हजार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले रू.२२ करोड ४ लाख ९३ हजार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रू.२५ लाख गरी यो वर्ष रू.२९ करोड ४२ लाख ८९ हजार अनुदान दिएको छ। अनुदानको उपयोग, उत्पादन तथा उत्पादकत्वमा पारेको प्रभाव, जीवनस्तरमा सुधार भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गरेको देखिदैन । अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पूँजी र प्रविधिमा सुधार, राजश्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यवसायीक अनुसरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन

जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनु पर्दछ।

२३. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने, उपभोक्ता समितिसँग सम्झौता गर्दा मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी र ओभरहेड बाहेकको रकममा गर्नुपर्ने र जनश्रमदान रकम कटाएर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, तनहुँले रू.५ करोड १६ लाख १० हजार लागत अनुमान भएका विभिन्न ४ योजनाहरू र खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय स्याङ्जाले रू.३३ करोड ६ लाख १३ हजार लागत अनुमान भएका ७ योजना उपभोक्ता समितिबाट गराएको छ। तोकिएको सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराउनु उचित देखिएन । ऐन तथा नियमावलीको परिधिभित्र रही खर्च गर्नुपर्दछ।

२४. **दिगो विकासको लक्ष्य र उपलब्धी** — दिगो विकासका १७ प्रमुख लक्ष्य हासिल गर्न दिगोविकासको एजेण्डा, २०३० कार्यान्वयनमा सबै तहका सरकारको महत्वपूर्ण भूमिका रहन्छ। दिगो विकासका लक्ष्यहरूलाई सबै तहका सरकारले आ-आफ्ना नीति, कार्यक्रम र बजेटमा आवद्ध गर्नुपर्दछ। दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नको लागि पञ्चबर्षीय योजना (२०७६।७७-२०८०।८१) मा समाहित गरी प्रदेश सरकारले आधार रेखा सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरी प्रकाशन गरेको छैन्। उक्त लक्ष्यहरूलाई सरकारका वार्षिक विकासका कार्यक्रमहरूसंग तालमेल समेत गरेको देखिएन। नेपाल सरकारको पन्ध्रौं योजना र मध्यमकालीन खर्च संरचना, २०७९/८० बमोजिम गण्डकी प्रदेशको दिगो विकास लक्ष्यसँग सम्बन्धित केही सूचकहरूको अवस्था निम्नानुसार छ।

क्र.सं.	सूचक	२०७८/७९ सम्मको उपलब्धी	२०८०/८१ को लक्ष्य
१.	मानव विकास विकास सूचकाङ्क	०.६	०.६५
२.	प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात	५६	७०
३.	आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (%)	६५	८३
४.	पाँच वर्षमुनिका कम तौल भएका बालबालिका (%)	११	८
५.	बहुआयामिक गरिबी सूचकाङ्क वास्तविक गणना अनुपात (%)	९.६	७.३
६.	कुल खेतीयोग्य भूमि मध्ये वर्षभरी सिंचाइ सुविधा पुगेको भूमि (%)	१२.६७	१५.३
७.	दक्ष प्रसुतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात (%)	७५	८०
८.	पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	२४	२२
९.	कुल प्रजनन् दर (प्रति महिला शिशु जन्म)	२	२.१
१०.	अस्पताल/ स्वास्थ्य संस्थाहरूमा बच्चा जन्माउने (%)	७५	८८
११.	घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवारहरूको (%)	६८	७७.४
१२.	आधारभूत तह(१-८) मा खुद भर्नादर (%)	६०	९९
१३.	शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	२१	१७
१४.	विद्युतमा पहुँच पुगेको परिवार (%)	९९.५	१००

१५.	आधारभूत खानेपानीमा पहुँच पुगेको परिवार (%)	९३.७४	१००
१६.	प्रादेशिक लोकमार्ग (कि.मी.)	१७५१	३४५०
१७.	साक्षरता दर (पाँच वर्ष माथि%)	८३	९५
१८.	१५ देखि २४ वर्षको साक्षरता दर (%)	९७	९९
१९.	जलविद्युत् उत्पादन जडित क्षमता (मेगावाट)	६८७	१५००
२०.	जनसंख्यामा लैङ्गिक अनुपात	९०.८५	९६

दिगो विकास लक्ष्य हाँसिल गर्नको लागि अधिकांश सूचकहरूमा निकै मेहनत गर्नुपर्ने देखिन्छ। तथ्याङ्कीय विवरणको स्थानीयकरण हुन सकेको छैन भने कतिपय तथ्याङ्कीय विवरण प्राप्त गर्न आवधिक सर्वेक्षण लामो समयदेखी हुन नसकेकोले तथ्याङ्क अध्यावधिक हुन सकेको देखिएन। दिगो विकासको लक्ष्य हाँसिल गर्न प्रदेश सरकार र मातहत निकायहरूको योजना तर्जुमा, कार्यान्वयन तथा हरेक कार्यक्रम सञ्चालन गर्दा दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२५. **मानव विकास सूचकाङ्कमा गण्डकी प्रदेश -** राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको राष्ट्रिय सूचकाङ्क, गण्डकी प्रदेशको सूचकाङ्क र ७ प्रदेश मध्ये गण्डकी प्रदेशको स्थान निम्नानुसार छ।

सूचकाङ्क (Index)	नेपाल	गण्डकी प्रदेश	प्रदेशमा स्थान	राष्ट्रिय सूचकाङ्कको तुलनामा
मानव विकास सूचकाङ्क	०.५८७	०.६१८	दोस्रो	राम्रो
असमानता समायोजित मानव विकास सूचकाङ्क	०.४३९	०.४४१	दोस्रो	राम्रो
लैंगिक विकास सूचकाङ्क	०.८९६	०.८८६	छैटौं	नराम्रो
लैंगिक असमानता सूचकाङ्क	०.४७९	०.४६	तेस्रो	राम्रो
बहुपक्षीय गरिबी सूचकाङ्क	२८.६	१४.२	दोस्रो	राम्रो

मानव विकासका ५ सूचकाङ्क मध्ये ४ सूचकाङ्कमा गण्डकी प्रदेशको स्थान राष्ट्रिय सूचकाङ्क भन्दा राम्रो रहेको छ भने ७ प्रदेश मध्ये ३ सूचकाङ्कमा दोस्रो, एकमा तेस्रो र एकमा छैटौं स्थानमा रहेको छ। मानव विकास सूचकाङ्कमा थप सुधार गर्न प्रदेशको नीति तथा कार्यक्रमद्धारा सम्बोधन गर्नुपर्दछ।

२६. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। प्रदेश सरकारले रू.१० अर्ब १८ करोड ८१ लाख ४९ हजार रकमान्तर गरेको देखिन्छ । जस मध्ये आषाढ महिनामा मात्र रू.२ अर्ब ३१ करोड ५४ लाख ३३ हजार रकमान्तर गरेको छ भने सो मध्ये आषाढ २५ गतेमात्र रू.३८ करोड ८९ लाख १९ हजार रकमान्तर गरेको देखिन्छ। साथै बजेट विनियोजन नभएको शीर्षकमा ४ हजार ३६४ आयोजनाको लागि रू.६ अर्ब १९ करोड ६८ लाख २५ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। सो मध्ये ७ केन्द्रीय निकायमा बजेट विनियोजन नभएको खर्च शीर्षकमा रू.८ करोड २० लाख रकमान्तर गरी रू.७ करोड ८८ लाख ४६ हजारमा १२ सवारी साधन खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा अस्वभाविक रुपमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

२७. **लेखापरीक्षण बक्यौता** - विगत वर्ष लेखापरीक्षण हुन नसकी बक्यौता रहेको जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दीको विनियोजनतर्फ रू.१ करोड ७१ लाख ७ हजार, राजस्व तर्फ रू.१० हजार र धरौटी तर्फ रू.९ लाख ३६ हजार समेत रू.१ करोड ८० लाख ५३ हजारको यो वर्ष पनि लेखापरीक्षण भएको छैन । यस सम्बन्धी व्यहोरा अनुसूची -२(क) मा उल्लेख छ ।

प्रदेश सरकारको विगत ५ वर्षको अवस्था समग्र व्यहोरा

१. **विनियोजन तथा खर्च** - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा मन्त्रालयले बजेट प्रस्ताव गर्दा तोकिएको खर्चको मापदण्ड अनुसार गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयगत रुपमा प्रदेश सरकारको आर्थिक वर्ष २०७४।७५ देखि हालसम्म बजेट तथा खर्चको स्थिति निम्नानुसार रहेको छ।

(रु. लाखमा)

आर्थिक वर्ष	विनियोजन			खर्च			खर्च प्रतिशत		
	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा
२०७४।७५	४८०४	५४०१	१०२०५	१४४८	१५०६	२९५४	३०.१४	२७.८८	२८.९५
२०७५।७६	८११५५	१५९०७८	२४०२३३	५२११०	८७१७०	१३९२८०	६४.२१	५४.८०	५७.९८
२०७६।७७	१२२८५८	१९८४९०	३२१३४८	६४२६९	१३९८६७	२०४१३६	५२.३१	७०.४७	६३.५२
२०७७।७८	१४८४२७	१९९९९५	३४८४२२	८०२७९	१७५९५६	२५६२३५	५४.०९	८७.९८	७३.५४
२०७८।७९	१२८४४२	१८५०८७	३१३५२९	७५८०१	१४४६३८	२२०४३९	५९.०२	७८.१५	७०.३१
जम्मा	४८५६८६	७४८०५१	१२३३७३७	२७३९०७	५४९१३७	८२३०४४	५६.४०	७३.४१	६६.७१

प्रदेश सरकार तथा अन्तर्गतको कार्यालय संचालनको लागि चालुतर्फ रू.४८ अर्ब ५६ करोड ८६ लाख र पुँजीगत तर्फ रू. ७४ अर्ब ८० करोड ५१ लाख गरी जम्मा रू.१ खर्ब २३ अर्ब ३७ करोड ३७ लाख विनियोजन भएकोमा चालु तर्फ रू.२७ अर्ब ३९ करोड ७ लाख र पुँजीगत तर्फ रू.५४ अर्ब ९१ करोड ३७ लाख गरी जम्मा रू.८२ अर्ब ३० करोड ४४ लाख खर्च गरेको देखिन्छ। प्रदेश सरकारले चालु खर्चतर्फ औषतमा ५६.४० प्रतिशत र पुँजीगत खर्चतर्फ ७३.४१ प्रतिशत र समग्रमा ६६.७१ प्रतिशत खर्च लेखेको देखियो। उल्लेखित तालिका वमोजिम प्रदेश सरकारको बजेट कार्यान्वयन दक्षतामा कमी देखिएकोले यसमा सुधार हुनु जरुरी छ ।



२. आन्तरिक राजस्व परिचालन प्रदेश सरकारबाट विगत ५ वर्षमा राजस्व तर्फ निम्नानुसार लक्ष्य राखी असुली भएको छ ।

(रू. लाखमा)

आर्थिक वर्ष	राजस्व लक्ष्य		असुली		असुली प्रतिशत	
	कर राजस्व	अन्य राजस्व	कर राजस्व	अन्य राजस्व	कर राजस्व	अन्य राजस्व
२०७४।७५	०	०	२	०	०.००	०.००
२०७५।७६	६५७६०	२००००	६४८८६	२२१३५	९८.६७	११०.६८
२०७६।७७	१०८१०६	५७२०	५४१४७	१९५९३	५०.०९	३४२.५३
२०७७।७८	९०५५३	३८२७०	८४१९८	१३८९६	९२.९८	३६.३१
२०७८।७९	९७५२२	४३७४८	९६९०२	१६०७७	९९.३६	३६.७५
जम्मा	**३६१९४१**	**१०७७३८**	**३००१३५**	**७१७०१**	८२.९२	६६.५५

प्रदेश सरकारले ५ वर्षको अवधिमा कर राजस्वतर्फ रू.३६ अर्ब १९ करोड ४१ लाख राजस्व लक्ष्य राखेकोमा रू.३० अर्ब १ करोड ३५ लाख असुली गरेको छ । यसरी कर राजस्व असुली लक्ष्यको तुलनामा ८३ प्रतिशत देखिन्छ । त्यस्तै अन्य राजस्वतर्फ रू.१० अर्ब ७७ करोड ३८ लाख लक्ष्य राखेकोमा रू.७ अर्ब १७ करोड १ लाख असुली गरेको छ। यसरी अन्य राजस्व लक्ष्यको तुलनामा ६६.५५ प्रतिशत रहेको छ ।

३. **लेखापरीक्षणको समष्टिगत स्थिति -** प्रदेश सरकारको विगत ५ वर्षमा विभिन्न सरकारी कार्यालयको रू.१ खर्ब २७ अर्ब ५५ करोड ४२ लाख र विभिन्न समिति तथा अन्य संस्थाको रू.७ अर्ब ८० करोड ३८ लाख गरी जम्मा रू.१ खर्ब ३५ अर्ब ३५ करोड ८० लाखको लेखापरीक्षण गरिएको छ।

(रु.लाखमा)

आर्थिक वर्ष	सङख्या			लेखापरीक्षण रकम		
	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा
०७८।७९	१७४	१३	१८७	१७४	१३	३९८६६७
०७७।७८	१५५	१२	१६७	१५५	१२	४०५५५४
०७६।७७	१४३	१०	१५३	१४३	१०	३०७४६९
०७५।७६	१३९	१०	१४९	१३८	१०	२३८९२७
०७४।७५	१०	०	१०	१०	०	२९६३
जम्मा						**१३५३५८०**

४. **अद्यावधिक बेरुजु स्थिति -** यस प्रदेश अन्तर्गत प्रदेश कार्यालयतर्फको विगत ५ वर्षको लेखापरीक्षण र बेरुजु अंङ्कको विवरण निम्नानुसार रहेको छः

रू.लाखमा

आर्थिक बर्ष	लेखापरिक्षण अंक	बेरुजु	लेखापरीक्षण अंकको तुलनामा बेरुजु	अधावधिक बेरुजु
२०७८।०७९	३९९०९३	४९३५	१.२४	२१४४५
२०७७।०७८	४०५५५४	५१५४	१.२७	१७८९८
२०७६।०७७	३०७४६९	६०४१	१.९६	१५३९७
२०७५।०७६	२३८९२७	१६४४७	६.८८	१६४४८
२०७४।०७५	२९६३	५	०.१७	५
जम्मा रकम	**१३५३५८०**	**३२६०३**	**२.४१**	**६९७२९**

मन्त्रालय र मातहतको ५ वर्षमा रू.२ अर्ब १४ करोड ४५ लाख बेरुजु बाँकी रहेको छ। बेरुजु फर्स्यौंट कार्यमा तदारुकता ल्याई आर्थिक अनुशासन पालना गर्नुपर्दछ।

५. **प्रदेश सरकारको उपलब्धि -** नीतिगत, कानुनी, संस्थागत तथा संरचनागत व्यवस्था गरी प्रदेश सरकारले नियमित, आकस्मिक, विकासात्मक तथा सेवा प्रवाह जस्ता क्रियाकलापबाट विगत ५ वर्षको उपलब्धि देहायबमोजिम हासिल गरेको छ ।

- भौतिक पुर्वाधार विकास क्षेत्र अन्तर्गत पक्की सडक ५१० कि.मि. र ग्राभेल सडक ५३० कि.मि. निर्माण, सडक पुल ७२ वटा, र झोलुङ्गे पुल ५१ वटा निर्माण गरेको, ४ लाख ८७ हजार ८१६ हेक्टर खेतियोग्य जमिन मध्ये १ लाख ३३ हजार ८३७ हेक्टर अर्थात ३६.१ प्रतिशतमा सिचाई पुगेको, कुल जनसंख्या २४ लाख ७५ हजार ४१३ रहेकोमा आधारभुत खानेपानी पहुँच पुगेको जनसंख्या ९३.७४ प्रतिशत रहेको, उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत, ५ लाख ७४ हजार ७९८ घरधुरीमा बिद्युत सुविधा पुगेको जस्ता उपलब्धि हासिल गरेकोछ।
- शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामजिक विकास क्षेत्र अन्तर्गत ४१ वटा प्राविधिक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव तथा शैक्षिक सामग्री एवं शैक्षिक उपकरण व्यवस्थापन भई १ हजार २३० जना विद्यार्थीले प्रयोगात्मक रुपमा सिक्ने अवसर प्राप्त गरेका, २४ प्रकारका लोपोन्मुख लोकबाजा संरक्षण गरिएको, ११० जना महिलालाई उद्यमशीलता प्रवर्द्धनको लागि वस्तुगत पूँजी प्रविधि वापतको अनुदान रकम उपलब्ध गराई सिप विकास तथा उद्यमशिलता प्रबर्द्धन गरेको छ । नागरिकको दिवा समयलाई सहज, रचनात्मक तथा सिर्जनात्मक बनाउन प्रदेशभित्र १५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माण भएको छ। प्रदेशको साक्षरता ७० प्रतिशत पुगेको छ।
- आर्थिक क्रियाकलपका क्षेत्र अन्तर्गत संघीय सरकार तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा अनुदान प्राप्ती एंव उपयोग, खर्च व्यवस्थापन र राजश्व वाँडफाँड एंव परिचालन गरी समग्र प्रदेशको नियमित आकस्मिक एंव विकासात्मक कार्य गरेको छ ।
- भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण क्षेत्र अन्तर्गत प्रदेश गौरवको आयोजना मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाँउ कार्यक्रम र स्याउ विशेष आयोजना कार्यान्वयनका अतिरिक्त मोडेल फार्म स्थापना, एक सहकारी एक उत्पादन सहयोग कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, प्राङ्गारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम, कोल्ड स्टोर निर्माण, फलफूल विरुवा तथा विउ आलु उत्पादनको लागी तन्तु प्रजनन् प्रयोगशाला स्थापना सहयोग कार्यक्रम र कित्तानापी नक्सामा नियन्त्रण विन्दु स्थापना कार्यक्रम सञ्चालनमा ल्याई कृषि उत्पादन र उत्पादकत्वमा उपलब्धी हासिल गरी वार्षिक औसत २.४ प्रतिशतले उत्पादन बढेको देखिन्छ। माटो जाँच उपचार सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्धाधान, वाली तथा पशुधन वीमा, प्रत्यक्ष अनुदान वितरण लगायतका ९ लाख १५ हजार ६६९ सेवा उपलब्ध गराएको छ ।

- वन, वातावरण तथा भू-संरक्षण क्षेत्र अन्तर्गत एक स्थानीय तह एक उद्योगग्रामको नीति अनुरुप २५ वटा स्थानीय तहमा नेपाल सरकारले उद्योग ग्राम घोषणा गरेको, विभिन्न नर्सरीबाट ८४ लाख ४३ हजार ४१३ विभिन्न प्रजातिका एकबर्षीय र बहुबर्षीय बिरुवा उत्पादन गरी सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपणका लागि निःशुल्क रुपमा वितरण गरेको, ८ लाख ६१ हजार हेक्टर वनको संरक्षण कार्य गरेको, समुदायको सक्रिय सहभागितामा वनको व्यवस्थापन र उपयोग कार्य गरेको छ।
- शासकिय सुधार क्षेत्र अन्तगर्त सूचना प्रविधि पार्क निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने उद्देश्यले सुचना प्रविधि पार्क निर्माण कार्यको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरेको छ । त्यसै गरी विद्यूतीय सुशासन गुरुयोजना, व्यवसाय जीवन रक्षाकोष कार्यक्रम, प्रदेश प्रशासन सुधार कार्यक्रम कार्यान्वयन लगायत शासकिय सुधार गरेको छ ।

६. **कार्यसम्पादनमा सहजता ल्याउन गर्नुपर्ने सुधार** - सार्वजानिक जवाफदेहिता पारदर्शिता र वित्तीय अनुशासनको माध्यमबाट प्रदेश सरकारको कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश सरकारको एकचक्र पुरा भइसकेको छ । तथापी स्रोत साधनको प्राप्ति र परिचालन विकास, निर्माण सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सुशासनयुक्त प्रदेश सरकार बनाउन नीति निर्माण, वित्तीय व्यवस्थापन, आयोजना संचालन, सार्वजनिक कानूनको परिपालना गरी खरिद र खर्च व्यवस्थापन परामर्शदाता माथिको निर्भरता न्यून गर्ने, मापदण्डमा आधारित अनुदान वितरण, सार्वजनिक सम्पतिको उचित अभिलेख परिचालन एवं व्यवस्थापन, कार्यबोझको आधारमा संगठनात्मक संरचना र दरबन्दी व्यवस्थापन गरेर सेवा प्रवाहमा सरलीकरण, निर्मित संरचनाको गुणस्तर र टिकाउपना कायम गर्दै प्रतिवेदन र अनुगमनमा जवाफदेहिता ल्याई समग्र प्रदेश सरकार संचालन एवं व्यवस्थापन गर्नु जरुरी छ ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम गण्डकी प्रदेशमा ६० सदस्यीय प्रदेश सभा गठन भएको छ। त्यसैगरी धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन, व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ ।

यो वर्ष सचिवालयको विनियोजन रू.१३ करोड १७ लाख ४२ हजार, राजश्व रू.४ लाख ६१ हजार तथा धरौटी रू.२३ लाख १५ हजार समेत रू.१३ करोड ४५ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कानुन निर्माण** - प्रदेश सभाको आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म १० वटा अधिवेशन बसी सभामा कानुन निर्माणको लागि ६२ विधेयक दर्ता भएको मध्ये ५९ विधेयक पारित भई ३ बाँकी रहेका छन् ।

२. **निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा समिति लगायतका समितिको गठन गरेको छ । यसरी गठन भएका समितिहरूले आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्मको अवधिमा विभिन्न ८५१ निर्णयहरू गरेको छ। समितिका निर्णय एवं निर्देशनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गरेको छैन । निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

३. **कर्मचारी दरबन्दी र पदपूर्ति** - सचिवालय अन्तर्गत ३६ कर्मचारी दरबन्दी रहेकोमा २९ पदपूर्ति भई २-उपसचिव समेत ७ पद रिक्त छन् । दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ।

४. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। प्रदेश सभा सचिवालयले आषाढ महिनामा रू.१० लाख रकमान्तर गरेको छ भने बजेट विनियोजन नभएको खर्च शीर्षकमा ५ आयोजनाको लागि रू.३ करोड १७ लाख १४ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट विनियोजन नभएको खर्च शीर्षकमा रू.२ करोड ८० लाख रकमान्तर गरी ४ सवारी साधन रू.२ करोड ३४ लाख ७१ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति** - सचिवालयको यो वर्षको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत २ कार्यालयको विनियोजन रू.७३ करोड ४१ लाख ७४ हजार, राजस्व रू.२१ हजार, धरौटी रू.२ लाख ७३ हजार र अन्य कारोबार रू.६ करोड ५७ लाख ४८ हजार समेत रू.८० करोड २ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषदबाट आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मको अवधिमा १६७ बैठक सञ्चालन गरी ९८१ निर्णय भएका छन्। ती निर्णयहरूको कार्यान्वयन सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । अनुगमनको अभावमा निर्णय कार्यान्वयनको अवस्था जानकारी हुनसक्ने अवस्था छैन। मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनु पर्दछ ।

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी तोकिएको मध्ये प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा एवं कार्यान्वयन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य हुन बाँकी रहेको छ। कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

३. **अनुगमन मूल्यांकन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्यांकन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्यांकन गरी सोको प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रू.७८ लाख ९५ हजार खर्च गरेको छ। कार्यालयले अनुगमन मूल्यांकन सूचकाङ्क तयार गरी सोही आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्यांकन गरी प्रतिवेदन तयार गरेको छैन। प्रतिवेदन तयार गरी कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

४. **कर्मचारी व्यवस्थापन** - प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १७५ सरकारी निकायमा ३ हजार १७८ कर्मचारी दरबन्दी रहेकोमा २ हजार २९५ पदपूर्ति भई ८८३ रिक्त रहेको छ । पदपूर्ति मध्ये ७२९ जना करारसेवामा कार्यरत छन्। स्वीकृत दरबन्दीको तुलनामा २७.७८ प्रतिशत जनशक्ति रिक्त रहेकोले सरकारी निकायहरूको सेवा प्रवाहमा असर पर्ने देखिएको छ । प्रदेश सरकारको कार्य व्यवस्थित तरिकाले सञ्चालनको लागि दरबन्दी अनुसार पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

५. **कार्यसम्पादन करार** - प्रदेश सरकारको समृद्ध प्रदेश र सुखी नागरिक भन्ने दीर्घकालिन सोच, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकार (कार्य सम्पादन नियमावली), २०७४ ले तोकेको कार्य जिम्मेवारी र प्रदेश सुशासन ऐन, २०७६ समेतको व्यवस्थालाई आत्मसाथ गर्न मन्त्रालयले लक्ष्य अनुसारको वार्षिक प्रगति हासील गर्न मुख्यमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सचिवसँग, सचिवले महाशाखा प्रमुखसँग, महाशाखा प्रमुखले शाखा प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी कार्य सञ्चालन तथा सम्पादन सम्झौता गर्नुपर्ने व्यवस्था अनुसार मुख्यमन्त्रीले मन्त्रीसँग कार्य सम्पादन करार गरेको उल्लेख गरेतापनि सम्झौता अनुसारको कार्य प्रगति पेश गरी/गर्न लगाई मूल्यांकन भएको छैन। सम्झौता अनुसारको अनुगमन तथा मूल्यांकन नगर्दा कार्यसम्पादन प्रभावकारी भए नभएको एकीन हुँदैन। कार्यसम्पादन सम्झौता गर्ने र सो को कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्यांकन गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

६. **वित्तीय तथा भौतिक प्रगति** - प्रदेश सरकार अन्तर्गत सञ्चालित आयोजनाहरूको कार्यान्वयनको भौतिक प्रगतिका आधारमा ४२ प्रतिशत आयोजनाहरूको भौतिक प्रगति ९० प्रतिशत भन्दा बढी, १३ प्रतिशत आयोजनाहरूको भौत्तिक प्रगति ४० प्रतिशत भन्दा कम र १३ प्रतिशत आयोजनाहरू शुरु नै हुन सकेका छैनन्। चालुतर्फ रू.१२ अर्ब ८४ करोड ४२ लाख १० हजार बजेट विनियोजन भएकोमा ५९.०१ प्रतिशत,**पुँजीगत** तर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार बजेट विनियोजन भएकोमा ७८.१५ प्रतिशत र समग्रमा रू.३१ अर्ब ३५ करोड २८ लाख ८५ हजार बजेट मध्ये ७०.३१ प्रतिशत वित्तीय प्रगति भएको ले विनियोजन दक्षता प्रभावकारी देखिएन । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आवश्यक अनुगमन, मूल्यांकन, सहजीकरण तथा समन्वय गरी बजेट अनुसार खर्च गर्नु तथा गराउनु पर्दछ।

७. **प्रदेश विकास परिषद** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ९ मा आयोगले तर्जुमा गरेको नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सरकारी र निजी क्षेत्रका व्यक्तिहरू सदस्य रहने गरी प्रदेश विकास परिषद गठन भएको छ। आदेशको बुँदा नं. १० मा परिषदको बैठक आवश्यकता अनुसार बस्ने व्यवस्था भएता पनि हालसम्म परिषदको बैठक बसेको छैन्। प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रादेशिक योजनाबारे छलफल गर्ने, प्रदेश विकासका प्रमुख योजनाहरू पारित गर्ने, प्रदेश सरकारलाई विकासका नीतिहरू र प्रदेश गौरवका आयोजनाहरू, रुपान्तरणकारी आयोजनाहरू तथा महत्वपुर्ण विकास आयोजनाहरू सञ्चालनको लागि सुझाव जस्ता महत्वपुर्ण जिम्मेवारी भएको परिषदको बैठक नबस्दा उपरोक्त कामहरू भएका छैनन्। नियमानुसार बैठक बसी

प्रदेशका विकास आयोजनाहरूको बारेमा छलफल गरी भएका निर्णयहरू कार्यान्वयन गर्न गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो भुमिका निर्वाह गर्नुपर्दछ ।

८. **प्रदेश समन्वय परिषद् -** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ र २५ मा क्रमशः प्रदेश तथा स्थानीय तहबिच वा प्रदेशभित्रका एक भन्दा बढी जिल्लाभित्रका स्थानीय तहबिचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषदको बैठक वर्षको कम्तिमा एक-पटक बस्ने व्यवस्था भएकोमा यो वर्ष बैठक बसेको छैन। परिषदले प्रदेश तथा स्थानीय निकायहरू बिचका साझा अधिकार क्षेत्रका विषयमा उत्पन्न विवाद समाधानको लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ।

९. **प्रदेश विकास समस्या समाधान समिति -** प्रदेश तथा स्थानीय तहमा सञ्चालित विकास कार्यक्रम र आयोजनाहरू कार्यान्वयन गर्दा देखा परेका नीतिगत, व्यवहारगत, कानूनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था छ। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठन भएको उक्त समितिको बैठक आर्थिक वर्ष २०७८।७९ मा ३ पटक बस्ने कार्यक्रम रहेकोमा २ पटक मात्र बसेको छ। ती बैठकहरूमा प्रदेश कार्यालयहरूको लागि भवनको अभाव भएको, स्थानीय तहमा पठाईएको सशर्त, विशेष र समपुरक अनुदानको प्रगति तथा बाँकी रहेको रकम स्थानीय तहले फिर्ता नपठाउने गरेको, आयोजनाहरूको अनुगमन तथा मूल्यांकन प्रभावकारी नभएको, विपद व्यवस्थापनको लागि बजेटको अभाव हुने गरेको, स्रोतको आँकलन नगरी बहुवर्षीय आयोजना थप्ने प्रवृत्ति रहेको, सवारी चालक अनुमतिपत्रको परीक्षा माग बमोजिम गर्न नसकिएको लगायत पहिलो बैठकले ९ वटा र दोस्रो बैठकले ८ वटा समस्याहरूको सम्बन्धमा छलफल गरी निर्णय गरेको छ। पहिलो बैठकमा निर्णय भई कार्यान्वयन गर्नुपर्ने ९ विषयहरू मध्ये ४ विषयहरू दोस्रो बैठकमा पुनः निर्णय भएका छन्। यसले निर्णयको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रदेश तथा स्थानीय तहहरूले झेल्नु परेका समस्याहरूको सहि पहिचान, निर्णय कार्यान्वयनमा जिम्मेवार निकाय, बजेट आवश्यक भए स्रोतको व्यवस्था, अनुगमन संयन्त्र तथा परिचालनको व्यवस्था सहितको निर्णय तथा सोको प्रभावकारी अनुगमन तथा मूल्यांकन गरी समितिको काम कारबाहीलाई प्रभावकारी बनाउनु पर्दछ।

१०. **तहगत दोहोरो संरचना -** संघीय व्यवस्था अनुरुप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्नेकार्य र साझा रुपमा गर्ने कार्य स्पष्ट रुपमा उल्लेख गरिएको छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएको छ। जस्तै कास्कीमा भवनतर्फको संघीय आयोजना कार्यान्वयन इकाई रहेकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेशमा शहरी विकास तथा भवन कार्यालयको स्थापना गरेको छ। संघीय संरचनाको सुरुवात हुनुपूर्व कास्कीमा "यातायात व्यवस्था कार्यालय गण्डकी" एउटा कार्यालय रहेकोमा हाल प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय सवारी र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र गरी २ वटा कार्यालयको संरचना खडा गरेको छ। यसबाट समग्र शासकीय प्रणालीको खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना हुने तर्फ विचार गरेको देखिएन। स्थानीय

तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेश स्तरमा स्थापना भएका उदाहरणहरू निम्नानुसार छन्:

बिषयगत कार्यालय	संघ	प्रदेश
सडक सिँचाई तथा पूर्वाधार	सडक डिभिजन, कास्की	पूर्वाधार विकास कार्यालयहरू ११
	रुपाताल संरक्षण एकीकृत विकास परियोजना	जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरू ११
कृषि	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	कृषि ज्ञान केन्द्र ११
विषयगत कार्यालय	**प्रदेश**	**स्थानीय तह**
कृषि	कृषि ज्ञान केन्द्र	कृषि कार्यक्रम हस्तान्तरण (कृषि शाखा)
घरेलु	घरेलु तथा साना उद्योग कार्यालय	घरेलु कार्यक्रम हस्तान्तरण
स्वास्थ्य	स्वास्थ्य कार्यालय	स्वास्थ्य कार्यक्रम हस्तान्तरण (स्वास्थ्य शाखा)
विषयगत कार्यालय	**संघले खारेज गरेको कार्यालय**	**प्रदेशले स्थापना गरेको कार्यालय**
वन	क्षेत्रीय वन निर्देशनालय	वन निर्देशनालय तथा डिभिजन वन कार्यालय ११
कृषि	क्षेत्रीय कृषि निर्देशनालय	कृषि विकास निर्देशनालय, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय
सडक	क्षेत्रीय सडक निर्देशनालय	यातायात पूर्वाधार निर्देशनालय
शिक्षा	क्षेत्रीय शिक्षा निर्देशनालय	शिक्षा निर्देशनालय
स्वास्थ्य	क्षेत्रीय स्वास्थ्य निर्देशनालय	स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय ११ र अस्पताल १०

स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा बृद्धि हुने जस्ता अवस्था देखिन्छ। संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दोहोरो संरचना खारेज गरी सरकारी कार्यालयहरूको संरचनालाई मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ।

११. **व्यवसाय जीवन रक्षा कोष -** प्रदेश सरकारले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ लागु गरेको छ। कार्यविधि अनुसार छनौट भएका उद्यमी तथा व्यवसायीहरूलाई वाणिज्य बैंकहरूले अधिकतम १५ लाखसम्म ऋण उपलब्ध गराउने र सोमा लाग्ने ३ वर्षसम्मको ब्याज नेपाल राष्ट्रबैंक मार्फत् कोषले वाणिज्य बैंकहरूलाई उपलब्ध गराउने व्यवस्था छ। हालसम्म १ हजार ४३३ जना व्यवसायीहरू छनौट भई रू.१ खर्ब ६२ करोड ९८ लाख ऋण प्रवाह भएको छ। तर ब्याज बापत पहिलो र दोस्रो वर्ष रू.१/१ अरब बजेट विनियोजन गरिएता पनि विगत वर्षमा शोधभर्ना खातामा जम्मा गरिएको रू.२५ करोड पनि खर्च भएको छैन्। हाल सम्मको ऋण प्रवाह र ब्याज खर्चको विश्लेषण गर्दा प्रदेश सरकारको तयारी र अपेक्षा अनुसार उद्यमी तथा व्यवसायीले यस कार्यक्रमबाट लाभ लिन नसकेको देखिन्छ। कार्यविधिको शर्तहरू जटिल हुनु, कार्यक्रमबारे प्रचार प्रसारको कमी लगायतको कारणले अपेक्षा अनुसार कार्यक्रम सफल नभएको अवस्था रहेको छ। कार्यक्रमको सन्दर्भिकता अझै बाँकी रहेकोले कार्यविधि सरलीकरण, प्रचार प्रसार, वाणिज्य बैंकहरू सँगको सहकार्यमा जोड दिई कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१२. **पर्यटन काज -** गण्डकी प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई बिदा-पर्यटनको माध्यमबाट उत्प्रेरित गरी जिम्मेवारीप्रति उत्साह बढाउन तथा प्रदेशभित्रको भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सास्कृतिक एंव ऐतिहासिक पर्यटकीय स्थलहरूको उजागर गरी आन्तरिक पर्यटनलाई प्रभावकारी औजारको रुपमा प्रवर्द्धन गर्न बिदा-पर्यटन सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ। सो अनुरुप यो वर्ष गण्डकी प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत १२ मन्त्रालयका १३९ र मातहतका कार्यालयहरूका ३७८ गरी ५१७ जना कर्मचारीलाई बिदा पर्यटन कार्यक्रम बापत रू.२ करोड ४० लाख १२ हजार खर्च गरेको छ। हालसम्मको कार्यक्रम कार्यान्वयनबाट कर्मचारी उत्प्रेरणा स्तरमा देखिएको प्रभावको मूल्यांकन र त्यसबाट परेको प्रभावको सम्बन्धमा मूल्यांकन गर्नुपर्दछ।

१३. **विद्युतीय सुशासन आयोजना -** मुख्यमन्त्री कार्यालयबाट ई-गभरनेन्स लागु गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने उद्देश्यले घोषणा भएको विद्युतीय सुशासन आयोजना अन्तर्गत गत वर्ष रू.१८ लाख १३ हजार खर्च गरी विद्युतीय सुशासन गुरुयोजना तयार गरिएको छ। E- Governance Master Plan अनुसार सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई प्रदेशलाई डिजिटल प्रदेशको रूपमा विकास गर्न विद्युतीय गण्डकी प्रदेश (Digital Gandaki Province) को अवधारणापत्र स्वीकृत गरी प्रदेश गौरवको आयोजनाको रुपमा कार्य अगाडि बढाइएको छ। सो बमोजिम यस कार्यालयले प्रदेशका सबै कार्यालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमको प्रगतिको अनुगमन, जनताको गुनासो सुन्न तथा पृष्ठपोषण लिन एक्सन रुम, जनतासँग मुख्यमन्त्री कार्यक्रम र हेलो मुख्यमन्त्री कक्ष सञ्चालन, प्रदेशमा कार्यरत निजामती कर्मचारीको व्यक्तिगत अभिलेख प्रणाली सफ्टवेयर निर्माण गरी तथ्याङ्क प्रविष्टि गरेको उल्लेख छ। यस प्रयोजनको लागि यो वर्ष रू.४३ लाख ४० हजार खर्च गरेको छ। सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गुरुयोजनामा भएका बाँकी कामहरूलाई योजनाबद्ध रुपमा अगाडि बढाउनुपर्दछ।

१४. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। कार्यालयले बजेट विनियोजन नभएको शीर्षकमा २६६ आयोजनाको लागि रू.९३ करोड ४९ लाख १ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट नभएको खर्च शीर्षकमा रू.२ करोड १५ लाख रकमान्तर गरी २ सवारी साधन रू.१ करोड ४४ लाखमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

१५. **दरबन्दी तथा पदपुर्ती -** प्रतिष्ठानको स्वीकृत कर्मचारी दरबन्दी २० रहेकोमा ८ पदपूर्ति भई १२ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा प्रतिष्ठानको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ ।

१६. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २५ मा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानको चालु तर्फको प्रगति ४०.३९ प्रतिशत,पुँजीगत

तर्फको ४९.७९ प्रतिशत र औषतमा ४५.०९ प्रतिशत मात्र प्रगति रहेको छ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अभिमुखीकरण, तालिम प्रभावकारिताको मूल्यांकन, स्थानीय तहको सुशासन कार्यविधि निर्माणको लागि अभिमुखीकरण लगायत रू.१ करोड ९ लाख बजेटको ७ कार्यक्रमहरू सञ्चालन भएको पाईएन। रू.१ करोड २७ लाख ५० हजार बजेटको स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने कार्यक्रमको प्रगति ४१ प्रतिशत, रू.३३ लाख बजेट भएको कार्य स्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिताको निर्माण कार्यक्रमको प्रगति १०.८७ प्रतिशत मात्र रहेको छ। लक्ष्य अनुसार प्रगति हाँसिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१७. **नर्म्स -** भ्रमण खर्च नियमावली, २०६४ को दफा १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले तोकिएबमोजिम दैनिक तथा भ्रमण खर्च भुक्तानी पाउने व्यवस्था छ। प्रतिष्ठानद्धारा विभिन्न तालिममा सहभागी कर्मचारीहरूलाई तालिमको पुरा अवधिको दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी गर्नुको साथै तालिम अवधिभर खाना तथा खाजा समेत उपलब्ध गराउने गरेको छ। विभिन्न १२ तालिम कार्यक्रममा दैनिक भत्ता बापत कुल रू.३२ लाख १४ हजार र खाना/खाजा बापत रू.२३ लाख ४ हजार खर्च भएको छ। यसरी एउटै प्रयोजनको लागि दोहोरो खर्च गर्दा बढी व्ययभार पर्ने देखिन्छ। यस सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गरी तालिमलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ।

- **बेरुजु स्थिति -** कार्यालयमा यो वर्ष रू.१ करोड ७९ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनबाट फर्स्यौंट नभएकोले सो बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च -** आर्थिक वर्ष २०७४।७५ देखि २०७८ ।७९ सम्म यस कार्यालयको (५ वर्षको अवधिमा कुल बजेट) कुल बजेट रू.३ अर्ब ८३ करोड ४५ लाख रहेकोमा कुल खर्च रू.१ अर्ब ३३ करोड ६ लाख भएको छ ।उक्त खर्चमध्ये पुँजीगत खर्च रू.४४ करोड ७० लाख र चालु खर्च रू. ८८ करोड ५६ लाख रहेको छ । कुल खर्च मध्ये पुँजिगत खर्च ३३.५९ र चालु खर्चको अंश ६६.५५ प्रतिशत रहेको छ । विगत ५ वर्षको औसत खर्च ३४.७ प्रतिशत रहेको देखिन्छ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार तोकिएका जिम्मेवारी पुरा गर्न यस कार्यालयबाट ५ वर्षको अवधिमा ५९ ऐन, १७ नियमावली, ५ गठन आदेश र २९ कार्यविधि/निर्देशिका तर्जुमा भई कार्यान्वयनमा रहेको, संघिय सरकारको पन्ध्रौं योजनाले राखेको "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकांक्षालाई आत्मसाथ गरी "समृद्ध प्रदेश सुखी नागरिक"को वृहत लक्ष्य सहितको प्रथम पञ्चवर्षीय योजना तयार गरी कार्यान्वयनको चरणमा रहेको, १३ प्रदेश गौरवको र ५ रुपान्तरणकारी आयोजनाहरू पहिचान गरी कार्यान्वयनको चरणमा रहेको, कोभिड महामारी प्रभावित उद्यमी, व्यावसायीलाई व्यवसाय जीवन रक्षा कोष मार्फत सहुलियतपुर्ण कर्जा उपलब्ध गराएको लगायत कार्यहरू गरेको छ ।

नेपालको संविधान प्रदेश सरकारले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत पाँच वर्षको समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

अर्थ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक विश्लेषण गर्ने, आर्थिक नीतिको तर्जुमा गर्ने र सोको कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेश स्तरको श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारिता र गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति मापदण्ड बनाई लागु गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहतका १३ कार्यालयको स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रू.१ अर्ब ६९ करोड ४३ लाख ७ हजार समेत विनियोजन रू.१ अर्ब ७७ करोड ६१ लाख ९५ हजार, राजस्व रू.७ अर्ब ७८ करोड ११ लाख २९ हजार, धरौटी रू.१ करोड ५२ लाख १३ हजार र कार्यसञ्चालन कोष रू.४ करोड ७२ लाख ९१ हजार समेत रू.९ अर्ब ६१ करोड ९८ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका देखिन्छ। यसैगरी प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयारी, सशर्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयारी, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन लगायतको काम हुन बाँकी देखिन्छ। तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ।

२. **समष्टिगत सूचकहरू -** नेपाल सरकारको चालु पञ्चवर्षीय योजना अनुरुप प्रदेश पञ्चवर्षीय योजनाले लक्ष्य प्राप्ति गर्नुपर्ने र प्रदेश पञ्चवर्षीय योजनाको लक्ष्य प्राप्तिको लागि वार्षिक योजनाका क्षेत्रगत लक्ष्य प्राप्ति हुनु पर्ने हुन्छ । प्रदेश नीति योजना आयोगको आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रतिवेदन अुनसार गण्डकी प्रदेशले लिएको लक्ष्य तथा प्रगति सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

लक्ष्य गन्तब्य सूचक	इकाई	०७७।७८ को यथार्थ	०७८।७९ को लक्ष्य	२०७८।७९ अनुमानित प्रगति	प्रदेश पञ्चवर्षीय लक्ष्य (२०८०/८१)	राष्ट्रिय पञ्चवर्षीय लक्ष्य (२०८०/८१)
वार्षिक आर्थिक वृद्धि दर	प्रतिशत	३.५८	७	६.१७	१०.२	९.६
प्रचलित मुल्यमा कुल गार्हस्थ उत्पादन	रु १० लाखमा	३८०४५३	३९१०११	४३१८०२	४६८७९५	५६१५१९
देशको समग्र कुल ग्राहस्थ्य उत्पादनमा प्रदेशको योगदान	प्रतिशत	८.९	८.३	८.९	८.३१	-
मानव विकास सूचकाङ्क	सुचकाङ्क	०.५९	०.६	०.६	०.६५	०.६२४
आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	५६	६५	६५	८३	७०
बहुआयामिक गरिबी	प्रतिशत	१४.२	१२	९	७.३	७.३

खेतीयोग्य जमिनमा वर्षैभरी सिँचाइ सुविधा	प्रतिशत	१३.२	१३.२८	१३.२८	१५.३	५०
प्रतिव्यक्ति खाद्यान्न उत्पादन	(किग्रा)	२३४	२६०	२६०	४००	२५०
विद्युतमा पहुँच पुगेको जनसंख्या	प्रतिशत	९९.२५	१००	१००	१००	९९
साक्षरता दर ५ वर्ष माथिका	प्रतिशत	७८	८३	८३	९५	९६
घरजग्गामा एकल स्वामित्व भएका महिला	प्रतिशत	१९.९	२१	२१	२८	२५
आधारभुत खानेपानी पुगेको परिवार	प्रतिशतत	९३.१	९६.५	९३.७४	१००	९९
प्रादेशिक लोकमार्ग	कि मि	१२५१	१७५१	१७५१	३४५०	१५०००

२.१. वार्षिक आर्थिक वृद्धिदर लक्ष्य ७ प्रतिशत रहेकोमा प्रगति ६.१७ प्रतिशत रहेकोले प्रदेश पञ्चवर्षीय लक्ष्यमा असर पर्ने देखिन्छ । आर्थिक वृद्धि दर उच्च बनाउन उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेगरी विकास कार्यक्रममा खर्च गर्नुपर्दछ ।

२.२. आधारभूत खानेपानी पुगेको परिवार सूचकाङ्क लक्ष्यभन्दा कम प्रगति देखिएकोले नागरिकको गुणस्तरीय जीवनमा असर परेको देखिन्छ।

२.३. गत वर्ष कृषि अनुदानमा रू.६२ करोड ६१ लाख ४५ हजार बजेट विनियोजन भएकोमा रू.२८ करोड ३६ लाख ५७ हजार खर्च गरेको र चालु आर्थिक वर्षमा कृषि अनुदानमा रू.६ करोड ३८ लाख ६५ हजार बजेट विनियोजन भएकोमा रू.५ करोड ११ लाख ६८ हजार खर्च गरेको छ । गत वर्षको तुलनामा पर्याप्त बजेट विनियोजन नगरेको तथा लक्ष्य अनुसार खर्च नभएको कारण खाद्यान्न उत्पादन र आधारभूत खाद्य सुरक्षाको स्थितिमा सुधार भएको पाइएन।

२.४. पुँजीगत तर्फ रू.१८ अर्ब ५२ करोड ९५ लाख बजेट मध्ये ७८.१५ प्रतिशत खर्च गरेको छ। पुँजीगत बजेट खर्चमा वृद्धि गरी दिगो विकासको लक्ष्य प्राप्तिमा ध्यान दिनुपर्दछ। प्रदेश पञ्चवर्षीय योजनाले लिएको लक्ष्य प्राप्तिको लागि आवश्यक बजेट र खर्च गर्ने दक्षताको विकास गरी कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **आय-व्यय** - प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको प्रदेश सञ्चित कोषको विवरण अनुसार गत वर्षको मौज्दात रू.२ अर्ब ८५ करोड ८९ लाख २४ हजार, यस वर्षको कर राजस्व रू.८ अर्ब ८० करोड ९ लाख ३३ हजार, गैर कर राजस्व रू.१ अर्ब ६० करोड ७७ लाख ३८ हजार, अन्य राजस्व रू.८८ करोड ९३ लाख २ हजार र संघीय अनुदान रू.१३ अर्ब ८७ करोड ४४ लाख ८० हजार समेत रू.२८ अर्ब ३ करोड १३ लाख ७७ हजार आयमध्ये रू.१ अर्ब ६५ करोड ६५ लाख १० हजार संघीय सञ्चित कोषमा फिर्ता समेत रू.२३ अर्ब ७० करोड ४ लाख ४४ हजार खर्च भई रू.४ अर्ब ३३ करोड ९ लाख ३३ हजार बचत रहेको छ।

४. **बजेट खर्च** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हाँसिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको विगत तीन वर्षको बजेट, खर्च र बचतको अवस्था निम्नानुसार रहेको छः-

(रू.हजारमा)

आर्थिक वर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक खर्च	फिर्ता तथा समायोजन	बचत
२०७६।७७	३२१३४७९२	२९३७९२९५	२०४१३६१८	२७८३५०४	६१८२१७३
२०७७।७८	३४८४२१६०	२९९६०६४०	२५६२३४१८	१४७८२९८	२८५८९२४
२०७८।७९	३१३५२८८५	२८०३१३७७	२२०४३९३४	१६५६५१०	४३३०९३३

उल्लिखित तालिकाको विश्लेषण गर्दा अनुमानको तुलनामा २०७६।७७ मा ६३.५२ प्रतिशत, २०७७।७८ मा ७३.५४ प्रतिशत र २०७८।७९ मा ७०.३० प्रतिशत खर्च भई तीन वर्षमा औसत खर्च ६९.१२ प्रतिशत भएको छ । बजेटको तुलनामा न्यून खर्च भएको कारण प्रत्येक वर्ष बचत रहन गएको छ। खर्च गर्ने क्षमतामा वृद्धि नभएको कारण बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ। बजेटलाई यथार्थपरक बनाई कार्यान्वयन दक्षता वृद्धि गर्नुपर्दछ।

५. **बजेट अनुमान र प्राप्ति -** प्रदेश सरकारले आर्थिक वर्ष २०७८।७९ मा रू.३१ अर्ब ३५ करोड २८ लाख बजेट अनुमान गरेकोमा रू.२८ अर्ब ३ करोड १३ लाख ७७ हजार (अनुमानको ८२.७५) प्रतिशत प्राप्त भई रू.२२ अर्ब ४ करोड ३९ लाख ३४ हजार (बजेटको ७०.३१) प्रतिशत खर्च गरेको छ । पञ्चवर्षीय योजनामा समृद्धि र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्यहरू प्राप्त गर्नको लागि वार्षिक विनियोजन मध्ये कुल खर्च ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। यस वर्ष विनियोजित बजेट मध्ये चालुतर्फ ९४ र पुँजीगततर्फ ९१ प्रतिशत खर्च गर्ने लक्ष्य मध्यमकालीन खर्च संरचनाले लिएको छ ।चालुतर्फ रू.१२ अर्ब ८४ करोड ४२ लाख १० हजार र पुँजीगततर्फ रू.१८ अर्ब ५० करोड ८६ लाख ७५ हजार बजेट विनियोजन भएकोमा क्रमशः ५९.०१ प्रतिशत र ७८.१५ प्रतिशत मात्र खर्च गरेको छ । वित्तीय व्यवस्थातर्फ रू.२४ करोड व्यवस्था भएकोमा खर्च भएको छैन । कुल प्राप्तिमध्ये रू.१३ अर्ब ८७ करोड ४४ लाख ८० हजार (५३.४७ प्रतिशत) संघीय हस्तान्तरित अनुदान र २ अर्ब ८५ करोड ८९ लाख २४ हजार (११.०१ प्रतिशत) गत वर्षको मौज्दात रहेको छ । आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात देखिएकोले आन्तरिक आय परिचालनमा थप जोड दिदै समृद्धी र सुखका राष्ट्रिय तथा गण्डकी प्रदेशका लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

६. **राजश्व प्रक्षेपण तथा असुली** - बजेट वक्तव्य २०७८।०७९ मा प्रदेशको आन्तरिक राजश्व परिचालनबाट रू.१४ अर्ब १२ करोड ७० लाख आर्जन हुने उल्लेख गरेकोमा रू.११ अर्ब २९ करोड ७९ लाख ७४ हजार अर्थात् ७९.९७ प्रतिशत प्राप्त गरेको छ । प्रदेश सरकारले राजश्वका दिगो एवं नयाँ श्रोत पहिचान गरी राजश्व असुलीमा वृद्धि गर्नुपर्दछ ।

७. **वित्तीय हस्तान्तरण -** यो वर्ष प्रदेश सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट रू.१३ अर्ब २ करोड ९७ लाख प्राप्त हुने लक्ष्य राखेकोमा रू.१३ अर्ब ८७ करोड ८४ लाख अनुदान प्राप्त गरेको छ। वार्षिक बजेटको तुलनामा सशर्त अनुदान १२०.१९ प्रतिशत, समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान शतप्रतिशत प्राप्त भएको छ। वित्तीय हस्तान्तरण अन्तर्गत वार्षिक बजेट अनुमानभन्दा बढी रकम प्राप्त भएको तर रू.३ अर्ब ९७ करोड ८३ लाख (बजेटको ७८.४ प्रतिशत) खर्च भएको छ। खर्च गर्ने दक्षतामा सुधार गर्नुपर्छ।

८. **आयोजना स्वीकृति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९(१) ख अनुसार नयाँ योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दापुँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टायाँई सहितको प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेको छ। आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय उपयुक्तताको आधारमा प्रतिफल समेतको विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको गर्नुपर्दछ। जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ। स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्नेमा मन्त्रालयले उल्लिखित प्रक्रिया पूरा नगरी कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ। कानुनी प्रक्रिया पूरा गरी आयोजना स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ।

९. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारले सभामा पेश गरेको नीति तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ । नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था अध्ययन गर्दा स्थानीय तहसँगको साझेदारीमा नसर्ने रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि एकीकृत जनस्वास्थ्य प्रवर्द्धन, विद्यालय तहमा मातृभाषाको पाठ्यक्रम निर्माण, शैक्षिक तथ्याङ्क व्यवस्थापन, कृषि तथा पशुपंक्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरिने तथा कृषि व्यवसाय गर्न चाहने कृषकलाई बीउबिजन कृषि औजार, अर्गानिक खेती विस्तार गर्न प्राङ्गारिक मल तथा बायोचार उत्पादनलाई प्रोत्साहन, मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने तथा कृषि उत्पादनको बजार सुनिश्चितताका लागि कृषक र व्यापारी बीच अग्रीम करार गर्न प्रोत्साहन, दुध तथा दुग्धजन्य पदार्थको प्रवर्द्धन गर्न प्रादेशिक दुग्ध नीति तर्जुमा, खाद्यान्न आपूर्ति सुनिश्चित गर्न प्रदेश र स्थानीय तहमा खाद्य बैङ्क स्थापना गर्ने नेपाल सरकार र स्थानीय तहसँग सहकार्य, विपन्न परिवारलाई सुपथ मूल्य कार्ड वितरण, प्रदेशमा लगानीमैत्री वातावरण सिर्जना गर्न सार्वजनिक निजी संवाद र सहकार्य , नेपाल सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा विद्युतीय सवारी साधन सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण, सामूहिक र एकीकृत आवास निर्माणका लागि निजी क्षेत्रलाई आकर्षण गर्न आवश्यक नीतिगत व्यवस्था, गैरआवसीय नेपालीले आर्जन गरेको ज्ञान, सीप, पूँजी, प्रविधिलाई प्रदेशको विकासमा उपयोग गर्न तथा स्वरोजगारी प्रवर्द्धन गर्न प्रोत्साहन गरिने जस्ता नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन ।

१०. **अवण्डा बजेट -** अर्थ मन्त्रालयले अर्थ विविधमा रू.३ अर्ब १५ करोड १० लाख बजेट अवण्डाको रूपमा राखेको छ। सोमध्ये भैपरी आउनेपुँजीगततर्फ रू.८५ करोड १ लाख ६८ हजार विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा बजेटमा उल्लेख नगरी खर्च गरेको छ । त्यसैगरी मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले रू.३२ करोड ६० लाख, पर्यटन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले रू.४ करोड ५० लाख, भौतिक पूर्वाधार सहरी विकास तथा यातायात मन्त्रालयले रू.२४ करोड ३४ लाख ५५ हजार, भूमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालयले रू.२२ करोड ११ लाख ६५ हजार, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले रू.३ करोड गरी

जम्मा रू.८६ करोड ५६ लाख २० हजार अबण्डामा बजेट राखेर पटक पटक बाँडफाँड गरी खर्च गरेको बजेट सिद्धान्त विपरित देखिन्छ। यसमा नियन्त्रण गर्नुपर्दछ।

११. **बजेट समर्पण** - बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७८ मा आर्थिक वर्षको दोस्रो चौमासिक अबधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएका वा हुन नसक्ने कार्यक्रमको सम्पूर्ण बजेट चैत्र १ गतेभित्र अनिवार्य रुपमा समर्पण गर्नुपर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा विविध कारणले सन्तोषजनक प्रगति नभएको अवस्थामा उक्त बजेट पूर्ण वा आशिंक रुपमा बजेट समर्पण गरेका छन । समर्पण गरेको बजेटलाई अर्थ मन्त्रालयले अर्थ विविधमा रकमान्तर गरी व्यवस्थापन गरेको छ । अर्थ विविध, स्थानीय तहबाट रकमान्तर गरेको बाहेक ११ मन्त्रालय तथा प्रदेश सभा, प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोगमा रू.१० अर्ब १९ करोड ३५ लाख थप र रू.७ अर्ब ८० करोड ३६ लाख ९७ हजार घट बजेट समर्पण नगरी रकमान्तर गरेको देखिन्छ । जसमध्ये रू.१ अर्ब ५ करोड ४१ लाख ४२ हजार प्रदेश सरकारका विभिन्न ९ निकायबाट समर्पण भएको देखिन्छ । कानुनको पालना गरी बजेट समर्पण र रकमान्तर गर्नुपर्दछ ।

१२. **आयोजनाको म्याद थप** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ५ (३) मा वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना तथा कार्यक्रमलाई समयमै सम्पन्न गर्न आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पूर्ण प्रक्रिया पुरा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतका १५३ बहुवर्षीय योजनाहरू मध्ये २२ वटा आयोजना र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गतका ७६ वटा बहुबर्षिय आयोजना मध्ये ८ वटा आयोजनाको म्याद समाप्त भएता पनि कार्यसम्पन्न भएको देखिदैन । सम्झौता अनुसार समयमा नै कार्यसम्पन्न गर्नु गराउनु पर्दछ ।

१३. **स्रोत सुनिश्चितता** - बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ९ मा बहुवर्षीय ठेक्का स्वीकृत भएका र कार्यान्वयनमा रहेका आयोजनाहरूको लागि बजेट व्यवस्था गरेर मात्र नयाँ आयोजनामा बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्रालय अन्तर्गत रू.९ अर्ब ८२ करोड ५१ लाख ७६ हजार, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत रू.५७ लाख १७ हजार, भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रू.७ करोड २२ लाख १० हजार र स्वास्थ्य तथा जनसङख्या मन्त्रालय अन्तर्गत रू.२२ करोड ३९ लाख १८ हजार गरी जम्मा रू.१० अर्ब ६९ करोड ३० लाख ६१ हजार स्रोत सुनिश्चितताको व्यवस्था मिलाउनु पर्ने प्रगति विवरणमा उल्लेख छ । स्रोतको सुनिश्चतता नहुँदा योजनाहरू अधुरो हुन गई लक्षित उद्देश्य प्राप्तिमा असर पर्ने देखिएकोले स्रोतको सुनिश्चितता प्रदान गर्नुपर्दछ ।

१४. **बहुबर्षीय आयोजना** - वहुवर्षीय आयोजना भनि स्वीकृत गरिएका आयोजनाहरूमा म्याद भित्र कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नु पर्नेमा ११ आयोजनामा आर्थिक वर्ष २०७८।७९ मा बजेट नै विनियोजन गरेको देखिदैन । जसमध्ये ६ वटा योजनाको सम्झौता मिति तथा सम्पन्न गर्नु पर्ने मिति पनि उल्लेख छैन । योजना सम्पन्न गर्न सम्झौता अनुसार रू.५३ करोड ९२ लाख ७८

हजार मध्ये हाल सम्म रू.२० करोड २८ लाख ४२ हजार खर्च गरी रू.३३ करोड ६४ लाख ३६ हजार बजेट आवश्यक पर्नेमा विनियोजन नगरेकोले योजना समयमा नै सम्पन्न नहुने भई कार्य अधुरो रहने तथा लाभग्राही वर्गले लाभ प्राप्तिमा ढिलो हुन जाने देखिन्छ । आवश्यक बजेट विनियोजन गरी समयमा नै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१५. **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेशमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेमा सोही आर्थिक वर्ष भित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष सशर्त, विशेष तथा समपुरक अनुदानतर्फ रू.६ अर्ब ४५ करोड १६ लाख प्राप्त भएकोमा रू.४ अर्ब ७९ करोड ५१ लाख खर्च भई बाँकीरहेको रू.१ अर्ब ६५ करोड ६५ लाख संघीय सरकारलाई २०७९ मसिंर २५ मा फिर्ता गरेको छ । बचत रकम समयमै फिर्ता नगर्नु र बजेटको ठूलो रकम खर्च नगर्नु उचित देखिएन ।

१६. **प्रदेश विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँड गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रू.१ अर्ब ४८ करोड २१ लाख संकलन मध्ये रू.३० करोड ३५ लाख ६ हजार अर्को आर्थिक वर्षमा बाँडफाँड गरेको देखिन्छ। यसरी बाँडफाँड नै नभएको रकमलाई समेत समावेश गरी ६० प्रतिशतले हुन आउने रू.८८ करोड ९३ लाख १ हजार प्रदेश संचितकोषमा आम्दानी बाँधेको छ। वास्तविक आय भएको वर्षमा नै प्रदेश सञ्चितकोषमा आम्दानी बाँध्नुपर्छ ।

१७. **मध्यमकालिन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१७.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ को उपदफा १ अनुसार प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको खर्च संरचना तयार गर्दा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। मध्यमकालिन खर्च संरचना अनुसार आर्थिक वर्ष २०७८।०७९ को लागि रू.३८ अर्ब ३२ करोड ६३ लाख बजेट प्रक्षेपण गरेकोमा रू.३१ अर्ब ३५ करोड २८ लाखको बजेट तर्जुमा गरी रू.२२ अर्ब ४ करोड ३९ लाख मात्र खर्च गरेको छ । २०७९।८० को लागि रू.४२ अर्ब १५ करोड ९० लाख प्रक्षेपण गरेकोमा रू.३५ अर्ब ९० करोड ९० लाखको बजेट निर्माण गरेको देखिन्छ । यसरी पञ्चवर्षीय योजना र वार्षिक योजनाबिच तादम्यता कायम गर्ने, बहुबर्षिय ठेक्का सम्झौता भएका तथा प्राथमिकतामा परेका आयोजनाको लागि स्रोत साधनको सुनिश्चितता गर्नु र विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँडलाई वस्तुपरक र यथार्थपरक बनाउनु यसको उद्देश्य रहेकोमा घट्दो बजेट प्रक्षेपण तथा व्यय अनुमानले सो विषयलाई आत्मसात गरेको देखिदैन । विकास योजनालाई मार्गदर्शनको रुपमा लिई पञ्चवर्षीय योजनाका लक्ष्य हासिल गर्ने कार्यको लागि मध्यमकालिन खर्च संरचना तयार गरिनुपर्दछ ।

१७.२. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ को उपदफा ३ मा मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना र कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार क्षेत्रका ३५, सामाजिक विकास क्षेत्रका ४०, शासकीय व्यवस्था र अन्तरसम्बन्धित क्षेत्रका ५ र आर्थिक मामिला योजना अनुगमन र मूल्यांकन क्षेत्रका ९, आन्तरिक मामिला तथा कानुन क्षेत्रका १ गरी जम्मा ९० आयोजना तथा कार्यक्रमहरूको शुरु र सम्पन्न हुने अवधि तथा लागत खुलाएको पाईएन। कानुनमा भएको व्यवस्थाको प्रभावकारी पालना गर्नुपर्दछ।

१७.३. मध्यमकालीन खर्च संरचनामा दिगो विकासका १७ लक्ष्यमध्ये सामुन्द्रिक श्रोतको उपयोग र दिगो विकासको लागि साझेदारी बाहेक अन्यलाई यो वर्षको बजेटमा रकम विनियोजन गरेको देखिन्छ। सबै प्रकारका गरिबीको अन्त्य र असमानता न्यूनिकरणको लक्ष्य प्राप्तिको लागि क्रमशः रू.१ अर्ब ६९ करोड ७८ लाख र रू.११ करोड ३९ लाख व्यवस्था गरेको छ । गरिबी र असमानता बहुआयामिक विषय भएकोले सो विषयमा कार्यक्रम तथा योजनाबिचको तादाम्यता तथा लगानी सम्बन्धमा केही खुलाएको पाईएन ।

१८. **आन्तरिक ऋण -** घाटा बजेट पूर्ति गर्न रू.१ अर्ब आन्तरिक र रू.१ अर्ब नेपाल सरकारबाट ऋण लिने उल्लेख गरेकोमा उक्त ऋण लिएको छैन साथै आन्तरिक ऋण प्राप्ति गर्नको लागि चाहिने कानुनहरू समेत निर्माण भएको छैन ।

१९. **संघीय कार्यालय तथा स्थानीय तहलाई बजेट -** प्रदेश सरकार विनियोजन ऐन, २०७८ को दफा ५ (१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएकोपुँजीगत बजेट नेपाल सरकारको पूर्व सहमति लिई माघ मसान्तभित्र लेखी आएमा गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयले त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी र सहमति दिनसक्ने र तर प्रशासनिक खर्च तथा चालुतर्फका कार्यक्रम लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराउन नपाईने कानुनी व्यवस्था रहेको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले ४ मन्त्रालयमा विनियोजन गरेको बजेटबाट संघीय कार्यक्रम सञ्चालन गर्न ५३ संघीय कार्यालयलाई रू.८८ करोड ३१ लाख ४७ हजार बजेट निकासा दिएको छ भने स्थानीय सरकारका कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारका ४ मन्त्रालयबाट रू.१४ करोड ३५ लाख बजेट निकासा गरेको छ । यसरी कार्यक्षेत्र बाहिरको निकायहरूलाई बजेट विनियोजन गर्नु उचित देखिएन्। कानुनी व्यवस्था पालना गरी बजेट विनियोजन तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२०. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ४ आयोजनाको लागि रू.१ करोड १० लाख ८० हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन।

प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२१. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ (१) बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ ।

विवरण	२०७८।७९	२०७७।७८
१. राजस्व तथा अनुदान	२५१७२४५३	२३७७७७९०
क. राजस्व	११२९७९७३	९७३३०४४
अ. कर	९६९०२३५	८४१९७६६
आ अन्य राजस्व	१२८९५५२	१०६१३९२
इ प्राकृतिक श्रोत बापतको रोयल्टी	३१८१८६	२५१८८६
ग. वित्तीय हस्तान्तरण बाट प्राप्त रकम	१३८७४४८०	१३९६८४६०
अ. समानिकरण	७४२२८००	७११२६००
आ. सःशर्त	५०२९०८०	४८१६९६०
इ. समपुरक	८७३६००	१४९८९००
ई. विशेष	५४९०००	५४००००
घ. बेरूजु तथा अन्य प्राप्ति (बेरूजु रकम तथा अन्य रकम असुली बापतको प्राप्ति)	-	-
२. विभाज्य कोषबाट बाँडफाँड हुन बाँकी रकम	०	०
३. यस वर्षको खुद प्राप्ति	२५१७२४५३	२३७७७७९०
४. चालु तथा पूँजिगत तर्फको भुक्तानी	२०३४९६२७	२३६९२१५३
क. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च	८४४३	२९१८
अ. चालु खर्च	८४४३	२९१८
आ. पुंजीगत खर्च	-	-
ख. विनियोजन ऐनद्वारा भएको खर्च	२०३४११८३	२३६८९२३५
अ. चालु खर्च (अन्तर सरकारी वित्तीय हस्तान्तरण बाहेक)	५८७७३६६	६०९३६८०
आ. पुंजीगत खर्च	१४४६३८१८	१७५९५५५४
५. वित्तीय हस्तान्तरण	१६९४३०७	१९३११६८
६. अन्तर सरकारी कारोबार/अनुदान	१६५६५११	१४१२२९९
७. अन्य कारोबारको समायोजन	-	६६०९६
८. यस वर्षको जम्मा भुक्तानी	२३७००४४५	२७१०१७१६
९. यस अवधिको कोषमा भएको थप घट	१४७२००९	-३३२३९२६
१०. आर्थिक वर्षको सुरूवातको मौज्दात	२८५८९२४	६१८२१७३
१०.१ आर्थिक वर्षको सुरूवातको मौज्दात (आ.व. २०७७/७८ को सञ्चित कोष मिलान खातामा ट्रान्सफर गर्न छुट रकम)	-	६७८
११. आर्थिक वर्षको अन्त्यको मौज्दात	४३३०९३३	२८५८९२४

२१.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४(२) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले नेपाल सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, प्रदेश सरकारको आय, ऋण तथा अनुदान र खर्चको विवरण साथै प्रदेश अन्तर्गतका स्थानीय तहहरूको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकले तोकेको ढाँचामा महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्कीले स्थानीय सरकारको एकीकृत प्रतिवेदन तयार नगरी प्रदेश सरकारको आर्थिक कारोबारको मात्र प्रतिवेदन पेश गरेको छ । कानुनमा तोकिए बमोजिम एकीकृत प्रतिवेदन तयार गर्नुपर्दछ।

२१.२. स्थानीय तहलाई यस आर्थिक वर्षमा कुल रू.१ अर्ब ६९ करोड ४३ लाख वित्तीय हस्तान्तरण (समानिकरण, सशर्त, समपुरक र विशेष अनुदान) गरेको छ । उक्त रकम सबै खर्च भए नभएको एकीन तथ्याङ्क नराखी हस्तान्तरण भएको रकमलाई खर्चमा उल्लेख गरेको कारण प्रस्तुत वित्तीय विवरणले खर्चको यथार्थ चित्रण गर्दैन । यसरी हस्तान्तरण भएको सबै रकम खर्च भएको उल्लेख गर्नु उचित देखिएन।

२१.३. प्रदेश विनियोजन ऐन अनुसार स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको रकम मध्ये सशर्त, समपुरक र विशेष अनुदानको रकम खर्च नभई बाँकी भएमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने उल्लेख भएकोमा स्थानीय तहलाई पठाएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम फिर्ता प्राप्त भएको अभिलेख नै राखेको छैन । यो वर्ष खर्च नभई बाँकी रकम फिर्ता गर्नुपर्ने गरी अनुदान शीर्षकमा कुल रू.५९ करोड ४३ लाख वित्तीय हस्तान्तरण भएकोमा सोको खर्चको अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन। खर्च नभई बाँकी रहेको रकम एकीन गरी फिर्ता गर्नुपर्दछ।

२१.४. स्थानीय तहहरूले संकलन गरी प्रदेश सरकारलाई पठाउनुपर्ने रकम विभाज्य कोषमा राख्नुपर्नेमा विभाज्य कोषमा राखे नराखेको एकीन गरेको छैन भने विभाज्य कोषमा राखेको रकम मध्येबाट प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने र प्राप्त हुन बाँकीरकमको अभिलेख नराखी प्राप्त भएको रकम मात्र आम्दानी बाँधेको अवस्था छ । कार्यालयले प्राप्त हुनुपर्ने रकमको समेत अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

२१.५. प्रदेश सरकारले स्थानीय तहलाई (समानिकरण सशर्त, समपुरक र विशेष अनुदान) बाहेक पटके अख्तियारी समेत प्रदान गरी रकम निकासा दिएकोमा सोको तथ्याङ्क अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयसँग छैन भने उक्त व्यहोरालाई वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन। यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १० स्थानीय तहलाई रू.७ करोड ५० लाख बजेट विनियोजन गरेकोमा रू.२ करोड २५ लाख २४ हजार खर्च गरेको, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले ६ पालिकालाई रू.३ करोड ५० लाख विनियोजन गरेकोमा रू.३६ लाख ५७ हजार खर्च गरेको, पर्यटन, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ५ पालिकालाई रू.१ करोड ८५ लाख विनियोजन गरेकोमा रू.५८ लाख ८० हजार खर्च भएको, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले १० स्थानीय तहलाई रू.१ करोड ५० लाख विनियोजन गरेकोमा रू.३० लाख खर्च गरी कुल विनियोजन रू.१४ करोड ३५ लाख भएकोमा खर्च रू.३ करोड ५० लाख ६१ हजार भएको छ।

२१.६. प्रदेश सरकारले संघीय कार्यालयलाई आर्थिक वर्ष २०७८।७९ मा रू.८८ करोड ३१ लाख ४७ हजार विनियोजन गरी रू.६४ करोड ३७ लाख २५ हजार खर्च गरेको छ । सम्बन्धित निकायबिच समन्वय गरी दोहोरो नपर्ने गरी बजेट निकासा गर्नुपर्दछ।

२१.७. राजस्व तथा अनुदानतर्फ कुल रू.२५ अर्ब १७ करोड २४ लाख प्राप्त देखाएकोमा सवारी साधन कर रू.८८ करोड ९३ लाख २ हजार, प्राकृतिक श्रोतको रोयल्टी रू.३१ करोड ८१ लाख ८६ हजार र मूल्य अभिवृद्धि करको रू.६६ करोड ६६ लाख ९९ हजार २०७८।७९ को राजश्व व्यवस्थापन सूचना प्रणाली (रिम्स) मा समावेश भएको छ । प्राप्त रकमलाई समयमै राजस्व व्यवस्थापन प्रणालीमा समावेश गर्नुपर्दछ ।

२२. **समपुरक अनुदान -** प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ उपदफा १ मा प्रदेशलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम समपुरक अनुदान प्रदान गर्ने उल्लेख भएकोले प्रदेश सरकार र संघीय सरकारको लागत सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यो वर्ष संघीय सरकारबाट समपुरक अनुदान रू.८७ करोड ३६ लाख प्राप्त भएको छ । प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख नभएको कारण प्रदेश सरकारको योगदान एकीन गर्न सकिएन । संघ र प्रदेशको अनुपात मिल्ने गरी खर्च गर्ने र सोको अभिलेख अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२३. **अनुदानको विवरण -** विनियोजन ऐन, २०७८ को दफा ४(४) मा स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्तिक १५, माघ १५ र बैशाख १५ गतेभित्र वित्तीय समानिकरण अनुदानबाट खर्च भएको रकमको विवरण र अर्को आर्थिक वर्षको श्रावण मसान्तभित्र वार्षिक आर्थिक विवरण बुझाई सक्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाएको छैन। कानुनको परिपालना गरी तोकिएको समयमा विवरण पेश गर्नुपर्दछ ।

२४. **प्रदेश आकस्मिक कोष -** प्रदेश सरकारले रू.२ करोड प्रदेश आकस्मिक कोषमा जम्मा गरेकोमा हालसम्म उक्त रकम खर्च गर्नको लागि कार्यविधि तयार गरेको देखिदैन । उक्त कोषको मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गरेको छ। कार्यविधि बनाई कोष सञ्चालन गर्नुपर्दछ।

२५. **कार्य सञ्चालन कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५(५) मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको विवरण अनुसार ११ जिल्लाको कार्यसञ्चालन कोषमा स्रेस्ता अनुसार गतवर्षको मौज्दात रू.६१ करोड ८५ लाख ३ हजार र यस वर्षको आम्दानी रू.१ अर्ब २७ करोड ५ लाख ८७ हजार समेत रू.१ अर्ब ८८ करोड ९० लाख ९१ हजार आयमा रू.१ अर्ब २० करोड २७ लाख ७० हजार खर्च भई रू.६८ करोड ६३ लाख २१ हजार मौज्दात रहेको छ। प्रदेश लेखा इकाई कार्यालय कास्कीका अनुसार कास्की जिल्लास्थित कार्यलयहरूको कार्यसञ्चालन कोषमा रू.३७ करोड ३५ लाख ५२ हजार श्रेस्ता अनुसार बाँकी देखाएकोमा बैंक अनुसारको मौज्दातमा रू.३७ करोड ३८ लाख ५६ हजार देखाई श्रेस्ता र बैंक मौज्दातमा रू.३ लाख ४ हजार फरक देखिएको छ । त्यस्तै प्रदेश लेखा ईकाइ

कार्यालय म्याग्दीले जिल्लास्थित सरकारी कार्यालयहरूको कार्यसञ्चालन कोष रू.२ करोड ६४ लाख ४८ हजार श्रेस्ता अनुसार बाँकी देखाएकोमा बैंक अनुसार मौज्दात रू.२ करोड ७७ लाख ४९ हजार देखिएकोले रू.१३ लाख १ हजार फरक परेको देखिन्छ। सो सम्बन्धमा श्रेस्ता अनुसार बैंक हिसाब मिलान गरी उक्त कोष अद्यावधिक गर्नुपर्दछ ।

२५.१. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३२ मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणबाट औंल्याईएको व्यहोराहरूलाई सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्ने र प्रदेश लेखानियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिना भित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले गत वर्ष असुल गर्नुपर्ने रू.१ करोड ९४ लाख ८७ हजार, नियमित गर्ने बेरुजु रू.४६ करोड ६८ लाख १६ हजार र व्यक्तिगत पेश्की रू.३८ लाख ७० हजार तथा संस्थागत पेश्की रू.२ अर्ब २४ करोड ५१ लाख गरी जम्मा रू.२ अर्ब ३१ करोड ५२ लाख ८३ हजार आन्तरिक लेखापरीक्षणले बेरुजु औल्याएको प्रतिवेदन अर्थ मन्त्रालयमा पेश गरेको भएता पनि यस वर्ष आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन अर्थ मन्त्रालय समक्ष पेश गरेको छैन । कानूनको पालना गरी आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

२६. **बेरुजुको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ को दफा ३६(२) मा प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरुजुको अभिलेख अद्यावधिक गरी बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ। सो बमोजिमको एकीकृत लगत राखेको छैन । कानुनी व्यवस्थाको पालन गरी बेरुजुको एकीकृत लगत राख्नुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहतका १३ कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन। यस सम्बन्धी विवरण अनुसूची- ९ मा रहेको छ ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च -** आर्थिक वर्ष २०७४।७५ देखि २०७८ ।७९ सम्म यस मन्त्रालयको ५ वर्षको अवधिमा कुल बजेट रू.१ अर्ब १५ करोड ९६ लाख रहेकोमा रकमान्तर समेतबाट कुल खर्च रू.१ अर्ब ४३ करोड ७ लाख भएको छ । उक्त खर्चमध्ये पुँजीगत खर्च रू.८८ करोड ५७ लाख र चालु खर्च रू.५४ करोड ५० लाख रहेको छ । कुल खर्च मध्ये पूँजिगत खर्च ६३.७६ प्रतिशत र चालु खर्च ४२.९० प्रतिशत रहेको छ। विगत ५ वर्षको औसत खर्च ४५.२८ प्रतिशत रहेको देखिन्छ।

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७, खर्चको मापदण्ड, २०७९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ लगायतका ऐन कानुन तर्जुमा तथा कार्यान्वयन गरेको छ ।

३. **नीति निर्माण -** नियमावली अनुसार मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेको देखिन्छ । प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, बीमा र बीमा व्यवसायको विस्तार र नियमन लगायतको काम हुन बाँकी देखिन्छ।

४. **उपलब्धि -** मन्त्रालयबाट यस वर्ष प्रदेश स्तरको श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, राजस्व संकलन लगायतका क्षेत्रमा सकारात्मक कार्य भएका छन् । आर्थिक वर्ष २०७५।०७६ देखि २०७८।०७९ सम्ममा वित्तीय समानीकरण, समपुरक, सशर्त र विशेष अनुदान समेत रू.५४ अर्ब ८८ करोड ८६ लाख २२ हजार निकासा गरेको छ । मन्त्रालयले बाँडफाँडबाट प्राप्त हुने मुल्य अभिबृद्धि कर र अन्तः शुल्क बापत ५ वर्षमा रू.२४ अर्ब ९१ करोड १ लाख ८१ हजार प्राप्त भएको छ। आन्तरिक राजस्व सङ्कलन हालसम्म रू.१२ अर्ब ६६ करोड ८५ लाख ३१ हजार गरेको छ। स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत रू.६ अर्ब ७ करोड १६ लाख ९२ हजार निकासा गरेको छ ।

नेपालको संविधान प्रदेश सरकारले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत पाँच वर्षको समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

आन्तरिक मामिला मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा आन्तरिक प्रशासन सञ्चालन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालयको विनियोजन रू.९ करोड ७५ लाख ३३ हजार, राजस्व रू.१५ हजार, धरौटी रू.९२ हजार र अन्य कारोबार रू.९ करोड ६० लाख ९७ हजार समेत रू.१९ करोड ३७ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** - मन्त्रालयले गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार तोकिएको विभिन्न कार्यहरू मध्ये प्रदेश सुरक्षा नीति निर्माण, प्रदेश प्रहरी ऐन निर्माण, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, सामुदायिक प्रहरी गठन, अपराध तथा यातना पीडितको पुर्नस्थापना र क्षतिपूर्ति, निवारक नजरबन्द र स्थान हद सम्बन्धी कार्य, ईन्टरनेट सेवा सञ्चालन र नियमन सम्बन्धी कानुन निर्माण, जग्गा अधिग्रहण सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, जग्गा विवाद समाधान सम्बन्धी, व्यक्तिको पहिचान सम्बन्धी, प्रदेशस्तरका ईन्टरसेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, नवीकरण र अनुगमन, साइबर सुरक्षा अनुगमन, केवुल वितरणको इजाजत नवीकरण र नियमन, चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन लगायतका कार्य शुरुवात गरेको छैन। कार्यविभाजन नियमावली अनुसार कार्य योजना बनाई तोकिएका कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ।

२. **निजी आवास पुन निर्माण** - मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्र्थापना अनुदान कार्यविधि, २०७७ मा लाभग्राही छनौट गरी निजी आवास पुनःनिर्माणको लागि हिमाली, पहाडी र तराई जिल्लामा क्रमश रू.५ लाख, ४ लाख र ३ लाख अनुदान दिने र अनुदान मध्ये स्थानीय तहले नगरपालिकाको हकमा १५ प्रतिशत र गाउँपालिकाको हकमा १० प्रतिशत व्यहोर्ने तथा ३० प्रतिशत प्रदेश सरकारले र बाँकी संघीय सरकारले व्यहोर्ने गरी लागत साझेदारी गर्ने व्यवस्था छ। प्रदेश भरिमा २ हजार ६५३ घरधुरी लाभग्राही रहेकोमा २०७७।७८ मा रू.७ करोड ४० लाख ७० हजार र २०७८।७९ मा रू.९ करोड ५५ लाख ४५ हजार निकासा भएको छ। उपरोक्त रकमबाट घर निर्माण सम्पन्न भएको र निर्माण गर्न बाँकी रहेको विवरण मन्त्रालयले अद्यावधिक गरेको छैन। जिल्ला स्तरमा प्राविधिक कर्मचारीको अभाव, स्थानीय तहसँग आवश्यक समन्वयको अभाव, प्राथमिकतामा कमी लगायत कारणले कार्यक्रमको प्रभावकारिता सन्तोषजनक छैन्। सरोकारवालाहरूसँग आवश्यक समन्वय गरी छनौट भएका घरधुरीको आवास पुनःनिर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३. **गौरवको आयोजना** - प्रदेश गौरवको आयोजनाको रुपमा पहिचान भई विगतमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चालन हुँदै आएको प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना सञ्चालनको जिम्मेवारी आन्तरिक मामिला मन्त्रालयलाई तोकिएको छ। सो आयोजनाको लागि आर्थिक

वर्ष २०७७।७८ मा रू.५ करोड ७१ लाखको सम्झौता भई निर्माण कार्य सुरु भएकोमा हालसम्मको भौतिक प्रगति ६० प्रतिशत रहेको छ। २०७८।७९ मा रू.३ करोड बजेट विनियोजन भएकोमा वित्तीय प्रगति ८२ प्रतिशत रहेको छ। अनुगमन, मूल्यांकन र सम्बन्धित निकायहरू तथा निर्माण व्यवसायीसँग आवश्यक समन्वय गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४. **सवारी साधन खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा पहिलो चौमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ९(२) मा नेपाल सरकारको अनुदानबाट स्वास्थ्य सेवा सञ्चालन तथा निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि बाहेक अन्य अवस्थामा ४ पाङ्ग्रे सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। मन्त्रालयले शुरु बजेट विनियोजन नभएको शीर्षकमा रू.६० लाख बजेट रकमान्तर गरी रू.५९ लाख ९० हजारको एक ४ पाङ्ग्रे सवारी साधन खरिद गरेको छ। मापदण्ड तथा कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

- **बेरुजु स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट लगति बेरुजु देखिएको छैन्। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने, प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी कानून निर्माणमा राय, परामर्श, प्रदेश भित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन, प्रदेशको लागि आवश्यक पर्ने नीति एवं कानुनहरूको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालयको विनियोजन रू.६४ करोड ८३ लाख ७० हजार, राजस्व रू.१ लाख ४० हजार, धरौटी रू.२ करोड १७ लाख ६१ हजार र अन्य कारोबार रू.११ करोड १४ लाख २ हजार समेत रू.७८ करोड १६ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्यविभाजन नियमावली (संशोधन समेत), २०७४ बमोजिम कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयले प्रदेश स्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन नीति कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, छापा सञ्चार माध्यम र इन्टरनेटमा आधारित अनलाईन सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, प्रदेशस्तरमा तारयुक्त र तार रहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन, प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सञ्चालन र नियमन, केवलमा आधारित टेलिभिजनको इजाजत, नवीकरण र नियमन, सूचनाको हकसम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन जस्ता सञ्चारसंग सम्बन्धित कार्य सम्पादन गर्नुपर्ने नियमावलीले व्यवस्था गरेकोमा ति कार्य जिम्मेवारीलाई पुरा गर्ने कानून नीति तथा कार्ययोजना तयार गरेको देखिएन। कार्य विभाजन नियमावली, २०७४ मा संशोधन भईसकेको अवस्थामा तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ।

२. **कानुन तर्जुमा -** संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आर्थिक वर्ष २०७८।७९ सम्म ५९ ऐन, १७ नियमावली, ५ गठन आदेश र १४३ निर्देशिका तथा कार्यविधि निर्माण भएका छन् । प्रदेशको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुन र कार्यविधि पहिचान गरी तर्जुमा गर्नुपर्दछ।

३. **वार्षिक लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची-३ को ढाँचामा प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले भौतिक लक्ष्य र प्रगति देखिने गरी तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको छैन। तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

४. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयको स्वीकृत दरबन्दी २९ मध्ये २५ पदपूर्ति भई प्रशासनिक २ र प्राविधिक २ पद रिक्त रहेको देखिन्छ । दरबन्दी रिक्त रहँदा मन्त्रालयको कार्यसम्पादनमा असर पर्ने भएकाले रिक्त दरबन्दी पूर्ति गरिनुपर्दछ ।

५. **प्रदेश गौरवका आयोजना -** प्रदेश गौरवको आयोजनाहरू मध्ये यस मन्त्रालयले सूचना प्रविधि पार्क निर्माण र सञ्चालन आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी पाएको छ। उक्त आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको भएता पनि निर्माण स्थलमा पर्खाल लगाउने काम बाहेक थप प्रगति भएको छैन। पर्खाल निर्माण गर्नको लागि यो वर्ष रू.१ करोड ७० लाख बजेट विनियोजन गरिएकोमा रू.३७ लाख ६ हजार मात्र खर्च भएको छ। सूचना प्रविधि पार्कको भौतिक संरचना निर्माणमा रू.६५ लाख र प्रदेश डाटा सेन्टर/सर्भर खरिदको लागि रू.४ करोड ७० लाख बजेट विनियोजन गरिएकोमा दुबै कार्य गरेको देखिएन। मन्त्रालयले डाटा सेन्टर राख्ने स्थानको सुनिश्चितता नगरी बजेट व्यवस्था गरेबाट खर्च नभएको स्थिति छ। प्रदेश गौरवको आयोजनालाई प्राथमिकताको साथ सम्पन्न गर्नुपर्दछ।

६. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १ हजार ३१ आयोजनाको लागि रू.७५ करोड १७ लाख ७५ हजार बजेट रकमान्तर गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालयको लेखापरीक्षणबाट रू.५ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्स्यौट नभई सो बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा उद्योग, वाणिज्य, आपूर्ति एवं धार्मिक तथा सांस्कृतिक क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने लगायतका कार्य रहेका छन्। यस मातहत १ निर्देशनालय र १४ वटा कार्यालयहरू रहेका छन।

यो वर्ष मन्त्रालय र मातहतसमेत १४ कार्यालयको विनियोजन रू.३४ करोड ९४ लाख ६१ हजार, राजस्व रू.६ करोड ६३ लाख ५२ हजार, धरौटी रू.१ करोड ३७ लाख ९९ हजार र अन्य कारोबार रू.१० लाख ६४ हजार समेत रू.४३ करोड ६ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएकामध्ये ढुवानी परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, खनिज तथा खनिज पदार्थको अन्वेषण सम्बन्धि प्रदेश नीति, कानुन र मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश तथा जिल्ला स्तरका उपभोक्ता अदालत गठन र सञ्चालन, लक्षित क्षेत्र र वर्गको लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन, प्रदेश स्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन, प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन, संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी, औधोगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन, उद्योगमा श्रममूलक प्रविधि र नेपाली श्रमिकहरू उपयोग, स्वरोजगारका लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता लगायतका कार्यक्रमहरू सञ्चालन गरेको पाईएन। उक्त कार्यक्रमहरू नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

२. **कानुन निर्माण तथा कार्यान्वयन -** मन्त्रालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतको विषयहरूमा आवश्यक कानुन निर्माण तथा सहजिकरण गर्नुपर्दछ। मन्त्रालयले यो वर्ष गण्डकी प्रदेश प्राईभेट फर्म दर्ता ऐन, २०७८, नियमावली, २०७९, स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८, प्यारागलाईडिङ सोलो पाईलट तालिम सञ्चालन सम्बन्धि कार्यविधि, २०७९ र उद्यमी तथा लगानीकर्ता सम्मेलनको मापदण्ड, २०७८ गरी ५ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयको कार्यक्षेत्र अनुसार उपरोक्त कानुनी व्यवस्थाहरू अपर्याप्त देखिन्छ। आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **आवधिक योजना कार्यान्वयन -** प्रदेशको चालु प्रथम पञ्चवर्षीय योजना २०७६/७७-२०८०/८१ लागु भएको छ। मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विभिन्न २७ कार्यक्रमहरू मध्ये अधिकांश कार्यक्रमहरू कार्यान्वयन भएको छैन। कास्कीको पूँडिटार र तनहुँको घारी क्षेत्र तथा नवलपुरको लोकाहा खोला क्षेत्र प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ भने धौवादी फलाम खानी तीन तहको सरकारको सह-लगानीमा सञ्चालन गर्ने गरी प्रदेशले रू.१५ करोड विनियोजन गरेकोमा कार्यान्वयन भएको छैन। नारायणी नदी किनारमा बिच पार्क निर्माण, खानी तथा खनिज

जन्य पदार्थको सम्भाव्यता अध्ययन, पोखरा- काठमाडौं-लुम्बिनीलाई गौतम बुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास, प्रदेश भित्रका मुख्य उपत्यकाहरूको एकीकृत विकासको लागि बृहत र परियोजना सञ्चालन लगायतका ११ कार्यक्रमहरूमा बजेट विनियोजन नै भएको देखिएन। आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट र नीति तथा कार्यक्रम -** प्रदेश सरकारले २०७८।७९ को नीति तथा कार्यक्रम मार्फत् घोषणा गरेका यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विभिन्न २७ वटा कार्यक्रमहरू मध्ये खानी तथा खनिज उद्योगको अन्वेषण तथा विकास, न्यून गुणस्तरमा चलेका व्यवसायको क्षमता अभिवृद्धि, अन्नपुर्ण, धौलागिरी र मनास्लु चक्रीय पदमार्ग तथा अन्य पर्यटकीय गन्तव्यहरूमा पदमार्ग निर्माण, स्तरोन्नती र सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिने, प्रदेश भित्रका मुख्य उपत्यकाहरूको एकीकृत विकासको लागि बृहत्तर परियोजना सञ्चालन गर्न संघ र स्थानीय तहसँग सहकार्य गर्ने, नारायणी नदीमा वीच पार्क निर्माण गर्न अध्ययन गर्ने, काठमाण्डौ-पोखरा-लुम्बिनीलाई गौतम बुद्ध स्वर्णिम त्रिकोणको रुपमा विकास गर्न नेपाल सरकार र अन्तर प्रदेश सरकारको सहकार्यलाई निरन्तरता दिने लगायत १२ कार्यक्रमहरू बजेटमा समावेश भएको छैन भने बजेटमा समावेश भएका विभिन्न ११ कार्यक्रमहरू मध्ये ३ कार्यक्रममा बजेट निकासा नै भएन्। बजेट विनियोजन भएका कार्यक्रमहरू पनि पुर्ण रुपमा सञ्चालन भएका छैनन्। स-साना योजनाहरूमा बजेट टुक्र्याउँदा योजनाले पूर्णता नपाउने र सोबाट प्राप्त हुने उपलब्धी दीर्घकालिन हुँदैन्। वार्षिक नीति तथा कार्यक्रम र बजेट बिच तालमेल ल्याउने र बजेट कार्यान्वयनमा उचित ध्यान दिनुपर्ने देखिन्छ।

५. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालयले कार्यान्वयन गर्ने गरी २ आयोजनामा यो वर्ष रू.६ करोड बजेट विनियोजन भएकोमा रू.४ करोड ४० लाख खर्च गरेको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन्:

५.१. ग्रामीण पर्यटनलाई टेवा पुऱ्याउने उद्देश्यले होमस्टे विस्तार तथा सुदृढीकरण आयोजनाको रुपमा प्रदेश गौरबका आयोजना घोषणा भएको छ । आयोजनाको लागत अनुमान रू.५५ करोड रहेकोमा यो वर्ष होमस्टेहरूको पूर्वाधार विकास कार्यमा रू.३ करोड २३ लाख खर्च भई हालसम्म रू.४६ करोड २ लाख ४३ हजार खर्च गरी १३३ होमस्टे व्यवस्थापन गरेको उल्लेख छ । खर्च भएकोमध्ये अधिकांश होमस्टेमा सामुदायिक भवन निर्माण, भ्यू टावर निर्माण, पद मार्ग निर्माण, शौचालय निर्माण आदिमा खर्च भएको देखिन्छ भने केही होमस्टेले निजी जग्गामा संरचना बनाएको, अनुदान रकम निजी प्रयोजनमा खर्च गरेको, होटल संचालकले नै होमस्टे सञ्चालन गरेको, अपायक स्थानमा सामुदायिक भवन बनाएको, अनुदान प्राप्तिका लागिमात्र कानूनी प्रक्रिया पुरा गरी अनुदान लगेको, पर्यटक जाने सम्भावना नरहेको, होमस्टेको घरधुरी संख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेको जस्ता समस्याहरू देखिएकोले अनुदानको सही उपयोग भएको छ भन्न सकिएन। अनुदानबाट पर्यटन प्रबर्द्धनमा परेको प्रभावको मूल्यांकन गरी कार्यक्रमलाई पुनरावलोकन गर्नुपर्दछ।

५.२. प्रदेश औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुँडिटार र नवलपुरको लोकाहामा औद्योगिक क्षेत्र निर्माणको लागि गत वर्ष रू.१ करोड १५ लाख विनियोजन भएकोमा खर्च भएन भने यो वर्षको बजेट रू.१ करोड मध्ये ४२ लाख मात्र खर्च भएको छ। नवलपुरमा जग्गाको नापी कार्य सम्पन्न भएको छ भने कास्कीमा जग्गा टुंगो लागेको छैन। प्रदेश गौरवका आयोजनामा पर्याप्त बजेट विनियोजन गरी समयमै कार्यान्वयन गर्नुपर्दछ ।

६. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ बमोजिममन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रू.४७ करोड ३६ लाख ६० हजार बजेट विनियोजन भएकोमा रू.३४ करोड ९५ लाख २४ हजार अर्थात् बजेटको ७३.७९ प्रतिशत खर्च भएको छ। उक्त खर्चमध्ये ३९.०७ प्रतिशत चालु र ६०.९३ प्रतिशत पुँजीगत खर्च रहेको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ।

७. **प्रदेश पर्यटन गुरुयोजना** - गण्डकी प्रदेश सरकारले प्रदेश पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याएको छ। गुरुयोजना अनुसार यस मन्त्रालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत यो वर्ष सञ्चालन गर्ने गरी विभिन्न १० क्रियाकलापहरू तोकिएकोमा ५ क्रियाकलापहरूको लागि बजेट नै विनियोजन भएन भने बजेट विनियोजन भएका कार्यक्रमहरूको समेत लक्ष्य अनुसार प्रगति भएको छैन्। गुरुयोजना कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

८. **सवारी साधन खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा पहिलो चौमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ९(२) मा नेपाल सरकारको अनुदानबाट स्वास्थ्य सेवा सञ्चालन तथा निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि बाहेक अन्य अवस्थामा ४ पाङ्ग्रे सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। कार्यालयले शुरु बजेट विनियोजन नभएको शीर्षकमा रू.१ करोड ४५ लाख बजेट रकमान्तर गरी रू.१ करोड ४४ लाख ८९ हजारको २ वटा ४ पाङ्ग्रे सवारी साधन खरिद गरेको छ। मापदण्ड तथा कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।

९. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १७७ आयोजनाको लागि रू.९ करोड ५३ लाख ११ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

पर्यटन कार्यालय पोखरा

१०. **सार्वजनिक जग्गा संरक्षण** - साविक संघीय कार्यालयको रुपमा रहेको पर्यटन कार्यालय, पोखराको नाममा कास्कीमा १०० रोपनी, लमजुङ्गमा १६ रोपनी, मनाङमा ५ रोपनी र म्याग्दीमा ५ रोपनी जग्गाहरू रहेको छ । मालपोत कार्यालयको न्यूनतम मूल्यांकन नै प्रति रोपनी रू.६५ लाख सम्म रहेको उक्त जग्गाहरूको उचित संरक्षण गरेको देखिएन। जग्गाको लालपुर्जा तथा नक्सा बमोजिम क्षेत्रफल कायम गरी तारजाली लगाई तथा सरकारी जग्गा रहेको जानकारी दिने सुचना टाँस गरी संरक्षण तथा उपयोग गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** कार्यालय तथा मातहत समेत ३ निकायमा यो वर्ष रू.१ करोड ५४ लाख ३० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.५४ हजार फछ्यौट गरेकोले रू.१ करोड ५३ लाख ७६ हजार बेरुजु बाँकी छ । सोमध्ये रू.२ लाख ८५ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकूलन क्षेत्रमा नीति, कानुन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत १७ कार्यालयको विनियोजन रू.६९ करोड ८० लाख ७७ हजार, राजस्व रू.१८ करोड १५ लाख ९७ हजार, धरौटी रू.९ करोड ६ लाख २५ हजार र अन्य कारोबार रू.१८ करोड ३६ लाख ९ हजार समेत रू.१ अर्ब १५ करोड ३९ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा उल्लेख भएकामध्ये वन, वातावरण तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्य गर्न बाँकी देखिन्छ । कार्ययोजना बनाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **दरबन्दी र पदपूर्ति -** मन्त्रालय र अन्तर्गतका १७ कार्यालयको लागि कुल ६६१ दरबन्दी रहेकोमा ३२७ पदपूर्ति भई ३३७ रिक्त रहेको छ । स्वीकृत दरबन्दी मध्ये प्राविधिक जनशक्तिको दरबन्दी ५२८ रहेकोमा २७० मात्र स्थायी पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

३. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारले आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम मार्फत् घोषणा भएका काष्ठ तथा गैरकाष्ठ वन पैदावारजन्य उद्योगको स्थापना गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने, नवलपुर, कास्की, तनहुँमा एक वन एक वन पैदावारमा आधारित उद्योग स्थापना गर्ने, जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने, गण्डकी प्रदेशको वायोडाइभरसिटी प्रोफाइल तयार गर्ने, भू तथा जलाधार कार्यालयहरूको विस्तार गर्ने, प्राणी उद्यान निर्माण तथा मानव वन्यजन्तु द्धन्द्ध न्यूनिकरण गर्ने, नेपाल सरकारसँग समन्वय गरी मुस्ताङ्ग जिल्लामा कस्तुरी मृग संरक्षण तथा प्रजनन् केन्द्र स्थापना गर्ने लगायतका नीति लिएकोमा कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन गर्न सकिने नीति निर्माण गरी नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

४. **आवधिक योजना कार्यान्वयन -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना २०७६।७७-२०८०।८१ लागु भएको छ। योजनामा उल्लेख भएका वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान, सुधारिएको चुल्हो तथा वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम, प्लाष्टिकजन्य वस्तुको प्रयोग सम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजल बनाउन निजी क्षेत्रसंग सहकार्य गर्ने, ध्वनी तथा वायु प्रदुषण नियन्त्रणको लागि मापदण्ड निर्धारण गरी लागु गर्ने, रेडियोधर्मी तथा विकिरणीय वस्तुको व्यवस्थापन गर्न प्रवन्ध मिलाउने, राष्ट्रिय वनको सीमा निर्धारण, वनमा आधारित ठूला उद्योग स्थापना सहयोग लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । आवधिक योजना, नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा वनमा आधारित उद्योग स्थापनाको लागि रू.१ करोड विनियोजन भएकोमा वनमा आधारित उद्योग स्थापना गरिएको छैन । भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यमा रू.३ करोड बजेट व्यवस्था गरिएकोमा उक्त बजेट रकमान्तर गरी अन्य शीर्षकबाट खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

६. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ । कार्यान्वयन गर्ने जिम्मेवारी पाएका ४ आयोजनामा यो वर्ष रू.३ करोड ९० लाख बजेट विनियोजन भएकोमा रू.३ करोड २ लाख ३४ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

६.१. फेवातालको क्षेत्र निर्धारण गर्ने, दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दाँयाबाँया सौन्दर्यीकरण गरी पर्यटक आकर्षण गर्ने उद्देश्यले सञ्चालित फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजनाको लागि रू.४ अर्ब ९२ करोड लागत अनुमान रहेकोमा यस वर्षको खर्च रू.४६ लाख २८ हजार समेत कुल रू.१५ करोड ३६ लाख ३३ हजार खर्च भएको छ । हालसम्म लागत अनुमानको ३.१२ प्रतिशत मात्र खर्च भएको छ।

६.२. पचभैया प्राणी उद्यान र वन्यजन्तु उद्धार केन्द्र स्थापनाको लागि रू.२७ करोड ५६ लाखको लागत अनुमान रहेकोमा यस वर्ष रू.१ करोड ६६ लाख २१ हजार खर्च समेत हालसम्म रू.८ करोड ४७ लाख ५१ हजार खर्च भएको छ । हालसम्म लागत अनुमानको ३०.७५ प्रतिशत कार्य भएको देखिन्छ ।

६.३. ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रमका लागि रू.१५ करोड ६९ लाख लागत अनुमान रहेकोमा यस वर्ष रू.१ करोड ७० लाख विनियोजन भएकोमा ८९ लाख ८५ हजार खर्च भएको देखिन्छ । हालसम्म लागत अनुमानको ५.०९ प्रतिशत मात्र प्रगति भएको देखिन्छ ।

६.४. कस्तुरी मृग पालन तथा प्रजनन कार्यक्रमको लागि रू.२२ करोड ५५ लाख लागत अुनमान रहेको देखिन्छ । यस वर्ष बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएन । आर्थिक वर्ष २०७७।७८ सम्म रू.६९ लाख खर्च भएको देखिन्छ । कुल लागत अनुमानको ३.०६ प्रतिशत मात्र कार्य भएकोमा यस वर्ष बजेट नै विनियोजन नगर्नु उपयुक्त देखिएन ।

७. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रू.९१ करोड ९२ लाख ४७ हजार बजेट विनियोजन भएकोमा रू.६९ करोड ८० लाख ७६ हजार अर्थात् बजेटको ७५.९४ प्रतिशत खर्च भएको छ। उक्त खर्चमध्ये ६३.१८ प्रतिशत चालु र ३६.८२पुँजीगत खर्च रहेको छ । बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ ।

८. **वनको क्षेत्र प्रयोग -** वन नियमावली, २०५१ को नियम २० मा राष्ट्रिय वा अन्तराष्ट्रिय सरकारी वा गैरसरकारी संस्थालाई तोकिएको शर्तमा तोकिएको क्षेत्र र अवधिको लागि बोलकबोलको माध्यमबाट वन क्षेत्र उपलब्ध गराउन सक्ने व्यवस्था छ । गण्डकी प्रदेश अन्तर्गतको वन क्षेत्र विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले पूर्वाधार निर्माणमा सहजीकरण गर्नका लागि हाइड्रोपावर

आयोजना संख्या २५, सडक आयोजना संख्या २ र अन्य संस्था ७ वटा समेत विभिन्न ३४ वटा आयोजनालाई ५२४.६८ हेक्टर वन क्षेत्र भोगाधिकारको लागि संघिय सरकारले दिएको जनाएको छ।

९. **काठ मौज्दात** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार डिभिजन वन कार्यालय कास्की, नवलपुर, लमजुङ, स्याङ्जा र गोरखामा कुल २ लाख ६७ हजार २६९ क्युबिक फिट मौज्दात रहेको देखिन्छ । उक्त मौज्दात रहेको काठ समयमै लिलाम बिक्री नगर्दा गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट प्राप्त हुने राजस्व घट्न जाने हुँदा सम्बन्धित डिभिजन वन कार्यालयले काठको मूल्यांकन गरी समयमै लिलाम बिक्री गर्नुपर्दछ ।

१०. **विरुवा संरक्षण** - मन्त्रालय मातहतका कार्यालयहरूले आर्थिक वर्ष २०७८।७९ मा १४ लाख ८० हजार ३८ विरुवा उत्पादनमा रू.२ करोड ८५ लाख ९२ हजार खर्च गरेकोले प्रति विरुवा लागत रू.१९.३२ परेको छ । प्रत्येक वर्ष नियमित कार्यक्रमको रूपमा बिरुवा उत्पादन गरी वितरण एवं रोपण गर्ने गरेको भएपनि विरुवा संरक्षणमा उचित ध्यान पुर्याउन सकेको देखिदैन । रोपिएका बिरुवाहरूको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ।

११. **वन क्षेत्र अतिक्रमण नियन्त्रण** - मन्त्रालयबाट प्राप्त विवरण अनुसार डिभिजन वन कास्की, म्याग्दी, तनहुँ, नवलपुर र लमजुङको मातहतमा रहेको कुल ४ हजार २ सय १४ हेक्टर वन क्षेत्र विभिन्न संस्था तथा व्यक्तिबाट अतिक्रमण भएकोमा चालु आर्थिक वर्षमा ७.९५ हेक्टर मात्र नियन्त्रण गरी फिर्ता आएको देखिन्छ । मन्त्रालयले वन अतिक्रमण हटाउनको लागि वार्षिक कार्यक्रम नै राखी सरोकारवाला समेतको संयुक्त प्रयासबाट अतिक्रमित वन क्षेत्र फिर्ता ल्याउनु पर्दछ ।

१२. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा २४१ आयोजनाको लागि रू.१३ करोड ५९ लाख बजेट रकमान्तर गरी कुल खर्चको रू.१९.४७ प्रतिशत खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१३. **सम्झौताको कार्यान्वयन** - राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ मा विगतमा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिईएका आयोजनाले सट्टा भर्ना जग्गा उपलब्ध गराउन नसके सोहि कार्यविधिको व्यवस्था अनुसार सट्टा भर्ना जग्गा बराबरको मुल्याङ्कन भई कायम हुँने खुद वर्तमान मुल्य बराबरको रकम बुझाउनु पर्ने व्यवस्था रहेको छ। डिभिजन वन कार्यालय तनहुँ र एक जलविद्युत बिचको सम्झौता अनुसार वन क्षेत्र प्रयोग गरे बापत सट्टाभर्ना जग्गा बापत रू.५१ करोड ६९ लाख १३ हजार, ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरे बापत प्रति हेक्टर १६ सय गोटा विरुवा दरले वृक्षारोपण, पुनरोपण र ५ वर्षसम्मको स्याहार सम्भार बापत रू.२४ करोड ४३ लाख २७ हजार र कटान हुने जम्मा रुख संख्या १ लाख ८१ हजार ५७१ गोटाको १:२५ का दरले हुने विरुवा रोपण र पुनरोपण बापत रू.१ अर्ब ५३ करोड ६५ लाख ४० हजार गरी जम्मा रू.२ अर्ब २९ करोड ७७

लाख ८१ हजार बुझाउनु पर्नेमा २ करोड दाखिला भएकोले बाँकी रू.२ अर्ब २७ करोड ७७ लाख ८१ हजार प्राप्त हुन बाँकी देखिन्छ। उक्त रकम प्राप्त गर्नुपर्दछ।

१४. **अनुगमन** - वन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ को दफा २२ को उपदफा १ मा उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय, नवलपरासी (बर्दघाट सुस्तापूर्व) ले विभिन्न ३३ सामुदायिक वन उपभोक्ता समुहहरूलाई काठ दाउरा बिक्रीबाट प्राप्त रकममा मूल्य अभिवृद्धि कर, अग्रिम कर, कटान मुछान शुल्क रकम कट्टा गरी रू.२ करोड ५३ लाख ६४ हजार रकम भुक्तानी दिएकोमा ती समुहले ऐनबमोजिम वनको विकास संरक्षण, गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा तोकिएको रकम खर्च गरे नगरेको अनुगमन गर्नु पर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहतका समेत ७ निकायमा रू.९ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्स्यौट नभई सो बेरुजु बाँकी रहेको छ । बेरुजु मध्ये रू.१ लाख म्याद नाघेको पेश्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च** - यस मन्त्रालय र मातहतका कार्यालय अन्तर्गत आर्थिक वर्ष २०७४।०७५ देखि २०७८।०७९ (५ वर्ष अवधिमा) कुल बजेट रु ७ अर्ब ४१ करोड ३ लाख ३१ हजार रहेकोमा रु ५ अर्ब ९ करोड २१ लाख ५४ हजार खर्च भएको छ । उक्त खर्च मध्ये पुँजिगत तर्फ रु १ अर्ब ९५ करोड ९१ लाख ९८ हजार र चालु तर्फ रु ३ अर्ब १३ करोड २८ लाख ५५ हजार रहेको छ । कुल खर्च मध्ये पुँजिगत खर्च ३८.४७ प्रतिशत र चालु खर्च ६१.५३ प्रतिशत रहेको छ । विगत ५ वर्षको औषत खर्च ६८.७२ प्रतिशत रहेको देखिन्छ ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका खानी तथा खनिज पदार्थको अन्वेषण, भूगर्भित अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी कार्य, उपभेक्ता अदालत गठन र सञ्चालन, संरक्षण क्षेत्र व्यवस्थापन, चिडियाखानाको व्यवस्थापन, वनपस्ती उद्यन तथा हरबेरियमको व्यवस्थापन, वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन र प्रदुषणको मापदण्ड निर्धारण जस्ता कार्यहरू गरेको छैन ।

३. **समस्याहरू** - राष्टिय वनको सिमा निर्धारण गर्न नसकेको, प्रदेश गौरबका आयोजनाहरू सम्पन्न गर्न नसकेको, एक स्थानीय तह एक उद्योग ग्राम" को नीति अनुरुप ३७ वटा स्थानीय तहमा काम शुरु नै नभएको, प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको कार्य शुरु नभएको, विभिन्न प्रजातिका एकबर्षीय र बहुबर्षीय विरुवाको अनुगमन र उपलब्धि मापन नभएको, वन पैदावारबाट संकलन हुन सक्ने राजस्वको अनुगमान नगरेको, मौज्दात रहेको काठ दाउराको समयमै लिलामि गर्न नसकेको, मुस्ताङ्ग जिल्लामा कस्तुरी मृग संरक्षण तथा प्रजनन केन्द्र स्थापना गर्ने कार्य अगाडी नबढेको, मोनोरेल सम्भाव्यता अध्ययन नभएको, धौवादी फलाम खानी संचालन, लोमन्थाङ र गोरखा दरबारलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने कार्यमा उपलब्धि हासिल नभएको, वातावरणमैत्री उत्पादनलाई हरित सिर्टिफिकेटको व्यवस्था गर्न नसकेको लगायतका समस्याहरू रहेका छन् ।

४. **उपलब्धि -** कास्कीमा उन्यू र लप्सीका तीन वटा, बाग्लुङमा खोटेसल्ला र गोब्रेसल्लाका दुई वटा, म्याग्दीमा लेकचाँपको एक वटा, तनहुँमा सिप्लीकानको एक वटा, गोरखामा श्रीखण्डको एक वटा, मनाङमा लौठसल्लाको एक वटा र स्याङ्जामा खयरको एक वटा गरी १० वटा बन बीउ बगैंचाको स्थापना, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नवलपरासीमा चार किलोमिटरभन्दा बढी ढलानसहितको मेस वायर फेन्सिङ निर्माण गरिएको छ भने प्रदेशभर वन्यजन्तुबाट भएको जनधन, पशुधन र बालीनाली क्षतिपूर्ति बापत वन्यजन्तु पीडितलाई रू.५ करोड ५८ लाख २२ हजार राहत वितरण भएको, रामसारमा सूचीकृत पोखरा उपत्यका ताल क्लष्टरका नौ ताल, मुस्ताङको टिटी र ढुम्वा ताल, नवलपरासीको ढवाहा ताल समेत २२ वटा तालमा संरक्षण र पूर्वाधार निर्माणका कार्य सम्पन्न गरिएको छ डिभिजन वन कार्यालयहरूमा उच्च प्रविधियुक्त नर्सरी स्थापना गरिएका छन्। सो नर्सरीमा बार्षिक कम्तीमा १०,००० बहुबर्षीय विरुवाको उत्पादन भइरहेका छन्।

नेपालको संविधान र प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश मन्त्रालयले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्यहोराहरू विगत ५ वर्षको कार्य समीक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्य क्षेत्रमा प्रदेशभित्रको भूमि प्रशासन र जग्गा नापजाँच, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३५ कार्यालयको विनियोजन रू.१ अर्ब ५८ करोड ६६ हजार, राजस्व रू.१ अर्ब १५ करोड ९६ लाख ९४ हजार, धरौटी रू.४ करोड ३४ लाख ४५ हजार र अन्य कारोबार रू.७ लाख २४ हजार समेत रू.२ अर्ब ७८ करोड ३९ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमध्ये कृषि उपजको न्यूनतम समर्थन मूल्य तय गरी कार्यान्वयन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कृषिजन्य र पशुपंक्षीजन्य औषधि, विषादी र उपयोग सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा नियमन, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति तथा कानुन, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा लगायतका काम हुन सकेको छैन। कार्य योजना बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ।

उक्त नियमावलीमा प्रदेशस्तरको सिँचाई व्यवस्थापन सम्बन्धी नीति, कानुन तर्जुमा, योजना तथा आयोजना निर्माण कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन तथा अनुगमन मूल्यांकन लागयतका सिंचाईसँग सम्बन्धित कार्य मन्त्रालयलाई तोकिएकोमा यस वर्षको नीति कार्यक्रम र बजेट वक्तव्यमा खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा पुर्‍याउन साना सिँचाईका नयाँ योजना निर्माण, पुराना आयोजनाको स्तरोन्नति र मर्मत-सम्भार तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरताको लागि मन्त्रालयलाई रू.४ करोड २४ लाख बजेट विनियोजन भएकोमा रू.४ करोड ३ लाख खर्च भएको छ। यसरी कार्य जिम्मेवारीमा तोकिएको कार्य बाँकी रहने र कार्य जिम्मेवारीमा नभएको काममा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्नु उपर्युक्त देखिएन।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** वार्षिक बजेट तयार गर्दा नीति तथा कार्यक्रमलाई आधार लिनुपर्दछ। यस वर्षको नीति तथा कार्यक्रममा कृषि नीति तथा गुरुयोजना तर्जुमा गर्ने, स्थानीय तहमा उत्पादित कृषि उपज तथा वस्तुहरूलाई बजारसम्म पुऱ्याउन तथा उत्पादित वस्तुलाई खेर जान नदिन कृषि एम्बुलेन्स सेवा सञ्चालन गरिने, स्थानीय तहसँगको सहकार्यमा प्रत्येक वडामा पशु तथा कृषि प्राविधिक स्वयंमसेवक परिचालन गर्ने, नेपाल सरकारसँग समन्वय गरी मुस्ताङ्ग जिल्लामा कस्तुरी मृग संरक्षण तथा प्रजनन केन्द्र स्थापना गरिने भनी नीति तथा कार्यक्रममा उल्लेख भएता पनि उल्लेखित कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिदैन। नीति तथा कार्यक्रमका विषयहरू समावेश गरी वार्षिक बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।

३. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको २०७८।७९ को बजेट वक्तव्यमा समावेश भएका भौगोलिक सूचना प्रणाली मार्फत् भू-उपयोगको तथ्याङ्क अद्यावधिक गरी प्रदेशस्तरीय भू-उपयोग योजना तयार गर्ने, सरकारी तथा सार्वजनिक, निजी र गुठी जग्गाको अभिलेख अद्यावधिक गर्ने, एक सहकारी एक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। कार्यान्वयन योग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। यस वर्ष मन्त्रालय र मातहतका कार्यालयको लागि रू.२ अर्ब १४ करोड ६६ लाख ७६ हजार बजेट विनियोजन भएकोमा ७३.६० प्रतिशत मात्र खर्च भएको अवस्था छ। उक्त खर्च मध्ये ८६.८२ प्रतिशत चालु खर्च रहेको छ भने १३.१७पुँजीगत खर्च रहेको छ। मन्त्रालयको लागि मात्र बिनियोजित बजेट रू.२३ करोड २१ लाख ५२ हजारको ५१.५४ प्रतिशत मात्र खर्च भएको छ। बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण मार्फत् विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

५. **कर्मचारी दरबन्दी** - मन्त्रालय तथा मातहत कुल ३५ वटा कार्यालयहरूको लागि कुल ४१८ दरबन्दी रहेकोमा ३१५ मात्र पदपूर्ति भई १०३ रिक्त रहेको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

६. **सरकारी सम्पत्तिको लगत तथा प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ बमोजिम प्रत्येक सरकारी कार्यालयले आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिहरूको विवरण अद्यावधिक गरी राख्नु पर्ने र त्यस्तो लगतको वार्षिक रुपमा तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ। साथै उपदफा २ मा तालुक मन्त्रालयले उपदफा १ बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय भित्र पठाउनु पर्ने व्यवस्था छ।

६.१. मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरेको छैन। साथै मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) समेत पूर्णरुपमा लागू गरेको पाइएन। मन्त्रालयले ऐनमा भएको व्यवस्था अनुरुप एकीकृत प्रतिवेदन तयार गर्नु पर्दछ र पाम्सको प्रयोग गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

६.२. मन्त्रालय मातहतका साविकका कृषि कार्यालयहरू जस्तै बाग्लुङ्गको नगरपालिकाले र मुस्ताङ्गको कालीगण्डकी करिडोर निर्माण आयोजनाले प्रयोग गरिरहेको हुनाले सम्बन्धित निकायहरूसँग सहजीकरण गरी प्रदेश अन्तर्गत स्थापना भएका कृषि कार्यालयहरूलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने सम्बन्धमा मिति २०७८।०४।१९ मा प्रदेश विकास समस्या समाधान समितिले निर्णय गरेकोमा हालसम्म मन्त्रालय मातहत तथा प्रदेश सरकारको स्वामित्वमा आएको छैन। मन्त्रालयले सम्बन्धित निकायसंग समन्वय गरी आफु मातहत कार्यालय रहेको जग्गा तथा भवनको स्वामित्व प्रदेश मन्त्रालय मातहत ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७. **पञ्चवर्षीय योजनाको कार्यान्वयन -** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा कृषि तर्फ ७०, पशुपंक्षी तथा मत्स्य विकासतर्फ ६७, खाद्य सुरक्षा तर्फ १५, भूमि व्यवस्थापन तर्फ १९ र सहकारी क्षेत्र तर्फ २० गरी जम्मा १२१ कार्यक्रमको ५ वर्षको लक्ष्य निर्धारण गरी जिम्मेवार निकाय/मन्त्रालयलाई तोकिएकोमा मन्त्रालयले यस वर्ष कृषि क्षेत्रसँग सम्बन्धित २७ कार्यक्रमको मात्र प्रगति विवरण पेश गरेको छ। प्राप्त प्रगति प्रतिवेदन अनुसार यस वर्ष कृषिमा रू.१ अर्ब ४० करोड लगानी गर्ने लक्ष्य राखेकोमा रू.१ अर्ब २ करोड लगानी गरेको, प्रति व्यक्ति प्रति वर्ष खाद्यन्न उपलब्धता २४६ केजी लक्ष्य रहेकोमा १९० केजी मात्र पुगेको, सिंचित क्षेत्रफलको लक्ष्य १५० हेक्टर रहेकोमा ११८ हेक्टरमा मात्र पुगेको, १०० हेक्टरमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ५२ हेक्टरमा मात्र सञ्चालन भएको देखिन्छ। योजना कार्यान्वयन गर्न वार्षिक लक्ष्य अनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **प्रदेश गौरवका आयोजनाको कार्यान्वयन स्थिति —** प्रदेशको चालु पञ्चवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गतका ३ योजनालाई प्रदेश गौरवको योजना भनी उल्लेख गरेको छ। उक्त योजनाको प्रगति स्थिति देहाय बमोजिम रहेको छ ।

प्रदेश गौरवका आयोजनाहरूको नाम	कुल लागत अनुमान (रू.हजार)	बजेट	खर्च (रू.हजार)	वित्तीय प्रगति	हाल सम्मको उपलब्धी
मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाँउ कार्यक्रम	**नखुलेको**	१०००००	९०५३८	९१	४१९ प्लाष्टिक घर निर्माण २०९ वटा बाखा, बंगुर र कुखुराको खोर निर्माण, १४३ वटा गोठमा भकारो सुधार गरिएको २५१.५ हेक्टरमा फलफूल खेती र ४.७५ हेक्टरमा चिया खेती विस्तार भएको। यस कार्यक्रमबाट ६३५३ जना कृषकहरू लाभान्वित भएका।
स्याउ विशेष आयोजना	**नखुलेको**	१२४३००	८४५२५	६८	स्याउ विशेष तथा शितोषण फलफूल विकास आयोजना मार्फत् मुस्ताङ्ग, मनाङ, गोरखा, म्याग्दी र लमजुङको उत्तरी भागमा बगैंचा स्थापना गर्ने गरी ६८११० उच्च घनत्व प्रविधिमा आधारित स्याउका बिरुवा आयात गरी ६ वटा जिल्लाका ६१ जना कृषकहरूलाई वितरण गरिएको जसबाट करिब ४५५ रोपनी क्षेत्रफलमा नयाँ स्याउ बगैंचा स्थापना भएको।
गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना	**नखुलेको**	०	०	०	हालसम्म कार्यक्रम कार्यान्वयनको प्रक्रिया अगाडि बढ्न नसकेको। प्रदेश दुग्ध विकास बोर्ड गठन भएको ।

यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

८.१. जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा हुने जोखिम न्युनीकरण गर्न स्थानीय स्रोत साधनको उचित व्यवस्थापन मार्फत् कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्ने उद्देश्य राखी २०७५।७६ देखि मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना कार्यान्वयनमा आएको हो। हालसम्म ६ हजार ३५३ कृषकहरू लाभान्वित भएको देखिन्छ। प्रदेश गौरवको रुपमा आयोजना कार्यान्वयन भएता पनि हालसम्म परियोजनाको कुल लागत र अपेक्षित उपलब्धी विश्लेषण गरेको छैन।

८.२. गत वर्ष मनाङ्ग, मुस्ताङ्ग र गोरखामा ६७ हजार ३०० र यो वर्ष विभिन्न ४ जिल्लामा ६८ हजार ११० वटा स्याउका विरुवा कृषक एवं कृषक समूहलाई वितरण गरेको देखिन्छ। उक्त विरुवाको रोपण तथा हालको अवस्थाको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। स्याउमा आत्मनिर्भर हुने आयोजना अन्तर्गत स्याउको विरुवा खरिद गरी वितरण गरेपछि अपेक्षित प्रतिफल हासिल गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।

८.३. चीन सरकारको सहकार्यमा सार्वजनिक निजी साझेदारी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले स्थापना भएको गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजनाको हालसम्म कार्यक्रम कार्यान्वयन मोडालिटी स्पष्ट नभएको र कानुनी आधार तयार नभएकोले खर्च नभएको अवस्था छ। प्रदेश गौरवको योजनामा समावेश गरी वार्षिक रुपमा बजेट व्यवस्था गर्ने तर कार्यान्वयन नगर्ने परिपाटीमा सुधार गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ।

९. **कृषि क्षेत्रको समग्र परिसूचक -** गण्डकी प्रदेश सरकारको मध्यमकालिन खर्च संरचनामा २०७७/७८ को कृषि क्षेत्रको लक्ष्य र प्रगतिको अवस्था निम्नानुसार देखिएको छः-

सूचक	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
कृषिमा कुल लगानी	रू.(करोडमा)	१४०	१०२	७२.८६
कृषि व्यवसायमा थप रोजगारी सिर्जना	संख्या (हजारमा)	१०	८	८०.००
सिंचित क्षेत्र विस्तार (साना सिंचाइ)	हेक्टर	१५०	११८	७८.६७
कोल्ड स्टोर तथा कोल्डरुम	संख्या	१५	७	४६.६७
बजार केन्द्रहरू निर्माण	संख्या	१५	०	०.००
साना व्यवसायीक फार्म	संख्या	५००	०	०.००
दुग्ध चिस्यान केन्द्र	संख्या	१०	२	२०.००
चरम खाद्य असुरक्षित घरधुरी	प्रतिशत	५	६	१२०.००
प्रतिव्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता	के जी	२४६	१९०	७७.२४
चक्लाबन्दी प्रवर्द्धन	हेक्टर	१००	५२	५२.००
जग्गा एकीकृत गरी बस्ती विकास	संख्या	१	०	०.००
कित्ता नापी नक्सामा सार्वजनिक सडक अद्यावधिक	कि.मि.	६००	०	०.००

बजार केन्द्रहरू निर्माण, जग्गा एकीकृत गरी वस्ती विकास र कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यमा प्रगति गरेको छैन। सिँचित क्षेत्र १५० हेक्टरमा विस्तार गर्ने लक्ष्य भएकोमा ११८ हेक्टरमा मात्र विस्तार भएको छ। कृषि व्यवसायमा थप रोजगारी सिर्जना गर्ने कार्यमा ८० प्रतिशत र चक्लाबन्दी प्रबर्द्धन कार्यमा ५२ प्रतिशत मात्र प्रगति भएको छ । समयमै कार्यक्रम सञ्चालन गरी लक्षित प्रगति हासिल गर्नुपर्दछ।

१०. **अनुदानमा एकद्वार नीति -** कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहँदैन। यस वर्ष मन्त्रालय र मातहतका निकायबाट अन्य संस्थालाई रू.५ करोड ११ लाख ६८ हजार अनुदान दिएको छ। संघीय

सरकार, प्रदेश सरकार (मन्त्रालय, पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र) तथा स्थानीय तहबाट समेत स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकभन्दा बढी निकायबाट एकै प्रकृतिका कार्यक्रममा अनुदान दिने र दिएको अनुदानको अभिलेख राख्ने नगरेबाट एउटै अनुदानग्राहीलाई बिभिन्न तहबाट पटक-पटक अनुदान प्राप्त हुने अवस्था रहेको छ। एकद्वार नीति बनाई अनुदान दिने व्यवस्था गर्नुपर्दछ ।

११. **कार्य सञ्चालनस्तरको कार्य -** प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७४ अनुसार मन्त्रालयले नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयनको अनुगमन लगायतको कार्यमा केन्द्रित रहनु पर्नेमा चक्लाबन्दी कार्यक्रम, चक्लाबन्दी जग्गामा पुनः अनुदान कार्यक्रम, नापि नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यक्रम, चक्लाबन्दी जग्गामा यान्त्रिकीकरण अनुदान र कृषि ऋणमा ब्याज अनुदान कार्यक्रम मन्त्रालय आफैंले सञ्चालन गरी रू.४ करोड ८० लाख १३ हजार खर्च गरेको छ। मन्त्रालयले मातहतका कार्यालयलाई कार्यक्रम सञ्चालन गर्न अख्तियारी नदिई आफैंले कार्यक्रम सञ्चालन गरेको उचित देखिएन। मन्त्रालयले यस वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रू.४२ लाख ८७ हजार खर्च गरेकोमा अनुगमनबाट देखिएका कमी कमजोरीमा गरिएको सुधारको अवस्था जानकारी हुने अभिलेख राखेको छैन । मन्त्रालयले कार्य विभाजन नियमावली, २०७४ अनुसार तोकिएको कार्यहरूलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नुपर्दछ।

१२. **सवारी साधन खरिद -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा ९(२) मा नेपाल सरकारको श्रोत, वैदेशिक अनुदान तथा ऋणबाट स्वास्थ्य सेवा सञ्चालन र निर्वाचन कार्यक्रम सञ्चालन प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि सवारी साधन खरिद नगर्ने व्यवस्था रहेकोमा यस वर्ष मन्त्रालयले रू.६४ लाख १९ हजारको सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिद संगै मर्मत र इन्धन खर्चसमेत वृद्धि हुने भएकोले सवारी साधन खरिदमा मापदण्डको पालना गरी मितव्ययीता कायम गर्नुपर्दछ । सवारी साधन खरिदको मापदण्ड तयार गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ।

१३. **मापदण्ड बाँझिएको -** सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७ को बुँदा न. २ मा सहकारी संघ-संस्थाको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न मन्त्रालय वा मातहतका कार्यालय र सम्बन्धित संस्था-संघको पचास/पचास प्रतिशत लागत साझेदारी हुने व्यवस्था छ। मन्त्रालयले यस वर्ष छुट्टाछुट्टै मापदण्ड बनाई सञ्चालन गरेको चक्लाबन्दी कार्यक्रममा ९० प्रतिशत, चक्लाबन्दी गरेको जग्गामा पुन अनुदान कार्यक्रममा ९० प्रतिशत तथा यान्त्रिकीकरण अनुदान कार्यक्रममा ७५ प्रतिशत अनुपातमा अनुदान दिएको छ। मन्त्रालय तथा मातहतका कार्यालयले समेत सहकारी संस्थालाई अनुदान दिने प्रयोजनार्थ मापदण्ड स्विकृत गरी कार्यान्वयन गरेकोमा १४ सहकारी संस्थालाई अनुदान प्रदान गर्दा पचास प्रतिशत भन्दा बढी अनुपातमा रू.१ करोड ४६ लाख ९९ हजार अनुदान प्रदान गरिएको छ। यसरी सहकारी संघ संस्थालाई अनुदान दिने कार्यविधि अनुसार ५० प्रतिशत लागत साझेदारी हुने गरी अनुदान दिनुपर्नेमा रू.१ करोड ४६ लाख ९९ हजार बढी अनुदान दिई थप व्ययभार पारेको छ। मापदण्डमा एकरुपता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१४. **जग्गा चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम -** मन्त्रालयले जग्गा चक्लाबन्दी कार्यक्रमको लागि विभिन्न ७ वटा समूह एवं संस्थालाई रू.२ करोड ८० लाख ८९ हजार अनुदान सहयोग बापत रकम उपलब्ध गराएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१४.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा एक्सप्रेसन अफ इन्ट्रेस्ट (इओआई) को आधारमा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन हुने क्षेत्रको डिटेल सर्भे, नक्सा तयारी, प्लट डिजाइन, लागत अनुमान, फिल्ड लेआउट लगायतका १ हजार १४ रोपनीको कार्य परामर्शदाताबाट सोझै गराई रू.३२ लाख ४९ हजार भुक्तानी दिएको छ । ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम मन्त्रालयबाटै प्रतिस्पर्धा गराई परामर्श सेवा खरिद गर्नुपर्दछ।

१४.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल वा विजकको भुक्तानी गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले यस वर्ष स्याङ्जा, कास्की, गोरखा र तनहुँ जिल्लाका ७ स्थानमा अनुदानग्राही छनौट गरी १ हजार १४ रोपनी क्षेत्रफलमा जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरेकोमा अनुदान रकम भुक्तानी गर्दा १ संस्थालाई मापदण्ड भन्दा बढी भुक्तानी गरेको रू.२ लाख ३७ हजार, ३ संस्थालाई मापदण्ड विपरित मल विउको भुक्तानी भएको रू.३ लाख १२ हजार र ६ संस्थालाई फिल्ड निरीक्षण प्रतिवेदन भन्दा बढी भुक्तानी भएको रू.४ लाख ५६ हजार समेत बढी भुक्तानी भएको रू.१० लाख ५ हजार असुल गर्नुपर्दछ।

१४.३. जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ को अनुसूची- १ मा चक्लाबन्दी भएको जमिनलाई कृषि कार्यमा निरन्तर १० वर्षसम्म प्रयोग गर्ने गरी जग्गाधनीले प्रतिवद्धता व्यक्त गर्नुपर्ने र १० वर्ष पश्चात् जग्गाधनीलाई जग्गा फिर्ता गर्दा कुन मोडेलमा फिर्ता गर्ने हो, सोको खाका पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष स्याङ्जा, कास्की, गोरखा र तनहुँ जिल्लाका ७ स्थानमा जम्मा १ हजार १४ रोपनी क्षेत्रफलमा अनुदानग्राही छनौट गरी जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रम सञ्चालन गर्दा जग्गा धनीसँगको अनुमति, प्रतिवद्धता तथा मापदण्ड लगायतका न्यूनतम प्राविधिक पक्षहरूलाई समेत पुरा गरेको देखिएन। मन्त्रालयले नागरिकको व्यक्तिगत सम्पत्तिको अनुमति नलिई कार्यक्रम सञ्चालन गरेको, १० वर्ष पश्चात् कुलो, पैनी, नाला, बाटो, पम्प हाउस लगायतमा प्रयोग भएको जग्गा कटाई जग्गाधनी प्रमाणपुर्जा, नक्सा नापी वा प्रयोग गरेको क्षेत्रफलमध्ये कुन आधारमा जग्गा फिर्ता गर्ने सोको एकीन नगरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ। मन्त्रालयले जग्गा फिर्ता मोडालिटी एकीन गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने र कृषि कार्यक्रम उद्देश्य अनुरुप सञ्चालन भए नभएको अनुगमन गर्नुपर्दछ ।

१५. **पुनः अनुदान -** गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा २१ मा विगतदेखि कार्यान्वयनमा रहेका चक्लाबन्दी जग्गामा कृषि उत्पादन बढाउन र प्लट सुधार गर्न दुई वर्षसम्म अनुदान उपलब्ध गराउन सकिने व्यवस्था गरेको तथा मन्त्रालयबाट जारी भएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) को खण्ड-घ मा लाभग्राही समुदायबाट सम्पन्न निर्माण कार्यको सञ्चालन तथा मर्मत सम्भारको कार्य

सम्बन्धित लाभग्राही समुदायले नै गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश सरकारबाट जारी भएको चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ संघीय कानूनसँग बाँझिएको देखिन्छ। एक पटक अनुदान उपलब्ध गराई सके पश्चात् सोही लाभग्राहीलाई सोही संरचनाको मर्मत सम्भार गर्न मन्त्रालयले यो वर्ष ११ अनुदानग्राहीहरूलाई प्रति रोपनी रू.५ हजारका दरले २ हजार ९११ रोपनी क्षेत्रफलको लागि रू.१ करोड १३ लाख ८४ हजार अनुदान दिएको छ। संरचनाको मर्मत सम्भारमा पुनः अनुदान नदिई लाभग्राही समुदायलाई नै जिम्मेवार बनाउनुपर्ने देखिन्छ।

१६. **एउटै संस्थालाई फरक फरक कार्यक्रमबाट अनुदान** - बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १२(३) मा एउटै कामको लागि एकभन्दा बढी कार्यालयबाट अनुदान रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ। मन्त्रालयले गत वर्ष चक्लाबन्दी कार्यक्रमबाट रू.२ करोड ९२ लाख ५७ हजार अनुदान प्राप्त गरेका ३ संस्थालाई यस वर्ष पुनः चक्लाबन्दी कार्यक्रमबाट रू.५९ लाख १ हजार र यान्त्रिकीकरण कार्यक्रमबाट रू.४५ लाख ७५ हजार अनुदान उपलब्ध गराएको छ। यसरी एकै संस्थालाई फरक-फरक कार्यक्रमबाट अनुदान उपलब्ध गराँउदा सीमित व्यक्ति तथा संस्था मात्र लाभान्वित हुने तथा आयको असमान वितरण हुने भएकोले मन्त्रालयले अनुदानका कार्यक्रम बनाँउदा हरेक वर्ष एउटै व्यक्ति तथा संस्था मात्र लाभान्वित हुने नभई समग्रतालाई समेट्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१७. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ३९० आयोजनाको लागि रू.५७ करोड १२ लाख ८१ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

सहकारी रजिष्ट्रारको कार्यालय

१८. **सहकारीको स्थिति तथा अनुगमन** - प्रदेश सरकारले सहकारीलाइ दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ तयार गरी लागू गरेको छ। प्रदेश अन्तर्गत ९३९ सहकारी रहेकोमा ३०३ ले मात्र वार्षिक रुपमा विवरण बुझाएको देखिन्छ। सहकारीहरूको कुल शेयर पूँजी रू.१० अर्ब ६५ करोड २३ लाख ३२ हजार, कुल निक्षेप रू.५५ अर्ब ३३ करोड १३ लाख तथा कुल लगानी रू.६० अर्ब ३२ करोड ८५ लाख रहेको र कुल शेयर सदस्य संख्या ४ लाख ४८ हजार ८३४ रहेको उल्लेख छ। सहकारी ऐनको दफा ४७ मा सहकारीमा राखेको वचतको ब्याज र ऋणको ब्याजदरको अन्तर ५ प्रतिशत भन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाइ मुल ऋणमा पूँजीकृत गरी सो को आधारमा ब्याज लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा

उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने जस्ता प्रावधानहरू रहेकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन। अनुगमन गरी उपरोक्त प्रावधान कार्यान्वयन गर्नु गराउनु पर्दछ ।

१९. **वचत तथा ऋण सहकारी संस्थालाई कृषि अनुदान -** प्रदेश सहकारी ऐन, २०७५ को दफा १८ मा विषयगत आधारमा सहकारी संस्थाको वर्गीकरण गरी क्षेत्रगत कार्यहरू तोकेको छ। कार्यालयले यस वर्ष एक सहकारी एक उत्पादन कार्यक्रमबाट २ वटा वचत तथा ऋण सहकारी संस्थालाई रू.६ लाख ७५ हजार अनुदान प्रदान गरेको छ। बचत तथा ऋण सहकारी संस्थाको मुख्य कारोबार बचत स्वीकार गर्नु तथा ऋण प्रदान गर्ने हुनेमा त्यस्ता वचत तथा ऋण सहकारी संस्थालाइ समेत कृषि उत्पादन, बजारीकण तथा प्रशोधनको कार्यमा सहयोग पुऱ्याउने भनी अनुदान दिनु उचित देखिएन।

२०. **समन्वय र अन्तरसम्बन्ध -** संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ को दफा २२ मा संघ र प्रदेशका सम्बन्धित कार्यक्षेत्र रहेका मन्त्रालय तथा स्थानीय तह बिचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको विषयगत मन्त्रालयको मन्त्रीको अध्यक्षता तथा प्रदेश मन्त्रालयका विषयगत मन्त्री र स्थानीय तहको प्रतिनिधि रहने विषयगत समितिको व्यवस्था रहेको छ। दफा २३ मा विषयगत समितिको काम कर्तव्य तथा समन्वय सम्बन्धमा व्यवस्था रहेको छ। गण्डकी प्रदेश अन्तर्गत जम्मा २ हजार ६७१ सहकारी संस्था रहेका र प्रदेश क्षेत्राधिकार भित्र ९२६ सहकारी संस्था रहेकोमा समन्वय तथा अन्तरसम्बन्धको लागि कुनै पनि संयन्त्र गठन भएको पाइएन। अतः कार्यमा दोहोरोपना नहुन तथा क्षमता अभिवृद्धिको लागि विषयगत समिति गठन गरी समन्वयात्मक भुमिका निर्वाह गर्नुपर्दछ ।

२१. **कार्यक्षेत्र भन्दा बाहिर अनुदान -** संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ को बुँदा (छ) मा प्रदेशको कार्यक्षेत्र भित्र दुई वा दुई भन्दा बढी स्थानीय निकायमा कार्यक्षेत्र रहेका सहकारीको नियमन तथा क्षमता विकास गर्ने उल्लेख भएकोमा कार्यालयले एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत स्थानीय तहमा दर्ता तथा नवीकरण भएका र कार्यक्षेत्र समेत एकमात्र स्थानीय तह भएका ११ सहकारी संस्थालाई ३६ लाख १५ हजार अनुदान दिएको छ। यसरी प्रदेश क्षेत्राधिकार भएका सहकारी संस्थाको नियमन, अनुगमन, मूल्यांकन गर्नुपर्नेमा सञ्चालन तथा नियमनको जिम्मेवारी स्थानीय तहमा भएका सहकारी संस्थालाई छनौट गरी अनुदान दिनु उचित देखिएन।

कृषि विकास निर्देशनालय

२२. **स्याउ बेर्ना खरिद -** उच्च घनत्व बगैचा विस्तारका लागि विरुवा खरिद तथा वितरण स्याउ विशेष कार्यक्रमको लागि रू.४ करोड ३ लाख ६५ हजार र शितोष्ण फलफूल विकास आयोजनाको लागि रू.३ करोड ५६ लाख ५० हजार गरी जम्मा रू.७ करोड ६० लाख १५ हजार बजेट व्यवस्था भएकोमा ६८ हजार ११० स्याउको बेर्ना खरिद तथा वितरणको लागि एक प्रा. लि. सँग रू.७ करोड १५ लाख १५ हजारको सम्झौता गरी निर्देशनालयले ७५ प्रतिशतले हुने रकम रू.५ करोड ३६ लाख ३७ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

२२.१. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावलीको नियम ११(२)(क) मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले मुस्ताङ्ग जिल्लाको जिल्ला दररेट रू.१ हजार १५०, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई मुस्ताङ्गको दररेट रू.१ हजार १७० र भुमि व्यवस्था कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालयले गत वर्षको खरिद दरको आधारमा उपलब्ध गराएको दररेट रू.९४९ को औषत गरी स्याउको विरुवा प्रतिगोटा रू.१ हजार ८९ लागत अनुमान तयार गरेको छ। सो लागत अनुमानको आधारमा बोलपत्र आह्वान गरी प्रति विरुवा रू.१ हजार ५० को दरले ६८ हजार ११० विरुवाको खरिद गर्न एक निजी फर्मसँग सम्झौता गरेको छ। मन्त्रालयको दररेट लाई आधार मानी लागत अनुमान तयार नगरेको कारण प्रति विरुवा रू.१०१।०० को हिसाबले ६८ हजार ११० विरुवाको रू.६८ लाख ७९ हजार को ७५ प्रतिशतले हुन आउने रू.५१ लाख ५९ हजार थप व्ययभार परेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ।

२२.२. **कार्यविधि विपरित छनौट तथा भुक्तानी -** स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ को दफा १ (क) र (ख) मा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैचाको हकमा कृषकले कम्तीमा १ रोपनीको क्षेत्रफल र कृषि फर्म कम्पनी, कृषक समुह तथा कृषि सहकारी संस्थाले कम्तिमा ५ रोपनी क्षेत्रफलमा बगैचा स्थापना र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पाँच रोपनी भन्दा कम क्षेत्रफल भएका एकल कृषि फर्महरूलाई कृषकको व्यक्तिगत आवेदन सरह मान्यता दिनेगरी निर्देशनालयले २०७८।१०।२ गते निर्णय गरेको देखिन्छ । १२ फर्महरूले फर्मको रुपमा आवेदन पेश गरेकोमा व्यक्तिगत कृषकको रुपमा छनौट गरी रू.१७ लाख ९६ हजार अनुदान बराबरको २ हजार २८० स्याउ विरुवा वितरण गर्नु उचित देखिएन । मापदण्ड अनुसार फर्म छनौट गरी अनुदान वितरण गर्नुपर्दछ ।

२३. **अदुवा प्रशोधन कार्यक्रम -** गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० मा मन्त्रालयले वार्षिक विकास कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णय गराई कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम मन्त्रालयले मातहतको कार्यालयलाई समेत लागु हुने गरी सहकारी संस्थालाई अनुदान दिने मापदण्ड, २०७७, विउ प्रशोधन केन्द्र सहयोग सञ्चालन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ र कृषि उत्पादनको प्रशोधन तथा उद्योग स्थापना कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। उपरोक्त ३ वटै कार्यविधिमा कार्यालय र अनुदानग्राही बिच **५०/५० प्रतिशत लागत साझेदारी गर्ने व्यवस्था भएकोमा निर्देशनालयले** यस वर्ष अदुवा प्रशोधन केन्द्र सुदृढीकरण कार्यक्रमबाट एक संस्थालाई संरचना निर्माण बापत कुल मूल्यांकन रकमको ९० प्रतिशतले हुने रू.१८ लाख ९८ हजार अनुदान भुक्तानी गरेको छ । सोही संस्थालाई आर्थिक वर्ष २०७७।७८ मा समेत ९० प्रतिशतले हुने रू.२८ लाख ६५ हजार समेत रू.४७ लाख ६३ हजार अनुदान भुक्तानी गरेको देखिन्छ। यसरी सोहि प्रकृतीको कार्य गर्ने अन्य संस्थालाई ५० प्रतिशत अनुदान दिएकोमा त्यस संस्थालाई ९० प्रतिशत अनुदान भुक्तानी दिनु उचित

देखिदैन। यसरी कार्यान्वयनमा रहेको मापदण्ड अनुशरण नगरी एकीकृत कार्यविधि भनी बढी भुक्तानी दिँदा सरकारलाई बढी व्ययभार परेको देखिन्छ। यसमा सुधार हुनुपर्दछ।

२४. **सहकारी संस्थालाई अनुदान -** सहकारी संघ-संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७ को बुदा नं. २ मा उल्लेखित सहकारी संघ-संस्थाको मागमा आधारित कार्यक्रम सञ्चालन गर्न मन्त्रालय वा कार्यालय र सम्बन्धित संस्था-संघको पचास/पचास प्रतिशत साझेदारी हुने व्यवस्था छ। निर्देशनालयले समुदायमा आधारित कृषि उपज उत्पादन कार्यक्रम अन्तर्गत ८ सहकारी संस्थालाई कृषि उपज उत्पादन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ अनुसार ९० प्रतिशत अनुदान दिई रू.२६ लाख ८३ हजार खर्च लेखेको छ। मन्त्रालय र मातहतका कार्यालयले समेत सहकारी संस्थालाई अनुदान दिने प्रयोजनार्थ कार्यविधि निर्माण गरी लागु गरेकोमा राज्यकोषमा थप व्ययभार पर्ने गरी पुन अर्को कार्यविधि निर्माण गरी अनुदान दिनु उचित देखिदैन। यसरी सहकारी संस्थालाई ५० प्रतिशत अनुदान दिने मापदण्ड संसोधन एवं खारेज नगरी अर्को मापदण्ड निर्माण गरी सो अनुसार ८ सहकारी संस्थालाई ९० प्रतिशत अनुदान दिई थप व्ययभार परेको रू.११ लाख ९३ हजार उचित देखिएन।

२५. **एउटै प्रकृतिको कार्यक्रममा दोहोरो अनुदान -** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ को दफा १२(३) मा एउटै कामको लागि एकभन्दा बढी कार्यालयबाट अनुदान रकम उपलब्ध नगराउने व्यवस्था रहेको छ। कार्यालयले चामल प्रशोधन कार्यको लागि संरचना निर्माण तथा मेसिनरी खरिद गर्न यस वर्ष लमजुङको एक संस्थालाई रू.६ लाख ९५ हजार अनुदान उपलब्ध गराएको छ। कृषि ज्ञान केन्द्र लमजुङबाट धान व्लक कार्यक्रम अर्न्तगत सोहि संस्थालाई आर्थिक वर्ष २०७७।७८ मा रू.१२ लाख अनुदान उपलब्ध गराएको देखिन्छ। व्लक विकास कार्यविधि अनुसार पोष्ट हार्भेष्ट क्रियाकलापमा चामल प्रशोधन कार्य समेत पर्ने भएकोले नाम फरक पारी चामल प्रशोधन कार्यलाई अनुदान दिनु कार्यविधी विपरित देखिन्छ। यसरी नाम फरक पारी एउटै प्रकृतीको कार्यमा एउटै संस्थालाई फरक फरक कार्यालयबाट अनुदान दिने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

२६. **अनुदानमा एकद्धार नीति -** कृषि, पशु तथा मत्स्य विकास कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट सञ्चालन हुँदा पारदर्शीता हुने र दोहोरो वितरणको अवस्था रहदैन। संघीय सरकार, प्रदेश मन्त्रालय, पशु तथा मत्स्य विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा स्थानीय तह समेतबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिका अनुदान कार्यक्रम एक भन्दा बढी निकायबाट दिने गरेको र दिएको अनुदानको अभिलेख राख्ने नगरेबाट एकै कृषक पटक-पटक लाभान्वित हुने अवस्था देखिन्छ। साथै अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्दि तथा रोजगारी श्रृजना लगायतका विषयमा अनुमगन गरी प्रतिवेदन जारी गरेको छैन। स्पष्ट कार्यक्रम र नीति तथा सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धी सम्बन्धमा पारदर्शीता कायम गर्नुपर्दछ ।

२७. **अनुदानको अनुगमन -** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३७ मा आयोजना तथा कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले यस वर्ष

कोल्ड स्टोर निर्माण, दुग्ध चिस्यान केन्द्र स्थापना र पशु कल्याण कार्यक्रममा ५ संस्थालाई रू.१६ लाख ८८ हजार अनुदान दिएकोमा अनुदानको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। गत विगतमा दिएका अनुदानको प्रभावकारिता र कार्यक्रमको निरन्तरता सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेमा सो समेत गरेको पाइएन । यसमा सुधार हुनुपर्दछ।

कृषि ज्ञान केन्द्रहरू

२८. **सहकारी संस्थाको भवन -** संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने देखिन्छ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित् हुनु पर्दछ । कृषि ज्ञान केन्द्र बाग्लुङ्गले एक दूग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई कृषि उपज संकलन केन्द्र भवन निर्माण गर्न ७६.५१ प्रतिशत अनुदान बापत रू.९ लाख ९९ हजार अनुदान दिई खर्च लेखेकोमा संस्थाले निशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराएको सुनिश्चितता भएको देखिएन। समयमा भवन निर्माणको कार्य सम्पन्न नभएकोले २०७९ श्रावण दोस्रो हप्ता भित्र कार्यसम्पन्न गर्ने प्रतिबद्धताको आधारमा कार्यालयले उपरोक्त रकम भुक्तानी गरी खाता रोक्का गरेको छ। निर्माण कार्य पुरा नै नभई भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२९. **सम्पत्ति संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्बन्धी व्यवस्था छ । त्यसैगरी नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । कृषि ज्ञान केन्द्र बाग्लुङ्गको स्वामित्वमा हुनुपर्ने साविक जिल्ला कृषि विकास कार्यालयको स्वामित्वमा ३ रोपनी ११ आना ३ दाम जग्गा तथा सो जग्गामा बनेको भवन लगायतका संरचना, बागवानी शाखा बागलुङ्गको नाममा २ रोपनी ११ आना जग्गा, जे.टि.ए.क्वार्टर हरिचौरमा ९ आना २ दाम जग्गा र भवन सहितको संरचनामध्ये जिल्ला कृषि विकास कार्यालयको नाममा रहेको १२ कोठा सहितको भवन बागलुङ्ग नगरपालिकाले उपयोग गरेको देखिन्छ भने बाँकी जग्गा तथा भवन कार्यालयको स्वामित्वमा आएको देखिदैन। कार्यालयले आफ्नो सम्पत्तिको संरक्षण गरी जिन्सी सामानको अभिलेख समेत दुरुस्त गर्नुपर्ने देखिएको छ ।

३०. **मापदण्ड विपरित खर्च -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७ मा जोन कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले तोकेको बाली/वस्तुमा आधारित रही उपलब्ध हुने सेवा सुविधा बमोजिमको कृषि उत्पादन, प्रविधिक सहयोग, प्रयोगशाला सेवा, कृषि औजार तथा उपकरण, साना सिचाइ पूर्वाधारको सुविधा कार्यान्वयन सम्बन्धित व्यवस्था गरेको छ। कृषि ज्ञान केन्द्र म्याग्दीले प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्याक्रमबाट विभिन्न ९ कृषि सहकारी तथा समूहलाई भुक्तानी गर्दा म्यानुअलको व्यवस्था विपरित ढुवानी खर्च तथा व्यवस्थापन खर्च बापत भुक्तानी भएको रू.७ लाख ३२ हजार असुल गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रू.३ करोड ६४ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रू.३१ लाख १७ हजार फर्स्यौट गरेकोले रू.३ करोड ३२ लाख ८७ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची -९ मा रहेको छ ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च** - आर्थिक वर्ष २०७४।७५ देखि २०७८ ।७९ सम्म यस मन्त्रालयको ५ वर्षको अवधिमा कुल बजेट रू.६ अर्ब ५२ करोड ३९ लाख रहेकोमा कुल खर्च रू.४ अर्ब १६ करोड ३ लाख खर्च भएको छ । उक्त खर्चमध्येपुँजीगत खर्च रू.७५ करोड ५१ लाख र चालु खर्च रू.३ अर्ब ४० करोड ५२ लाख रहेको छ । कुल खर्च मध्ये पूँजिगत खर्च १८.१५ प्रतिशत र चालु खर्च ८१.८४ प्रतिशत रहेको छ। विगत ५ वर्षको औसत खर्च ६३.७७ प्रतिशत रहेको देखिन्छ ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये प्रदेश कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७७, सहकारी ऐन, २०७५, प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ गण्डकी प्रदेश खाद्य परिषद गठन तथा सञ्चालन आदेश, २०७५, गण्डकी प्रदेश सहकारी नियमावली २०७६ लगायतका ऐन कानुन तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

३. **नीति निर्माण** - नियमावली अनुसार मन्त्रालयको कार्य जिम्मेवारीमध्ये कृषि उपजको न्यूनतम समर्थन मूल्य तय गरी कार्यान्वयन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कृषिजन्य र पशुपंक्षीजन्य औषधि, विषादी र उपयोग सम्बन्धी प्रादेशिक नीति, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा नियम, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति तथा कानुन, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा लगायतका काम हुन सकेको छैन ।

४. **उपलब्धि** - मन्त्रालय स्थापना भएको ५ वर्षमा दुई वटा गौरवको योजनामध्ये मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजनावाट ६ हजार ३५३ जना कृषक लाभान्वित भएको र स्याउ विशेष आयोजना अन्तर्गत हालसम्म १ लाख ३५ हजार ४१० विरुवा वितरण गरिएको छ। मन्त्रालय तथा मातहतबाट ४ वर्षमा माटो जाँच, प्रयोगशाला, वीमा तथा प्रत्यक्ष अनुदान लगायतका ९ लाख १५ हजार ६६९ सेवा उपलव्ध गराएको देखिन्छ।

नेपालको संविधान र प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले तोकेका कार्यहरू र प्रदेश मन्त्रालयले बार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औल्याएका व्होराहरू विगत ५ वर्षको कार्य समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको सडक, पुल तथा यातायात व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरु योजना तर्जुमा, समन्वय र नियमन लगायतका कार्य गर्ने रहेका छन् । मन्त्रालय र मातहतका १९ निकायबाट सेवा प्रवाह भई रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहत समेत २० कार्यालयको विनियोजन रू.७ अर्ब १४ करोड १४ लाख ९५ हजार, राजस्व रू.१ अर्ब ९९ करोड ६१ लाख ३६ हजार, धरौटी रू.१ अर्ब ६९ लाख ३ हजार र अन्य कारोबार रू.२ लाख ७७ हजार समेत रू.१० अर्ब १४ करोड ४८ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरूप दिन नीति तथा कार्यक्रम र कार्ययोजनामा समावेश गर्नुपर्नेमा कार्यक्षेत्रभित्र रहेका घर एकीकरण (हाउस पुलिङ्ग) सम्बन्धी क्षेत्र विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन नीति तथा मापदण्ड, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण एंव वातावरणमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री यातायात प्रवर्द्धन विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छैन । अतः जिम्मेवारी भित्रका कार्यलाई नीति र कार्यक्रममा समावेश गर्नुपर्दछ ।

२. **पुँजीगत बजेट र खर्च** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको विगत तीन वर्षको संशोधितपुँजीगत बजेट र खर्च यस प्रकार छ।

(रू.हजारमा)

आर्थिक वर्ष	बजेट	खर्च	खर्च प्रतिशत
२०७६/७७	१६६८८९९८	११७२३८६९	७०.२५
२०७७/७८	१८२५४९०५	१४८२८०२८	८१.२३
२०७८/७९	९२५१७३८	६८८८३७७	७४.४५

मन्त्रालयको पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६।७७ मा स्वीकृत बजेटको ७०.२५ प्रतिशत, २०७७।७८ मा ८१.२३ प्रतिशत र २०७८।७९ मा ७४.४५ प्रतिशत खर्च गरेको देखिन्छ । स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ।

३. **चौमासिक खर्च -** मन्त्रालय र मातहतका कार्यालयमापुँजीगततर्फ रू.६ अर्ब ८८ करोड ८३ लाख ७७ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ७.७७ प्रतिशत, दोश्रो चौमासिकमा २६.०९ प्रतिशत र तेस्रो चौमासिकमा ६६.१४ प्रतिशत खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ ।

४. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम

त्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका पूर्वाधार विकास कार्यालयहरू, शहरी विकास तथा भवन कार्यालय र पूर्वाधार निर्देशनालय गरी १३ कार्यालयले यस वर्ष रू.४७ अर्ब २२ करोड ३५ लाखको ३५० खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रू.४० करोड ८१ लाखको ३४, दोश्रो चौमासिकमा रू.४५ अर्ब ८३ करोड ५० लाखको २३८, तेस्रो चौमासिकमा रू.९८ करोड ४ लाखको ७८ ठेक्का सम्झौता गरेको छ । कानुनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५. **दरबन्दी र पदपूर्ति -** मन्त्रालय र अन्तर्गत कार्यालयको लागि कुल ३७१ दरबन्दी रहेकोमा १६३ पदपूर्ति भई २०८ रिक्त रहेको छ । स्वीकृतमध्ये प्राविधिक जनशक्तिको दरबन्दी १७१ रहेकोमा ८१ मात्र स्थायी पदपूर्ति भएको छ । कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

६. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यक्रमहरूलाई प्रदेश गौरवका आयोजनामा घोषणा गरी कार्यान्वयनमा ल्याएको छ । यस मन्त्रालयले कार्यान्वयन गर्ने जिम्मेवारी पाएको आयोजनाको कार्यान्वयन अवस्था निम्नानुसार छः

(रू.हजारमा)

क्र.सं.	आयोजनाको नाम	योजना संख्या	कुल लम्बाइ (कि.मी.)	निर्माणाधीन लम्बाइ	सम्पन्न लम्बाइ	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१	एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमः	३५	६१५.८	३६९.७	११३.४१	९२६५९६६	६४६६०१२	६९.७८
२	स्थानीय तहका केन्द्र जोड्ने सडक कार्यक्रम	१२	१०७.३	९५.६९	१४.८४	२५३०१८३	१४८५३६५	५८.७१
३	पोखरा-डेडगाउँ-दुम्कीबास-त्रिवेणी सडक निर्माण आयोजना (खण्डहरू)	६	६३	२९	१८	७२५९००	३७३८४४	५१.५०
४	शालिग्राम करिडोर	४	८०	४४	१३	७२९०९२	३६७६०१	५०.४२
५	एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना	१	अवधारणा (Conceptual Plan) तयार भएको					
			लोकसेवा आयोगको अगाडि रहेको १२६रोपनी, नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा साविकको नगर विकास समितिलाई भोगाधिकार प्राप्त रहेको, प्रदेश सरकारले भोगाधिकार/स्वामित्व प्राप्त गर्नुपर्नेल।					
			विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार हुन बाँकी					
६	स्याटलाइट सिटी	६	सम्पन्न योजना					
			भिमाद नगरपालिकामा स्याटलाइट सिटी अन्तर्गत २०० मि. सडक ढलान र नाली कार्य सम्पन्न भएको					
			मध्यनेपाल स्याटलाईट सिटी अन्तर्गत १७५ मि. सडक ढलान र नाली कार्य सम्पन्न भएको					
			कुश्मा नगरपालिकामा स्याटलाइट सिटी अन्तर्गत् वडा नं ९ र ११ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको					
			पुतलीबजार नगरपालिकामा स्याटलाइट सिटी अन्तर्गत वडा नं ९ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको					
			निर्माणाधीन योजनाः					
			फलेवास नगरपालिकामा स्याटलाइटसिटी अन्तर्गत वडा नं २ र ११ को वडा कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको					
			शुक्लागण्डकी नगरपालिकामा स्याटलाइट सिटी अन्तर्गत कार्यालय जाने सिँढि बनाउने काम हुँदै					

उल्लिखित ६ वटा प्रदेश गौरवका आयोजनाहरूमध्ये एक आयोजना शुरु नभएको र एक आयोजना को प्रगति न्यून रहेकोले मन्त्रालयले प्रदेश गौरवका आयोजना निर्धारित समयमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था र सञ्चालित आयोजनाको प्रगति समीक्षा गर्नुपर्दछ ।

७. **नर्म्स** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत सडक, भवन आदि पूर्वाधार निर्माण र त्यससंग सम्बन्धित परामर्श सेवा खरिद कार्यमा यस वर्ष शहरी विकास तथा भवन कार्यालयले रू.११ लाख ५ हजार, पूर्वाधार विकास निर्देशनालयले रू.२ करोड ८६ लाख ५५ हजार, पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्ता पूर्वले रू.४८ लाख ४५ हजार र पूर्वाधार विकास कार्यालय, बाग्लुङ्गले रू.५३ लाख २ हजार गरी कुल रू.३ करोड ९९ लाख ७ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा एकरूपता कायम गर्नुपर्दछ ।

८. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय मातहतका १३ कार्यालयहरूले यस वर्ष रू.१५ करोड ४ लाख ३९ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त खर्च कुलपुँजीगत खर्चको २.१८ प्रतिशत हुन आउँछ । कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च एकीन गर्न सकिएन। यसमा सुधार गर्नुपर्दछ ।

९. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ९३१ आयोजनाको लागि रू.१ अर्ब ७२ करोड ८१ लाख ३९ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७५ लाख रकमान्तर गरी एक सवारी साधन रू.७० लाख ७९ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

यातायात पूर्वाधार निर्देशनालय

१०. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । मूल्य समायोजन सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

१०.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । ऐनको उक्त व्यवस्था अनुसार ईकाई दर सम्झौता भएको अवस्थामा मात्र मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिन्छ। यातायात पूर्वाधार निर्देशनालय, कास्कीले लमसम प्रकृतिको डिजाईन एण्ड बिल्ट कन्ट्रयाक्टको सम्झौता

गर्दा सम्झौतामा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी ३ ठेक्कामा रू.२ करोड ६९ लाख ९२ मूल्य समायोजन भुक्तानी गरेको नियम विपरित छ ।

१०.२. निर्माण व्यवसायीले सम्झौता गर्दा पेश गरेको मुल्य समायोजन डाटामा ट्रान्स्पोर्ट, भेईकल एण्ड मेशीनरी गुड्स उल्लेख भएता पनि नेपाल राष्ट्र बैंकको २०१८ जुलाईमा प्रकाशन गरेको रि-ईन्डेक्समा मेशिनरी एण्ड ईक्युपमेण्ट्स र ट्रान्स्पोर्ट मेशीनरी एण्ड ईक्युपमेण्ट्सको अलग अलग ईन्डेक्स प्रकाशित गरेको छ। मूल्य समायोजन गणना गर्दा २०१८ जुलाई पछि मेशिनरी एण्ड ईक्युपमेण्ट्सको इण्डेक्स प्रयोग गर्नुपर्नेमा ट्रान्सपोर्ट, ईक्युपमेण्ट्स एण्ड मेशीनरीको ईन्डेक्स प्रयोग गरेबाट मिदिम खोला पुल, लमजुङको रनिङ विल भुक्तानी गर्दा बढी दरको ईन्ड्क्स प्रयोग भई गणना गरेकोले रू.१२ लाख ४६ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

११. **पुल निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ मा सार्वजनिक निकायले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताले खरिद सम्झौता तथा खरिद सम्बन्धी दायित्व पालना गर्नुपर्ने उल्लेख छ। पूर्वाधार निर्देशनालय, कास्कीले मास्दीघाट पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की रू.१ करोड १९ लाख ९० हजार प्रदान गरेकोमा तनहुँ हाईड्रोको डुवानमा परेको जनाई हालसम्म काम शुरु नगरेकोले उक्त पेश्की असुल हुनुपर्दछ।

शहरी विकास तथा भवन कार्यालय, कास्की

१२. **प्रादेशिक सरकारी भवन मर्मत सम्भार -** स्विकृत वार्षिक कार्यक्रम अनुसार प्रादेशिक सरकारी भवन मर्मत सम्भार तथा निर्माण संरचनागत सुधार गर्नका लागि यो वर्ष रू.६२ लाख बजेट व्यवस्था भएकोमा रू.४८ लाख २२ हजार खर्च गरेको छ। कार्यालयले सरकारी भवनहरूको मर्मत सम्भार गर्नका लागि कार्यालयहरूको मर्मत सम्भार संरक्षण लगत तयार गर्नुपर्ने र प्राप्त बजेटलाई प्राथमिकताको आधारमा कार्यालयगत बजेट वर्गिकरण गरी मर्मत अभिलेख राखी खर्च गर्नुपर्नेमा मर्मतको लगत एवं प्राथमिकीकरण बेगर नै कार्यालय मर्मतमा खर्च गरेको छ। तसर्थ कार्यालयले मर्मत गर्नुपर्ने कार्यालयको प्राथमिकिकरण गरी मर्मत गर्ने र मर्मत पश्चात् अभिलेख राख्नुपर्ने, एउटै कार्यालय पटक-पटक मर्मत हुने र कुनै कार्यालय लामो समयसम्म मर्मत नै नहुने अवस्था आउन सक्ने हुनाले तालुक निकायले समेत ध्यान दिनुपर्ने देखिन्छ।

पूर्वाधार विकास कार्यालयहरू

१३. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नुपर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, गोरखाले ढुङ्गागाडे भङ्ग्याङ्ग-नामजुङ्ग-घैरुङ-मनकामना सडक निर्माणमा विभिन्न निर्माण कार्यको मुल्य समायोजन भुक्तानी गर्दा खरिद सम्झौतामा उल्लेख भएको भन्दा फरक सूचकाङ्कको आधार लिई भुक्तानी दिएको कारण रू.१२ लाख ४४ हजार, पूर्वाधार विकास कार्यालय, म्याग्दीले बेनी दरबाङ्ग सडक स्तरोन्नति कार्यको रू.२ लाख ४२ हजार र गलेश्वर पिप्ले भगवती बेगा

सडकको कालोपत्रे तथा स्तरोन्नति गर्ने कार्यको रू.२ लाख २० हजार, पूर्वाधार विकास कार्यालय, बाग्लुङ्गले कुस्मीसेरा राङखानी नामदुक शान्तिपुर दोस्रो खण्डको सडक निर्माण तथा स्तरोन्नती कार्यको रू.४ लाख ५७ र लामाबगर काठेखोला पुल निर्माण कार्यको रू.२० लाख १३ हजार, पूर्वाधार विकास कार्यालय स्याङ्जाले शुक्लागण्डकी दुलेगौडा ढोरवाराही मार्ग निर्माण कार्यको रू.६४ हजार, पूर्वाधार विकास कार्यालय, लमजुङले बागलुङ-घलेगाँउ-भुजुङ सडक निर्माण तथा स्तरोन्नती कार्यको लागि रू.१ लाख २१ हजार र उदिपूर रिष्ठेवगर रामचोक वेशीको रू.२ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, तनहुँले आँबु छिम्केश्वरी सडक स्तरोन्नती कार्यको रू.७२ हजार समेत जम्मा रू.४६ लाख ६१ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ।

१४. **समाग्री खरिद -** प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७८ को नियम ६ मा उल्लेख भए अनुसार आयोजनाका किसिमहरूको विवरण तयार गरी नियम ७ अनुसारको प्राथमिकताका अनुसार योजना छनौट गर्नुपर्ने उल्लेख छ । जसअनुसार निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट पाईप, जाली, जस्तापाता, कम्युटर लगायतका सामग्री खरिद गरी वितरण गर्न पाउने देखिएन । पूर्वाधार विकास कार्यालय पर्वतले निर्वाचन क्षेत्र विकास कार्यक्रमले तोके भन्दा फरक हुने गरी सामग्रीहरू खरिद एवं वितरण गर्ने गरी कार्यक्रम तयार गरी रू.४७ लाख ५३ हजार खर्च गरेको छ। यसमा सुधार हुनुपर्दछ।

१५. **डिपिआर भन्दा फरक चेनेजमा कार्य -** पूर्वाधार विकास कार्यालय, गोरखाले संशोधित लागत अनुमान रू.६१ करोड ३५ लाख ६ हजार रहेको माछाखोला लप्सीबोट यामगाँउ गुम्दा सडक ग्रावेल कार्यको लागि रू.३२ करोड १० लाख ८७ हजारमा एक जेभीसँग २०७९।४।१६ मा सम्पन्न गर्ने गरी २०७७।५।१ मा सम्झौता गरेको थियो। यस कार्यको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.)मा ०+०० देखि ०+५८० सम्म ढुङ्गाको पर्खाल लगाउने काम उल्लेख नभएकोमा सो च्यानेजमा ढुङ्गाको पर्खाल लगाई रू.१ करोड २२ लाख ९ हजार खर्च गरेको रकम उचित देखिएन। डिपिआर अनुसार काम गर्नुपर्दछ।

१६. **दरौदी जरेवर सडकपुल -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जा वा क्षतिपुर्ति वितरणको लागि बजेटको सुनिश्चितता एवं वातावरणीय अध्ययनको प्रतिवेदन स्विकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, गोरखाले बहुबर्षिय आयोजना अन्तर्गत दरौदी जरेवर सडकपुल निर्माणको लागि एक जेभिसँग रू.५ करोड ३९ लाख ८१ हजारमा सम्झौता गरी हालसम्म रू.४ करोड ८७ लाख ७७ हजार भुक्तानी गरेको छ। निर्माण कार्यको कार्य परिमाण सुची (वि. ओ. क्यु.) अनुसार पुलको दाँयातर्फ १५० मिटर बाटो तथा वाँयातर्फ ११० मिटर बाटोको कार्य गर्ने उल्लेख छ। पुलको बाँया तर्फको ११० मिटर सडक सामुदायिक वन क्षेत्रमा पर्नेमा वातावरणीय प्रभाव अध्ययन नगरी पुल निर्माण कार्य सुरु गरेको देखिन्छ। सम्झौता पश्चात् पुलको ८४ प्रतिशत कार्य सम्पन्न भएपछि निर्माण स्थलमा अवरोध आएकोले वातावरणीय प्रभाव अध्ययन गर्न मन्त्रालयबाट कार्यक्षेत्रगत शर्त स्विकृत गरेको छ। निर्माण स्थलको सुनिश्चितता नभई तथा खरिद पुर्व गर्नुपर्ने कार्य नगरी खरिद सम्झौता गर्दा निर्माण कार्य सम्पन्न हुन सकेको छैन। निर्माण स्थलको सुनिश्चितता गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ।

१७. **योजना कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधिभित्र पुरा गर्न नसकेमा कार्यालयले आवश्यक जाँचबुझ गरी गराई म्याद थप गर्न सक्ने प्रावधान रहेको छ। म्याद थप गर्नु अगाडि सम्बन्धित निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्ने प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्न सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, मुस्ताङ्गको कालीगण्डकी पुल (एक्लेभट्टी) निर्माण कार्य गर्न तत्कालीन जिल्ला विकास समिति, मुस्ताङ्गबाट रू.११ करोड ७४ लाख ६८ हजारमा १८ महिना भित्र सम्पन्न गर्ने गरी २०७२/३/३१ मा सम्झौता भएको थियो । खरिद सम्झौताको म्याद ६ पटक गरी ८५ महिना थप भई २०७९।४।३० सम्म म्याद कायम देखिन्छ । पुल निर्माणको लागि हालसम्म रू.१० करोड ५४ लाख ७ हजार खर्च गरेको छ । पुलको ४ वटा स्तम्भमध्ये २ वटा एबुटमेण्ट तथा १ वटा पायर बनाइसकेपछि निर्माण व्यवसायीले पुलको डिजाइनमा समस्या रहेको, पुलको डिजाइन एवं सम्झौतामा पुलको जग खन्ने कार्यमा सबै प्रकारको माटो खन्ने भन्ने उल्लेख भएकोमा कडा चट्टान भेटिएकोले भेरिएशन आदेश माग गरेको र भेरिएशनको निर्णय समयमा नभएको कारण रू.९ करोड ९९ लाख ९९ हजार क्षतिपूर्ति दाबी भुक्तानीको माग सहित मध्यस्थताको लागि अनुरोध गरेकोमा तत्कालीन पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट २०७६।७।१५ मा मध्यस्थकर्ता नियुक्ति भएको देखिन्छ। मध्यस्थकर्ताको निर्णय बदरको माग गरी निर्माण व्यवसायीले उच्च अदालत ललितपुरमा निवेदन दिएकोले सो विषय अदालतमा विचाराधीन रहेको अवस्था छ । सार्वजनिक निर्माणमा अतिरिक्त सरकारी दायित्व तथा व्ययभारमा न्यून गरी कार्यसम्पन्न गराउनुपर्दछ ।

यातायात व्यवस्था कार्यालयहरू

१८. **घर जग्गा वहाल** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २६ र २७ मा राजस्वको व्यवस्थित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । साविक नेशनल कन्स्ट्रक्सन कम्पनी लि. र शहीद स्मृति स्वास्थ्य सहकारी संस्था लि. अन्तर्गतको शहीद मेमोरियल सामुदायिक अस्पताल बिच यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी २०७१ साल असार २५ गते सम्झौता गरेको देखियो। सम्झौताको बुँदा नं १(ख) बमोजिम व्यापारिक भवन तथा कार्यालय भवन र ४ रोपनी जग्गा समेतको पहिलो र दोस्रो वर्षको लागि मासिक भाडा रू.२ लाख ५० हजार र तेस्रो वर्ष देखि भाडामा १० प्रतिशतको दरले वृद्धि हुने र घर जग्गाको सम्झौता अवधि ३ वर्षसम्म हुने उल्लेख छ। उक्त सामुदायिक अस्पताल आर्थिक वर्ष २०७०।७१ देखि नै बहालमा रहेको र अर्को सम्झौता गरेको नदेखिएकोले २०७५।७६ देखिको मासिक भाडा रू.२ लाख ५० हजारले वार्षिक रू.३० लाखको १० प्रतिशतले वृद्धि गर्दा २०७५।७६ देखि २०७८।७९ सम्म रू.२ करोड ३ लाख ८५ हजार भाडा बापत बुझाउनु पर्नेमा रू.८० लाख बुझाएकोले बाँकी रू.१ करोड २३ लाख ८५ हजारमा नियमानुसारको ब्याज सहित गणना गरी असुल गर्नुपर्दछ ।

१९. **सेवा प्रवाह** - यातायात सवारी कार्यालयबाट रुट पर्मिट प्रक्रिया अन्तर्गत् सार्वजनिक यातायात सञ्चालन हुने सवारी साधनहरूलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता

प्राविधिक पक्षहरूमा पर्याप्त ध्यान नपुऱ्याइएको, पूर्ण रूपमा सडक पूर्वाधार सम्पन्न भई नसकेको अवस्थामा पनि बाटो अनुमतिपत्र दिएको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरूबिच अस्वस्थ प्रतिस्पर्धा एवं सिण्डिकेट प्रणालीबाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेको जस्ता समस्या रहेको देखिन्छ । सार्वजनिक यातायात सेवालाई व्यवस्थित, स्वच्छ र प्रभावकारी बनाउनको लागि बाटो इजाजत लगायतका सेवा प्रवाह प्रक्रियालाई सरल र चुस्त बनाउनु पर्दछ ।

- **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रू.२६ करोड ३४ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रू.८० लाख ३९ हजार फर्स्यौट गरेकोले रू.२५ करोड ५४ लाख ५४ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रू.६ करोड ३३ लाख ८ हजार म्याद नाघेको पेश्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च** - आर्थिक वर्ष २०७४।७५ देखि २०७८ ।७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा कुल बजेट रू.५६ अर्ब २१ करोड ८१ लाख रहेकोमा रू.४१ अर्ब ६२ करोड ९७ लाख खर्च भएको छ । उक्त खर्चमध्येपुँजीगत खर्च रू.४० अर्ब ४४ करोड २ लाख र चालु खर्च रू.१ अर्ब १८ करोड ९५ लाख रहेको छ । कुल खर्च मध्ये पूँजिगत खर्च ९७.१५ प्रतिशत र चालु खर्च २.८५ प्रतिशत रहेको छ। विगत ५ वर्षको औसत खर्च ७४.०५ प्रतिशत रहेको देखिन्छ ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार तोकिएका जिम्मेवारी पुरा गर्न यस मन्त्रालयले ५ वर्षको अवधिमा ४ ऐन १ नियम र १२ कार्यविधि तर्जुमा गरेको छ। मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा रहेका विषयहरूलाई कार्यरुप दिन प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६, गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार, स्तरोन्नती तथा मर्मत संभार गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७९ को मस्यौदा तयार (अर्थ मन्त्रालयवाट राय प्राप्त भई कानून मन्त्रालयमा राय माग भएको), साझेदारी सडक निर्माण सम्वन्धी कार्यविधि, २०७५ जस्ता कानून निर्माण गरेको छ।

३. **नीति निर्माण** - देश लोकमार्ग सम्वन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, सडक प्रविधि सम्वन्धी अध्ययन अनुसन्धान, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, मर्मत संभार र आवास तथा भवन सम्वन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन, सुरक्षित वसोवास र जग्गा एकीकरण सम्वन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन तथा नियमन , यातायात सुरक्षा सम्वन्धी योजना निर्माण एवं वातावरणमैत्री, अपांगमैत्री तथा लैंगिकमैत्री यातायात प्रवर्द्धन जस्ता विषयलाई कार्यान्वयन गरेको देखिएन।

४. **उपलब्धि** - भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत का पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालयहरूको ५ वर्षको अवधिमा प्रदेशभित्र पक्की (कालोपत्रे/ढलान) ५१० कि.मि. र ग्राभेल ५३० कि.मि. सडक निर्माण सम्पन्न भएको, "एक निर्वाचन

क्षेत्र-एक सडक" कार्यक्रम अन्तर्गत ३५ वटा सडक आयोजनाको ३३२ कि.मि. कालोपत्रे र ३७ कि.मि. ग्राभेल स्तरमा स्तरोन्नति गर्ने कार्य भइरहेको छ। प्रादेशिक सडक "क" वर्ग कार्यक्रम अन्तर्गतका नौ वटा सडक आयोजनाको कुल ६७ कि.मि. कालोपत्रे र २१ कि.मि. सडकको ग्राभेल स्तरमा स्तरोन्नति गर्न ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका छन्।प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रम अन्तर्गत ११ वटा सडक आयोजनाको कुल ९६ कि.मि. कालोपत्रे स्तरमा स्तरोन्नति गर्न ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका छन्। सडक पुल ७२ वटा, झोलुङ्गे पुल ५१ वटा निर्माण भएको छ।

नेपालको संविधान प्रदेश सरकारले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत पाँच वर्षको समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको उर्जा, विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना तर्जुमा, समन्वय र नियमन लगायतका कार्य गर्ने रहेका छन् । उक्त कार्य सम्पादन गर्न मन्त्रालय र मातहतका १६ निकायबाट सेवा प्रवाह भई रहेको छ ।

यो वर्ष मन्त्रालय र मातहत समेत १७ कार्यालयको विनियोजन रू.५ अर्ब ७ करोड ३ लाख ८५ हजार, राजस्व रू.१ करोड ६३ लाख २० हजार, धरौटी रू.५३ करोड ६० लाख ४२ हजार र अन्य कारोबार रू.६ लाख ४३ हजारसमेत रू.५ अर्ब ६२ करोड ३३ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ। उक्त कार्य जिम्मेवारी मध्ये प्रदेशस्तरको उर्जा, विद्युत, सिँचाई, खानेपानी,जल उत्पन्न प्रकोप, नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन, राष्ट्रिय जलश्रोत नीति र संघीय योजना बमोजिम प्रदेशका नदी तथा सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन र व्यवस्थापन, आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालनमा समन्वय, लगायतका प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जूमा लगायतका काम रहेकोमा २ कानुन मात्र निर्माण गरेको देखिन्छ। अतः तोकिएको कार्यजिम्मेवारी पुरा गर्नुपर्दछ।

२. **बजेट र खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ मा प्राप्त बजेट सीमा र मार्गदर्शनभित्र रही आफू र मातहत कार्यालयको लागि नीति र कार्यक्रम समेत राखी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रू.५ अर्ब ६५ करोड ७९ लाख रहेकोमा रू.५ अर्ब ७ करोड ३ लाख अर्थात् कुल बजेटको ८९.६१ प्रतिशत खर्च गरेता पनि बजेटको तुलनामा खर्च हुन नसकेको देखिन्छ। स्वीकृत बजेट अनुसारको कार्यक्रम सञ्चालन गरी खर्च दक्षतामा अभिवृद्धि गर्नुपर्दछ।

३. **चौमासिक खर्च -** मन्त्रालय र मातहतका १६ निकायले विभिन्न सिँचाई खानेपानी र नदी नियन्त्रण कार्यक्रममापुँजीगत तर्फ रू.४ अर्ब ७७ करोड ६४ लाख ४ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा ११.७ प्रतिशत, दोश्रो चौमासिकमा १७.९ प्रतिशत र तेस्रो चौमासिकमा ७०.४ प्रतिशत खर्च भएको र आषाढमा मात्र ४५.२ प्रतिशत खर्च छ । आर्थिक वर्षको अन्त्यमा बढी खर्च हुँदा कामको पर्याप्त अनुगमन हुन नसकी गुणस्तरमा समेत असर पर्न सक्ने भएकोले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा खर्च गर्नुपर्दछ ।

४. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत

प्रथम त्रैमासिक अवधिमा सम्पन्न गरी सक्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका १० निकायले यस वर्ष रू.१ अर्ब ४० करोड ४ लाख ६४ हजारको खरिद सम्झौता गरेकोमा प्रथम चौमासिकमा रू.२ करोड ८९ लाख ३९ हजारको ३, दोश्रो चौमासिकमा रू.३३ करोड २१ लाख ४५ हजारको ७१, तेस्रो चौमासिकमा रू.२१ करोड ४१ लाख ८६ हजारको ६९ र आषाढमा रू.७ करोड ५४ लाख ८२ हजारको १२ वटा सम्झौता गरेको छ। कानुनी व्यवस्था अनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

५. **दरबन्दी र पदपूर्ति** - मन्त्रालय तथा मातहत १७ वटा कार्यालयहरूको लागि कुल २४७ दरबन्दी रहेकोमा १५६ स्थायी र ७५ जना करार गरी २३१ पदपूर्ति भई १६ जना रिक्त रहेको देखिन्छ। कार्यबोझको आधारमा जनशक्ति उपलब्ध नहुँदा समयमा कार्य सम्पन्न गर्न कठिनाई हुने भएकोले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

६. **अनुगमन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतको आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन क्रमश त्रैमासिक तथा मासिक रुपमा गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयको राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान तथा विशेष अनुदान, मन्त्रालयको लागि प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको बारेमा मूल्यांकन गरी यथार्थ नतिजाको विवरण तयार गरेको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्थाको तोकिएको समयमा मूल्यांकन र सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिममन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्नेमा खर्च सिर्जना गर्ने स्पष्ट आधार बेगर बजेट अनुमान तथा प्रस्तुतिका कारण मन्त्रालयको विनियोजन दक्षता कमजोर देखियो। यस वर्ष मन्त्रालय र मातहतका कार्यालयको रू.५ अर्ब ६५ करोड ७९ लाख ३१ हजार बजेट मध्ये ८९.६२ प्रतिशत मात्र खर्च भएको छ भने मन्त्रालयको लागि मात्र रू.१३ करोड ६५ लाख ५९ हजार बजेट विनियोजन भएकोमा ७६.६६ प्रतिशत मात्र खर्च भएको छ। बजेट प्रस्ताव गर्दा खर्चको स्पष्ट आधार तथा कार्यक्रम निर्धारण मार्फत् विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ।

८. **दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था** - संयुक्त राष्ट्रसङ्घको महासभाले विश्व रुपान्तरणको आकाङ्क्षा लिएर सन् २०१६ देखि २०३० (वि.सं २०७२ देखि २०८७) सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्यअनुसार गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई पनि समेट्ने प्रयास गरेको छ। गण्डकी प्रदेशको आवधिक योजनामा मन्त्रालयसंग सम्बन्धित दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी कुल आ. व. २०८०।८१ सम्मका परिमाणात्मक लक्ष्य तोकिएकोमा कुल खेतीयोग्य भुमिमध्ये वर्षैभरी सिँचाई सुविधा पुगेको भुमि १५.३ प्रतिशत पुऱ्याउने लक्ष्य तोकिएकोमा हालसम्म १२.६७ प्रतिशत पुगेको, आधारभुत खानेपानी

पुगेको जनसंख्या शत प्रतिशत पुऱ्याउने लक्ष्य भएकोमा ९३.७४ प्रतिशत पुगेको, जलविद्युत उत्पादन जडित क्षमता १५०० मेगाबाट पुऱ्याउने लक्ष्य भएकोमा ६८७ मेगाबाट मात्र पुगेको छ। आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित लक्ष्य हासिल गर्न आवश्यक साधन स्रोतको व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना -** प्रदेशको चालु पञ्चवर्षीय योजनाले उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय अर्न्तगत उत्तरगंगा जलाशययुक्त विद्युत आयोजनालाई रुपान्तरणकारी प्रदेश गौरवको योजना भनि उल्लेख गरेको छ। बाग्लुङ्ग जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत आयोजनाको निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगीकरण गर्ने उद्देश्य रहेको ८२८ मेगाबाटको उत्तरगंगा जलाशययुक्त विद्युत आयोजनाको कुल लागत १.३ खर्व लागत हुने प्रारम्भिक अनुमान रहेको छ। नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार, प्रदेश सरकार र समुदायको समेत लगानीमा सञ्चालन गर्ने परिकल्पना गरिएको आयोजना आर्थिक वर्ष २०७७।७८ मा सुरु गरी आ.व. २०८२।८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म सम्भाव्यता अध्ययनको काम समेत भएको छैन। निर्धारित समयमा आयोजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरी काम अघि बढाउनु पर्दछ।

१०. **नर्म्स -** मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत उर्जा, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, भूमिगत सिँचाइ आदि पूर्वाधार निर्माण र त्यससंग सम्बन्धित परामर्श सेवा खरिद कार्यमा मन्त्रालय मातहतका १२ निकायले रू.५ करोड २३ लाख ४४ हजार खर्च गरेको छ । परामर्श सेवा खरिद कार्यको नर्म्स र स्पेशिफिकेशन तयार गरेको छैन । नर्म्स तयार गरी खर्चमा मितव्ययीता एवं एकरूपता कायम गर्नुपर्दछ।

११. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालय र मातहतका १४ कार्यालयहरूले यस वर्ष रू.९ करोड ५० लाख ८९ हजार कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त खर्च कुलपुँजीगत खर्चको ३.८५ प्रतिशत हुन आउँछ । कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च एकीन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

१२. **कार्यसञ्चालन स्तरीय कार्य -** मन्त्रालयले विद्युतीय तथा नवीकरणीय उर्जा, जलस्रोत, सिँचाई, खानेपानी तथा सरसफाई, सम्बन्धी नीतिहरू तर्जुमा गर्ने, कार्यक्रम तयार गरी मातहत कार्यालयहरूलाई पठाउने, मातहत कार्यालयबाट भएको कामको अनुगमन गरी सुझाव दिने लगायतका कार्यविभाजन नियमावली, २०७४ अनुसारका काम मात्र गर्नुपर्नेमा भवन निर्माण, सोलार बत्ती जडान जस्ता कार्यहरू मन्त्रालयबाट सञ्चालन गरी रू.५ करोड ७० हजारको कार्य गरी खर्च लेखेको छ। मन्त्रालय मातहत १६ कार्यालयहरू रहेकोमा आफैले कार्यसञ्चालन स्तरीय कार्यक्रम सन्चालन गर्नु उचित देखिएन। मन्त्रालयले कार्यविभाजन नियमावली, २०७४ अनुसार तोकिएका कार्यहरूलाई प्राथमिकता दिई कार्य गर्नुपर्दछ।

१३. **सिँचाईको अवस्था -** प्रदेशको चालु पञ्चवर्षीय योजना अनुसार गण्डकी प्रदेशको कुल भू-भाग २१ लाख ९७ हजार ३६८ हेक्टर मध्ये २२.२ प्रतिशत अर्थात् ४ लाख ८७ हजार ८१६ हेक्टर जमिन खेतीयोग्य रहेको छ। कुल खेतीयोग्य जमिनको ७६ प्रतिशत जमिनमा खेती गरिएको छ भने बाँकी २४ प्रतिशत जमिन बाँझो रहेको छ। खेती गरिएको जमिनमध्ये कुल सिञ्चित जमिन ३६.१ प्रतिशत अर्थात् १ लाख ३३ हजार ८६३ हेक्टर रहेको छ। जसमा हालसम्म ६५ हजार ६७२ हेक्टर भू-भागमा भरपर्दो सिँचाई सुविधा पुगेको छ भने ६८ हजार १९१ हेक्टर मौसमी सिँचाईमा भर पर्नुपर्ने अवस्था रहेको छ। नयाँ खेतीका विधि तथा ढाँचाहरूको अभ्यास गर्न र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान पुर्याउन सिँचाईको मुख्य भुमिका रहने हुँदा उच्च प्राथमिकताका साथ सिँचाई योजनाहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ।

१४. **खानेपानीको अवस्था -** मन्त्रालयबाट प्राप्त विवरण अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४ लाख ७५ हजार ४१३ रहेकोमा उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या ५ लाख ७६ हजार ३४५ अर्थात् २३.२८ प्रतिशत पुगेको देखिन्छ। प्रदेश नीति तथा योजना आयोगबाट प्रकाशित प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा प्रतिवेदन अनुसार आधारभुत खानेपानी पहुँच पुगेको जनसंख्या ९३.७४ प्रतिशत रहेको छ। गण्डकी प्रदेशका ११ जिल्लामा अहिले पनि ट्युबवेल वा ह्याण्डपम्प, ढाकिएको इनार, कुवा, मौसमी पानी, खोला नदी स्रोतबाट पानी पिउने जनसंख्या १ लाख २१ हजार २८१ रहेको, अन्य स्रोतबाट पानी खाने घरपरिवार २ हजार २३४ रहेको देखिन्छ। प्रदेशमा उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार २३ प्रतिशत मात्र रहेकोले खानेपानी सुविधामा पहुँच वृद्धि गर्न नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ।

१५. **उर्जा विकास तथा विस्तार -** उज्यालो गण्डकी प्रदेश कार्यक्रम अन्तर्गत बत्ती बाल्न आधुनिक उर्जाको प्रयोग गर्ने घरधुरी संख्या ९९.५ प्रतिशत पुगेको छ । ५ लाख ७४ हजार ७९८ घरधुरीमा विद्युत सुविधा पुगेको र २ हजार ८८४ घर धुरीमा विद्युत सुविधा पुग्न बाँकी देखिन्छ । यो वर्ष उर्जा क्षेत्रको विकासको लागि ४७ योजनामा रू.६ करोड ९९ लाख विनियोजन भएकोमा रू.५ करोड ७३ लाख ५७ हजार खर्च भई ३९ योजना सम्पन्न भएको र ८ योजना सम्पन्न हुन बाँकीरहेको छ। विद्युत सुविधाको पहुँच शत प्रतिशत पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

१६. **सरकारी सम्पत्तिको लगत तथा प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा सरकारी सम्पत्तिको लगत तथा प्रतिवेदन सम्बन्धि व्यवस्था छ। मन्त्रालयले मातहत कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय भित्र पठाउनु पर्ने व्यवस्था अनुसार एकीकृत प्रतिवेदन तयार गरेको छैन । साथै सरकारी सम्पत्तिहरूको लेखाङ्कन र प्रतिवेदन गर्न महालेखा नियन्त्रक कार्यालयले २०७७।४।७ देखि अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु गरेकोमा मन्त्रालयले हालसम्म पुर्ण रुपले लागु गरेको छैन। ऐनमा व्यवस्था भए अनुरुप एकीकृत प्रतिवेदन तयार गर्नु पर्दछ र पाम्सको पुर्ण प्रयोग गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

१७. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट

विनियोजन नभएको शीर्षकमा ५८६ आयोजनाको लागि रू.८३ करोड ६७ लाख ५६ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७० लाख रकमान्तर गरी एक सवारी साधन रू.६९ लाख ९८ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

१८. **कार्यक्रममा दोहोरोपना** - संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ को खानेपानी आयोजना अन्तर्गत संघले पहाडी क्षेत्रमा ५ हजार, प्रदेशले ३ देखि ५ हजार र स्थानीय तहले ३ हजारसम्म जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने खानेपानी आयोजनाको कार्यान्वयन गर्ने गरी मापदण्ड तर्जुमा भएको देखिन्छ। खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, गोरखाले कार्यान्वयन गरेका ३ आयोजनामा संघबाट रू.१ करोड २३ लाख ५० हजार विनियोजन भई रू.१ करोड ९ लाख ८९ हजार खर्च भएकोमा प्रदेशबाट रू.८१ लाख १५ हजार विनियोजन गरी रू.६२ लाख १९ हजार खर्च गरिएको छ। मन्त्रालयले आयोजना शिफारिस गर्दा दोहोरो नपर्ने गरी तथा मापदण्ड बमोजिम गर्नुपर्ने देखिन्छ।

१९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधि उल्लेख गरेको छ। सार्वजनिक खरिद तथा नियमावली बमोजिमखरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना र नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरू रहेका छन। मन्त्रालयले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिको सामग्री खरिद गर्दा एकमुष्ट प्याकेज वनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा फर्निचर र कम्प्युटरजन्य सामग्री पटक पटक एउटै फर्मबाट खरिद गरी रू.६२ लाख १६ हजार खर्च गरेको छ। खरिद कार्यलाई कानुनमा व्यवस्था भएअनुसार प्रतिस्पर्धात्मक बनाउनुपर्दछ।

२०. **अन्य संस्थाबाट कार्य** - मन्त्रालयले कार्य गराउँदा विशिष्टीकृत संस्थाबाट कार्य गराउनुपर्दछ। मन्त्रालय अन्तर्गत भुमिगत जलस्रोतको कार्य गर्न ११ जिल्लाभर कार्यक्षेत्र रहेको भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा रू.६० लाख रकमको ३ भुमिगत जलस्रोत सिँचाई सम्बन्धी कार्यक्रम भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट नगराई जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय नवलपुरमार्फत् कार्यान्वयन गरेको छ। मन्त्रालयले कार्य जिम्मेवारी अनुसार विशिष्टीकृत एवं विषयगत कार्यालयबाट कार्यक्रम कार्यान्वयन गराउनुपर्दछ।

२१. **योजना कार्यान्वयन** - मन्त्रालयले उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय मातहत १६ कार्यालय स्थापना गरी कार्य गर्दै आएको छ। मन्त्रालय मातहत कार्यान्वयन भएका भुमिगत जलस्रोत सम्बन्धी २ योजनामा भुमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयमा रू.१० लाख १० हजार विनियोजन भएको र जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय नवलपुरमा सोहि योजनाको लागि

४० लाख विनियोजित गरी कार्यान्वयन गरेको छ। एउटै योजनाको कार्य प्रदेश सरकार मातहतकै फरक फरक कार्यालयबाट कार्यान्वयन गराउँदा कार्यमा दोहोरोपना पर्ने सम्भावना रहने तथा योजनाको कार्यमा विशिष्टकरण समेत नहुने हुँदा मन्त्रालयले बजेट तथा कार्यक्रम बनाउँदा कार्यमा विशिष्टीकरण हासिल हुने गरी कार्यजिम्मेवारी प्रदान गर्नुपर्ने देखिन्छ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

२२. **स्वीकृत कार्यक्रम बेगर खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १७ मा विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि कार्यालयले स्विकृत बजेट र वार्षिक कार्यक्रमका आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। खानेपानी, जलस्रोत तथा सिँचाई विकास सव डिभिजन कार्यालय मुस्ताङ्गले स्विकृत कार्यक्रम बेगर कालिगण्डकी नदीको सम्भाव्यता अध्ययन गर्न रू.१९ लाख ८९ हजारको परामर्श सेवा खरिद गरी खर्च लेखेको छ। स्वीकृत कार्यक्रम बेगर खर्च गरेको उचित देखिएन। स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ।

२३. **एकीकृत लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्विकृत नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय कास्कीले एक सिंचाई योजनाको रू.१० करोड ३४ लाख ७ हजारको लागत अनुमान तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गरेकोमा निर्माण स्थलमा वन क्षेत्र पर्ने तथा सोको वातावरणीय अध्ययन गर्नुपर्ने र बजेटको सुनिश्चितता समेत नभएको भनी रू.३ करोड ९४ लाख ७० हजारको आशिंक लागत अनुमान स्विकृत गरी एक निर्माण व्यवसायीलाई रू.७५ लाख १९ हजार भुक्तानी गरेको छ। योजनाको प्रारम्भिक वातावरणीय अध्ययन नगरी कार्य गर्दा साविक सिंचाई विभागबाट उक्त योजनामा खर्च भएको रू.२ करोड २४ लाख रकमको संरचना समेत प्रयोग हुन नसकेको देखिन्छ। आयोजनाको एकीकृत लागत अनुमान स्विकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

२४. **प्रगति स्थिति -** स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य निर्धारण गरिएका कार्यहरू तोकिएको समयमा सञ्चालन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम अनुसुची-२ को ढाँचामा बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय गोरखामा १४ आयोजनाको कार्यान्वयन गर्न रू.१ करोड ९२ लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन् । कार्यान्वयनको सुनिश्चितता हुने योजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

२५. **निर्माण स्थलमा अवरोध -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपुर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्विकृत नगरी बोलपत्र आह्वान गर्न नहुने व्यवस्था रहेको छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय स्याङ्जाले सेराफाँट सिँचाई आयोजनाको निर्माण गर्न मिति २०७७।०३।०८ मा निर्माण

सुरु गरि ०७८।१२।३० सम्म सम्पन्न गर्ने गरी एक निमार्ण व्यवसायीसँग रू.३४ लाख २२ हजारमा सम्झौता गरेकोमा ०७९ वैशाख सम्म म्याद थप गरी रू.१७ लाख ७७ हजार भुक्तानी गरेको छ । २०७९ वैशाख पश्चात् ठेक्का सम्झौताको म्याद थप नभएको तथा निर्माण स्थलको विवादको कारण योजनाको कार्य अगाडि वढाउन नसक्ने भनी निर्माण व्यवसायीले सम्झौता रद्द गर्न निवेदन दिएकोमा ठेक्का फरफारक सम्बन्धमा कारबाही अगाडि बढेको देखिदैन। कार्यालयले ठेक्का आह्वान गर्नु पुर्वका सम्पूर्ण कार्य पुरा गरे पश्चात् मात्र बोलपत्र आह्वान गर्नुपर्दछ।

२६. **स्थायी लेखा नम्बर -** मुल्य अभिवृद्धि कर ऐन, २०५३ को दफा १० (ख) मा संयुक्त उपक्रम जुन प्रयोजनको लागि दर्ता भएको हो, उक्त प्रयोजनमा उल्लेखित सम्झौता अवधि सकिएपछि दर्ता खारेज गराउनुपर्ने उल्लेख छ। जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय गोरखाले जरेवर देखि गोरखा सिमाना लामजराइ फाँटसम्म र दरौंदी प्याकेज ६ गोरखा तथा सिरानचोक गाउँपालिकाको नदी नियन्त्रण कार्यको लागि एउटा ज्वाईन्ट भेन्चरसँग सम्झौता गरी मु. अ. कर. समेत रू.२ करोड ७७ लाख २० हजार भुक्तानी गरेको छ। फरक फरक ठेक्का सम्झौताको लागि एउटै स्थायी लेखा नम्बर प्रयोग गरेको देखिँदा मूल्य अभिवृद्धि कर बापत यस वर्षमा भुक्तानी भएको रू.२५ लाख २२ हजार मूल्य अभिवृद्धि करको कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्दछ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

२७. **जडानभन्दा बढी खर्च -** खानेपानी आयोजनामा प्रयोग भएको पाइप नापी किताबमा जडान भए बमोजिम जिन्सी खाताबाट मौज्दात घटाउनु पर्दछ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जाले २४, तनहुँले ९, गोरखाले ११, बागलुङले १८ र मुस्ताङ्गका ५ खानेपानी आयोजनामा नापी किताबमा जडान देखाएको परिमाण भन्दा रू.१ करोड ९२ लाख २ हजार मूल्यका विभिन्न साइजका १ लाख ९१ हजार ९१२ मिटर पाईप जिन्सी खाताबाट खर्च गरेकोले उक्त पाइप प्रयोग भएको नापी किताव पेश गर्नुपर्दछ।

२८. **पाइप मौज्दात -** खानेपानी आयोजनाहरूको लागि पाइप तथा फिटिङ्ग/औजार गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ । यस वर्षको अन्त्यमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखामा रू.९३ लाख, ६५ हजारका ४९ हजार ५३२ मिटर, तनहुँमा रू.१ करोड ५० लाख २८ हजारको १ लाख ४८ हजार २३१ मिटर, स्याङ्जामा रू.१ करोड ५७ लाख ९१ हजारको १ लाख ५० हजार २६३ मिटर पाइप तथा ९० लाख ९५ हजारको फिटिङ्स र खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय म्याग्दीले रू.२५ लाख १८ हजारको ३९ हजार ९१० मिटर पाइप मौज्दात रहने गरी खरिद गरेको देखिन्छ । न्यूनतम मौज्दात तोकी बढी नहुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

२९. **प्रगति स्थिति -** स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य निर्धारण गरिएका कार्यहरू तोकिएको समयमा सञ्चालन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम अनुसुची-२ को ढाँचामा बजेट खर्च समेत देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाले ८ र तनहुँले २ आयोजनाको कार्यान्वयन गर्न रू.१ करोड ११ लाख ५० हजार बजेट विनियोजन भएकोमा शून्यवित्तीय प्रगति भएको

देखिन्छ। मातहत कार्यालयबाट कार्यान्वयन गर्न सक्ने आयोजनामा मात्र बजेट विनियोजन गर्न सिफारिस गर्ने तथा कार्यान्वयनको सुनिश्चितता हुने योजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

३०. **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायमा रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय, तनहुँले रू.५ करोड १६ लाख १० हजार लागत अनुमान भएका विभिन्न ४ योजनाहरूको ओभरहेड, कन्टिन्जेन्सी र मु.अ.कर बाहेक रू.३ करोड ९० लाख ९९ हजारमा सम्झौता गरी रू.३ करोड ५१ लाख ४१ हजार र खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय स्याङ्जाले रू.३३ करोड ६ लाख १३ हजार लागत अनुमान भएका ७ योजना उपभोक्ता समितिबाट गराई रू.८ करोड ८७ लाख ५३ हजार भुक्तानी दिएको छ । नियमावलीमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

३१. **उपभोक्ता समितिबाट सामग्री खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य वा सो सम्बन्धी कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ। यस व्यवस्था बमोजिम उपभोक्ता समितिबाट निर्माण बाहेकका खरिद कार्य गराउने कानुनी आधार देखिदैन। खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय स्याङ्जाले विभिन्न ८ योजनामा रू.१ करोड ८ लाख ४७ हजारको र तनहुँले ७ योजनामा रू.९७ लाखको सामग्री उपभोक्ता समितिबाट खरिद गराई उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। उपभोक्ता समितिबाट सामग्री खरिद गराउँदा खरिदमा प्रतिष्पर्धा नहुने तथा खरिद सामग्रीको गुणस्तर वारे प्राविधिक ज्ञानको अभाव हुने हुँदा कार्यालयले नियमावलीको व्यवस्था बमोजिम खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।

३२. **वितरण लाइनको कार्य नहुँदै धारा निर्माणमा खर्च -** आयोजनाहरूले स्विकृत कार्यक्रम भित्रको रकम खर्च गर्दा हानी नोक्सानी नहुने तथा सिलसिलेबार रुपमा हुने गरी खर्च गर्नुपर्दछ । खानेपानी तथा सरसफाई विकास डिभिजन बाग्लुङ्गले कार्यान्वयन गरेका विभिन्न ७ योजनामा श्रमदानबाट वितरण प्रणालीको पाइपलाइन खन्ने पुर्ने कार्य नगरी ४५७ निजी धारा निर्माण बापत रू.९२ लाख ४ हजार खर्च लेखेको छ। उपभोक्ता समितिले जनश्रमदान व्यहोर्नु नपर्ने ट्रान्समिसन लाइन तथा स्ट्रक्चरको कार्य कार्यालयबाट भएको र खानेपानी वितरण व्यवस्थाको लागि वितरण लाइनको काम उपभोक्ता समितिबाट हुनुपर्नेमा सो काम उपभोक्ता समितिले गरेको देखिदैन। वितरण पाइप लाइनको कार्य नै नभएको अवस्थामा निजी धारा निर्माणमा खर्च गर्दा धाराको खर्च अनुत्पादक हुने तथा धारा विग्रने सम्भावना रहन्छ। तसर्थ धारामा पानी उपलब्ध गराउने निश्चित गरी पाइप लाइनको विस्तार पछि धारा निर्माण गरी खर्च लेख्नु उपयुक्त हुने हुदा यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखियो।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहत १४ निकायको रू.८ करोड १५ लाख ७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायले रू.१ करोड ५३ लाख १५ हजार फर्स्यौट गरेकोले रू.६ करोड ६२ लाख ५५ हजार बाँकी बेरुजु देखिएको छ । सो मध्ये रू.१ करोड २७ लाख ८६ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शैक्षिक सेवाहरूमा पहुँच, उपयोग र गुणस्तर वृद्धि गर्ने, लक्षित वर्ग, क्षेत्र तथा समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने, प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्यांकन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत २२ कार्यालयको विनियोजन रू.१ अर्ब ५२ करोड ७३ लाख ३ हजार, राजस्व रू.२३ लाख ४७ हजार, धरौटी रू.२ करोड ७ लाख ६८ हजार र अन्य कारोबार रू.२९ करोड १ लाख १० हजार समेत रू.१ अर्ब ८४ करोड ५ लाख २८ हजार र २ समितितर्फ रू.९ करोड ९९ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा तोकिएकामध्ये मन्त्रालयले प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण, प्रदेशस्तरमा पुस्तकालय सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशको शिक्षा ऐन, प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शैक्षिक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन अनुसन्धान, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्यांकन, प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन, श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तयार, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन, लगायतका कार्यहरू कार्यान्वयन हुन बाँकी देखिन्छ । तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालयले नीति तथा कार्यक्रममा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्दछ । गण्डकी प्रदेशको पुस्तकालय नीति तर्जुमा गरी गण्डकी प्रदेश पुस्तकालय स्थापना र सञ्चालन गरिने, प्रदेशका युवालाई विज्ञान तथा प्रविधिसँग जोड्ने वैज्ञानिक सम्मेलनको आयोजना गर्ने, विश्व शान्ति जैविक विविधता उद्यान, विश्वशान्ति स्तुप, धौलागिरी संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने, सांस्कृतिक तथा व्यापारिक महत्त्वको त्रिवेणी क्षेत्रको विकासको लागि गुरुयोजना तर्जुमा गरिने नीति तथा कार्यक्रममा उल्लेख भएता पनि उल्लेखित कार्यक्रमलाई बजेटमा समावेश गरेको देखिदैन। नीति तथा कार्यक्रमका विषयहरू बजेटमा समावेश गर्नुपर्दछ।

३. **कार्यक्रम कार्यान्वयन -** बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ । गण्डकी विश्वविद्यालयमा ३५० शय्याको मुटु रोग, ५० शय्याको अर्बुद रोग, ५०

शय्याको मृगौला रोग सहित ५०० शय्याको शिक्षण अस्पताल स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा तालिम व्यवसायीक तालिम प्रतिष्ठानको पूर्वाधार विकास, गण्डकी विश्वविद्यालय अन्तर्गत सूचना प्रविधि विषय र शिक्षण अस्पताल स्थापना गरी चिकित्सा विज्ञान विषयको अध्ययन अध्यापन कार्य, प्रदेशमा विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान र विकासका लागि गण्डकी विज्ञान तथा प्रविधि प्रतिष्ठानको सञ्चालन प्रयोगशाला स्थापना र उपकरण खरिद तथा नारायणी नदी किनारमा बिच पार्क निर्माण गर्न सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । मन्त्रालयले बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

४. **पञ्चवर्षीय योजनाको कार्यान्वयन -** प्रदेशले प्रथम पञ्चवर्षीय योजना(२०७६/७७-०८०/८१) मा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । उक्त योजनामा आर्थिक वर्ष २०७८।७९ मा कार्यान्वयन गर्ने उल्लेख गरेका कार्यक्रममध्ये स्थानीय तहका विषयगत शिक्षक समूह गठन परिचालन, राज्यकोषबाट सुविधा पाएका शिक्षकका सन्तानलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गर्ने, माध्यमिक विद्यालयका लागि ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, उर्जा, उद्योग र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धित पाठ्यक्रम विकासका लागि ऐच्छिक विषयहरूमा पर्यटन कृषि जडिबुटी एवं पेशा व्यवसायका पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालयलाई प्रोत्साहन, मातृभाषामा शिक्षण एवं पाठ्यक्रम र पाठ्यपुस्तकको विकास, खुला विद्यालयको सवलीकरणका लागि स्थानीय तहसँग सहकार्य गर्ने, वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न कार्यविधि निर्माण गर्ने, अनौपचारिक प्रौढ विद्यालय तथा वैकल्पिक विद्यालय सम्बन्धी नीति निर्माण गर्ने, वैकल्पिक विद्यालय वातावरण शुद्धिकरणका लागि हरित वातावरण निर्माण गर्ने, प्रदेशका सबै भौतिक संरचना अपाङ्गमैत्री बनाउने जस्ता कार्यक्रम कार्यान्वयन भएको देखिएन । पञ्चबर्षीय योजना तथा स्वीकृत वार्षिक कार्यक्रममा तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

५. **दिगो विकास लक्ष्य -** राष्ट्रिय पञ्चवर्षीय योजना अनुरुप प्रदेश पञ्चवर्षीय योजनाले लक्ष्य प्राप्ति गर्नुपर्ने र प्रदेश पञ्चवर्षीय योजनाको लक्ष्य प्राप्तिको लागि वार्षिक योजनाका क्षेत्रगत लक्ष्य प्राप्ति हुनु पर्ने हुन्छ । यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विभिन्न सूचकहरूको अवस्था निम्नानुसार छ।

क्र.सं.	सूचक	आधारवर्ष २०७५।७६ को स्थिति	२०७८।७९ सम्मको उपलब्धी	२०८०।८१ को लक्ष्य
१	मानव विकास सुचाकाङ्क	०.५९	०.६०	०.६५
२	प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात	६६	५६	७०
३	आधारभुत तह (१-८) मा खुद भर्नादर (%)	९४.८	९७	९९
४	माध्यमिक तह (९-१२) मा कुल भर्नादर (%)	७३.७	७९	९२
५	साक्षरता दर (पाँच वर्ष माथी (%)	७४.८	८३	९५
६	१५ देखि २४ वर्षको साक्षरतादर (%)	९५	९७	९९

पञ्चवर्षीय योजनाले आधार वर्ष (२०७५।७६) बाट २०८१।८१ सम्ममा मानव विकास सूचकाङ्क ०.५९ बाट ०.६५, प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात ६६ बाट ७० प्रतिशत,

आधारभुत तहमा खुद भर्नादर ७३.७ प्रतिशतबाट ९२ प्रतिशत, साक्षरता दर ७४.८ प्रतिशतबाट ९५ प्रतिशत तथा १५ देखि २४ वर्षको साक्षरता दर ९५ प्रतिशतबाट ९९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आर्थिक वर्ष २०७८।७९ सम्मको उपलब्धी क्रमश ०.६०, ५६, ९७ प्रतिशत, ७९ प्रतिशत, ८३ प्रतिशत र ९७ प्रतिशत रहेको छ। मन्त्रालयले निर्धारित उपलब्धि प्राप्त गर्न बजेट तथा जनशक्ति योजना, कार्यक्रम तथा रणनीति तर्जुमा एवं कार्यान्वयन गरी लक्ष्य अनुसार प्रगति हुनुपर्दछ।

६. **प्रदेश गौरवका आयोजना -** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत देहायका २ आयोजनालाई प्रदेश गौरव आयोजना घोषणा गरेको छ ।

(रू.हजारमा)

क्र. सं.	प्रदेश गौरवका आयोजनाहरूको नाम	कुल लागत अनुमान	यस वर्षको बजेट	यस वर्षको खर्च
१	गण्डकी विश्वविद्यालय स्थापना	नखुलेको	८१३००	६८४००
२	गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन	खुलेको	७५००	५३

यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

६.१. गण्डकी विश्वविद्यालय स्थापना, सञ्चालन र आयोजना अन्तर्गतका क्रियाकलाप सम्पन्न गर्न लाग्ने कुल लागत अनुमान मन्त्रालयले तयार गरेको छैन। उक्त विश्वविद्यालयको लागि गत वर्ष रू.३२ करोड विनियोजन भएकोमा रू.९ करोड ४९ लाख खर्च गरेको र यस वर्ष रू.८ करोड १३ लाख विनियोजन गरेकोमा रू.६ करोड ८४ लाख खर्च गरेको छ। पोखरा महानगरपालिका वडा नं. ३२ मा रू.७ करोडको लागतमा प्रिफ्यावको भवनहरू बनाउन ठेक्का व्यवस्थापन भै कार्यसम्पन्न हुने चरणमा छ । गण्डकी विश्वविद्यालय र गण्डकी शिक्षण अस्पताल भवनहरूको निर्माणस्थलमा तारवार तथा पहिरो तथा नाला संरक्षण गर्ने कार्यलाई निरन्तरता दिदै क्रमागत तथा नयाँ कार्य सम्पन्न भएको, गण्डकी विश्वविद्यालयको अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रको भौतिक संरचना निर्माण कार्य सम्पन्न भएको, पोखरा महानगरपालिकाको ड्याम-साइडमा रहेको भाडाको भवनमा गण्डकी विश्वविद्यालयको सूचना प्रविधि, फार्मेसी, व्यापार प्रशासन, व्यवस्थापकीय अध्ययन, मानविकी तथा व्यवस्थापकीय कानुन लगायत विषयमा स्नातकोपाधि कार्यक्रम सञ्चालनमा आएको छ।

६.२. गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजनालाई प्रदेश गौरवको योजनाको रुपमा राखी गत वर्ष रू.१० करोड बजेट विनियोजन गरेकोमा रू.१ करोड १७ लाख खर्च भएको र यस वर्ष रू.७५ लाख बजेट विनियोजन गरेकोमा रू.५३ हजार मात्र खर्च भइ प्रतिष्ठानको भवन र संरचना निर्माणको लागि डि. पी. आर. तयारीको प्रक्रिया शुरुवात मात्र भएको छ । यसरी प्राविधिक प्रतिष्ठान निर्माणका लागि गत वर्ष बजेट विनियोजन गरेकोमा खर्च नै नभएको, यस वर्ष विनियोजित बजेटको ०.७ प्रतिशत मात्र खर्च भएको छ । आयोजनाको लागि न्यून बजेट व्यवस्था भएको र खर्च गर्ने दक्षता कमजोर रहेको कारण कार्यान्वयन अवस्था सुस्त देखिएको छ। पर्याप्त बजेट व्यवस्था गरी प्रभावकारी रुपमा आयोजना कार्यान्वयन गर्नुपर्दछ ।

७. **अवण्डा बजेट -** मन्त्रालयले यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रममा एकमुष्ठ रू.२२ करोड विनियोजन गरी निर्देशक समितिको निर्णय अनुसार

१४ कार्यक्रममा बाँडफाँड गरी रू.१२ करोड ३९ लाख ९६ हजार खर्च गरेको छ। त्यसै गरी एक जिल्ला एक शहीद पार्कको लागि रू.३ करोड यस मन्त्रालयमा अवण्डा बजेटको रुपमा राखेको देखिन्छ । मन्त्रालयले बजेट अवण्डा राखी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

८. **राहत वितरण -** नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको कोभिड-१९ को महामाहारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३(१घ) अनुसार कोभिड-१९ संक्रमणको कारणबाट एकाघरको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक संकट झेल्नुपरेको परिवार तथा अभिभावक गुमाएका असहाय नावालकको स्याहार गर्ने परिवारलाई सम्बन्धित स्थानीय तहमार्फत् प्रति परिवार रू.१० हजारका दरले नगद हस्तान्तरण गरेको छ। साथै ३(२) मा नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तहबाट एकपटक नगद राहात पाइसकेको व्यक्तिले नगद राहत नपाउने व्यवस्था रहेकोमा मन्त्रालयले यस वर्ष ११ जिल्लाका १५७ बालबालिकालाई प्रति महिना रू.५ हजारका दरले रू.५२ लाख ९० हजार राहत वितरण गरेको छ। संघीय सरकारको कार्यविधि अनुसार एक तहको सरकारबाट नगद राहत पाइसकेको अवस्थामा अन्य तहको सरकारबाट नगद हस्तान्तरण नगर्ने नीति लिएकोमा प्रदेश मन्त्रालयबाट दोहोरो पर्ने गरी नगद हस्तान्तरण गर्नु उचित देखिदैन। मन्त्रालयले संघीय सरकारबाट तर्जुमा भएको कार्यविधिसँग नवाँझिने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा एकद्धार प्रणालीबाट राहात वितरण गर्नुपर्ने देखिन्छ।

९. **कार्यसञ्चालन स्तरको कार्य -** गण्डकी प्रदेश सरकार(कार्य विभाजन) नियमावली,२०७४ बमोजिम मन्त्रालयले प्रदेशभित्र शिक्षा तथा संस्कृति, विज्ञान तथा प्रविधि र सामजिक विकास र विस्तारको लागि नीति, कानुन, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउने तथा कार्यान्वयनमा ल्याउन सहजीकरण तथा नियमन गर्ने र कार्यान्वयनका क्रममा बाधा परेका विषयलाई फुकाउने जस्ता काम गर्नु पर्ने उल्लेख छ। मन्त्रालय मातहत ११ जिल्लामा नै सामाजिक विकास कार्यालय रहेको अवस्थामा सो कार्यालयबाट काम नगरी मन्त्रालयले स्वयं मठ, मन्दिर, चर्च, निर्माण, जेष्ठ नागरीक दिवा सेवा केन्द्र, विद्यालय प्रयोगशाला निर्माण लगायतका लागि संघ संस्था समुह छनौट गरी रू.२१ करोड ५८ लाख ८ हजार अनुदान दिने जस्ता कार्य सञ्चालन स्तरको कार्यहरू गर्नु उचित देखिएन।

१०. **अन्य निकायबाट बजेट तथा खर्च -** गण्डकी प्रदेश विनियोजन ऐन, २०७८ को दफा ५(२) मा गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम कुनै स्थानीय तह मार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई माघ मसान्त सम्म गण्डकी प्रदेश सरकार अर्थ मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्ने अख्तियारी दिने गरी सहमति दिन सक्ने व्यवस्था छ। मन्त्रालयबाट कार्यान्वयन गर्न रू.७ करोड ८८ लाख बजेट व्यवस्था भएकोमा अन्य निकायलाई बजेट निकासा गरी रू.३ करोड २२ लाख ३६ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

१०.१. शहरी विकास तथा भवन कार्यालय कास्कीमार्फत् खर्च गर्ने गरी बौद्धिक अपाङ्गता भएका बालवालिकाहरूका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालनका लागि रू.२ करोड रकमान्तर गरी रू.५६ लाख ९४ हजार खर्च गरेको उचित देखिएन ।

१०.२. विपि कोइराला अन्तर्राष्ट्रिय खेलकुद मैदान आयोजना उर्जा तथा खानेपानी मन्त्रालय मातहतका जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी पूर्वबाट कार्यान्वयन हुने गरी रू.२ करोड ३८ लाख बजेट व्यवस्था गरेकोमा रू.२ करोड २८ लाख ८३ हजार खर्च गरेको छ। कार्यविशिष्टिकरण अनुसार भौतिक पूर्वाधार मन्त्रालय मातहतका कार्यालय तथा निकायबाट कार्यान्वयन गर्नु पर्नेमा सो नगरी जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासीबाट कार्यान्वयन गरेको उचित देखिएन ।

१०.३. पोखरा महानगरपालिका लगायत अन्य ४ स्थानीय तहलाई रू.३ करोड ४० लाख बजेट व्यवस्था गरेकोमा रू.२७ लाख ५ हजार खर्च गरेको देखिन्छ । पोखरा महानगरपालिकाले रु ३ करोड र मनाङको नासो गाउँपालिकाले रु १० लाख प्राप्त गरेकोमा सो खर्च गरेको देखिएन ।

११. **प्रदेश प्रमुख शैक्षिक सुधार -** प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अर्न्तगत रू.२२ करोड विनियोजन भएकोमा विभिन्न १४ कार्यक्रममा रू.१२ करोड ३९ लाख ९६ हजार खर्च लेखेको छ। यस सम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छन्:

११.१. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन त्रैमासिक रुपमा गरी भौतिक र वित्तीय प्रगति भए वा नभएको सम्बन्धमा त्यस्तो नतिजा प्राप्त हुनुको कारण र आधार समेतको समीक्षा गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष कार्यान्वयन गरेको प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका ६ कार्यक्रममा रू.९ करोड ४६ लाख बजेट विनियोजन गरेकोमा प्रगति शून्य देखिन्छ। मन्त्रालयले कार्यान्वयन गर्न सकिने कार्यक्रममा मात्र बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

११.२. **अनुगमन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा सम्बन्धित मन्त्री वा सचिवले आफ्नो मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्यांकन त्रैमासिक रुपमा गरी आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष सञ्चालन गरेको प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालयले स्वयं नगरी सम्बन्धित स्थानीय तथा जिल्लाको सामाजिक विकास कार्यालय मार्फत् गराई भुक्तानी गरेको छ। मन्त्रालयले तयार गरेको स्पेशिफिकेशन बमोजिम कार्यक्रम सञ्चालन भए नभएकोमा मन्त्रालयले अनुगमन तथा मूल्यांकन गर्नुपर्नेमा उक्त प्रक्रियामा संलग्न नभएको संस्था तथा कर्मचारीमार्फत् अनुगमन गराई खर्च लेख्नु उचित देखिदैन। मन्त्रालय आफैमा नियमनकारी निकाय रहेको अवस्थामा अनुगमन मूल्यांकन अर्को निकाय वा संस्थाबाट गर्ने गरी कार्यक्रम गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

११.३. **खरिदमा प्रतिष्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। सिकाई सामग्री व्यवस्थापन गर्न ९७ विद्यालयलाई प्रति बालविकास केन्द्र रू.२ लाखका दरले रू.१ करोड ९४ लाख खर्च लेखी प्राविधिक स्पेशिफिकेशन स्वीकृत गरिसकेको अवस्थामा विद्यालयबाट सोझै खरिद गरी विल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ। स्पेशिफिकेशन बमोजिम खरिद गरे नगरेको निरीक्षण प्रतिवेदन समेत समावेश गरेको

देखिदैन। विद्यालयबाट पेश भएका विल भरपाई परीक्षण गर्दा फरक आपूर्तकबाट खरिद गरेको देखिन्छ। एउटै फर्मबाट एकै प्रकारको सामग्री खरिद गरेको अवस्थामा समेत फरक फरक दर प्रयोग भएकोले खरिद कानुनको पालना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

११.४. **मापदण्ड पालना -** गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ को कार्यक्रम नं ८ मा माध्यामिक विद्यालयमा स्टिम ल्याब स्थापना कार्यक्रम सञ्चालन मापदण्ड अनुसार मन्त्रालयले विज्ञहरूको उपस्थितिमा स्पेशिफिकेशन तयार गर्ने, सुचना प्रकाशन गर्ने, विद्यालय छनौट गर्ने सामग्री व्यवस्थापनका लागि टेण्डर आह्वान गर्ने, परामर्शदाता संस्था छनौट गर्ने तथा उक्त संस्थामार्फत् विद्यालयहरूमा सामग्री तथा उपकरणहरू जडान गर्ने र विद्यालयले जिन्सी दाखिला प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। स्थापना कार्यक्रममा रू.३ करोड बजेट विनियोजन गरी ५१ विद्यालयमा ल्याव स्थापना गराई रू.३ करोड खर्च लेखेकोमा प्राविधिक स्पेशिफिकेशन बमोजिम भए नभएको जाँच गरेको देखिएन । विगतमा अनुदान प्राप्त १५ विद्यालयलाई मापदण्ड भित्र समावेश नगरी सोझै रू.३ लाखको दरले रू.४५ लाख भुक्तानी भएको छ। यसमा सुधार हुनुपर्दछ।

११.५. **क्षेत्राधिकार -** संघ प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गिकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ मा शिक्षा, विज्ञान तथा प्रविधि तर्फ उच्च शिक्षा संघको क्षेत्राधिकारमा रहेको छ। प्रदेश मन्त्रालय मातहतको गण्डकी विश्वविद्यालयमा शैक्षिक क्रियाकलाप नगरी संघ मातहतको त्रिभुवन विश्वविद्यालयबाट अनुदान प्राप्त हुने पृथ्वीनारायण क्याम्पसमा जर्ज जोन डिजिटल गणित प्रयोगशाला निर्माण बापत रू.४० लाख बजेट विनियोजन गरी गण्डकी प्रदेश सरकारको कार्यक्षेत्रभन्दा बाहिर गई रू.३२ लाख ६५ हजार खर्च गरेको उचित देखिएन। आफ्नो कार्यक्षेत्र अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१२. **ठेक्का सम्झौताको कार्यान्वयन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कार्य नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था रहेको तथा दफा ५९(८) मा त्यसरी सम्झौताको अन्त्य भएमा सो कामबापत राखिएको पुरै जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम समेत सम्बन्धित बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न विद्यालयहरूको लागि आइ.सि.टि. ल्याव व्यवस्थापनका लागि ५३९ थान डेस्कटप कम्प्युटर र ८३ थान ल्यापटप खरिद गर्न छुट्टाछुट्टै प्याकेज बनाई बोलपत्र आह्वान गरेकोमा कम्प्युटर सप्लाइको रू.४ करोड ५४ लाख ७२ हजार र ल्यापटप सप्लाईको रू.९३ लाख २० हजार कवोल अंकमा एक सप्लायर्ससँग २०७९ श्रावण ५ गते सम्म सम्पूर्ण सामग्री कार्यालयमा उपलब्ध गराउने गरी खरिद सम्झौता भएकोमा हालसम्म पनि उपलब्ध नगराएको र म्याद थप समेत नभएकोले खरिद सम्झौता बमोजिम राखिएको कार्यसम्पादन जमानत रू.२७ लाख ३९ हजार जफत तथा नियमानुसार आवश्यक कारबाही गर्नुपर्दछ।

१३. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १३२ आयोजनाको लागि रू.१८ करोड १२ लाख ६५ हजार बजेट

रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

शिक्षा विकास निर्देशनालय

१४. **तथ्याङ्क व्यवस्थापन -** गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम निर्देशनालयलाई तोकिएको कार्यविवरण अनुसार संघले तय गरेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय ढाँचासँग तादात्म्य हुने गरी प्रदेश भित्रका विद्यालय र उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन तथा अध्यावधिक गर्ने गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना गर्ने, संघीय सरकारले विश्वव्यापी अनुगमन प्रतिवेदन लगायत अन्तराष्ट्रिय मञ्चमा उपलब्ध गराउनेपर्ने नियमित सूचकगत प्रतिवेदनहरू तयारी गर्नका लागि आवश्यक सूचनाहरू तोकिएको ढाँचामा नियमित रुपमा उपलब्ध गराउने, प्रदेश तहमा शैक्षिक सूचकाङ्कहरूको प्रभावकारिताको विश्लेषण गर्ने, प्रदेशभित्र सबै प्रकारका शैक्षिक निकायमा कार्यरत कर्मचारी जनशक्तिको सूचना प्रणाली व्यवस्थापन गर्ने जिम्मेवारी रहेकोमा निर्देशनालयले विद्यालय तथा उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क तयारी तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना नगरेकोले सोको कार्यान्वयन गर्नुपर्दछ।

१५. **अनुगमन -** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३७(१) मा सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ । निर्देशनालयलाई प्रादेशिक स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र परीक्षण गर्ने कार्य जिम्मेवारी रहेकोमा शैक्षिक गुणस्तर मापदण्डको अद्यावधिक स्थिति, गुणस्तर मापदण्ड कायम गर्न सम्बन्धित निकायहरूले गरेको प्रयास साथै सो सम्बन्धमा सम्बन्धित निकायलाई दिएको निर्देशन तथा कार्यक्रम कार्यान्वयनमा सुधार भए नभएको सम्बन्धमा प्रतिवेदन गरी अभिलेखन गरेको देखिदैन । अनुगमन मूल्यांकनबाट देखिएका व्यहोरा तथा समाधानको उपाय एवं निर्देशनको व्यहोरा खुल्ने गरी प्रतिवेदन गर्नुपर्दछ ।

प्रदेश सङ्ग्रहालय

१६. **सम्झौता कार्यान्वयन -** कार्यालयले एक कम्पनीसँग संग्रहालय परिसरमा पसलकवल सञ्चालनको लागि मासिक भाडा रू.६५ हजार लिने र प्रत्येक दुई वर्षमा १० प्रतिशत वृद्धि गर्ने गरी २०७७ पौष मसान्त सम्मको लागि २०६७।१०।०३ मा सम्झौता गरेकोमा निम्न ब्यहोरा देखियोः

१६.१. सम्झौताको बुँदा नं १४ मा भाडामा दिएको पसलकवल पुरातत्व विभाग अन्तर्गत तत्कालीन क्षेत्रीय संग्रहालय तथा हाल प्रदेश संग्रहालयले जुनसुकै बखत एक महिनाको म्यादभित्र पसल खाली गरी चेकजाँच गरी पसलको साँचो बुझाउने उल्लेख गरेकोमा नवीकरण नहुने र पसलकवल खाली गर्न पत्राचार गरेकोमा लेखापरीक्षण अवधिसम्म सो पसलकवल खाली गरेको देखिएन । त्यसैगरी सम्झौतामा कार्यालयले तोकिदिएको मापदण्ड अनुसार संरचना बनाउने, यसको मर्मत सम्भार गर्ने र

१० वर्ष पश्चात् निर्माण भएका संरचनाहरू कार्यालयलाई हस्तान्तरण गर्ने उल्लेख भएकोमा भवन हस्तान्तरण नगरी तोडफोड गरी जीर्ण बनाएकोले संम्झौतामा उल्लेख भएअनुसार क्षतिको उपयुक्त मुल्याङ्कन गरी सरकारी बाँकी सरह असुल गर्नुपर्ने देखिन्छ ।



१६.२. सम्झौता बमोजिम लेखापरिक्षण अवधिसम्म पसल बुझाएको नदेखिएकोले लेखापरीक्षण अवधिसम्मको मासिक रू.१ लाख ५ हजार का दरले २०७८/४/१ देखि २०७९/७/३० सम्म १६ महिनाको भाडा रू.१६ लाख ७५ हजार असुल गर्नुपर्दछ।

१७. **अडिटोरियम सञ्चालन** - सरकारी सम्पत्तिहरूको उचित सदुपयोग हुनुपर्दछ । शैक्षिक तालिम केन्द्र, तनहुँको परिसरमा रू.६० लाख लागतमा अन्तराष्ट्रिय दातृ संस्था (एशियाली विकास बैंक) को ऋण सहयोगमा वि.स. २०५५ मा निर्माण भएको १० कोठा र दुई शौचालयहरू सहित २१० जना सहभागी क्षमताको अडिटोरियम भवन निर्माण सम्पन्न भए देखि नै प्रयोग विहिन अवस्थामा छ। आवश्यक व्यवस्था गरी सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ।

- **बेरुजु स्थिति** - मन्त्रालय तथा मातहत ९ निकायको रू.५ करोड ३० लाख ५७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.५० लाख ६२ हजार फर्स्यौट गरेकोले रू.४ करोड ७९ लाख ९५ हजार बाँकी बेरुजु देखिएको छ । सो मध्ये रू.८१ लाख म्याद नाघेको पेश्की बाँकी रहेको छ । अन्य संस्था तथा समितितर्फ १ निकायमा रू.३६ लाख १ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौट नभएकोले सो बेरुजु कायम गरिएको छ। सो सम्बन्धी विवरण अनुसुची-९ र १० मा रहेको छ।

- **५ बर्षको कार्यसम्पादन अवस्था**

१. **बजेट खर्च** - आर्थिक वर्ष २०७४।७५ देखि २०७८ ।७९ सम्म यस मन्त्रालयको (५ वर्षको अवधिमा) कुल बजेट रू.१४ अर्ब ३० करोड ४२ लाख रहेकोमा कुल खर्च रू.९ अर्ब १८ करोड ९४ लाख भएको छ । उक्त खर्चमध्ये पुँजीगत खर्च रू.३ अर्ब ३ करोड १० लाख र चालु खर्च रू.६ अर्ब १५ करोड ८४ लाख रहेको छ । कुल खर्च मध्ये पूँजिगत खर्च ३२.९८ प्रतिशत र चालु खर्च ६७.०१ प्रतिशत रहेको छ। विगत ५ वर्षको औसत खर्च ६४.२४ प्रतिशत रहेको देखिन्छ ।

२. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार तोकिएका जिम्मेवारीमध्ये गण्डकी प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८, गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७६, सहित ५ ऐन, गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ अपाङ्गतर्फका कार्यक्रमहरूको मापदण्ड, २०७९, सहित ५० मापदण्ड तर्जुमा लगायतका कार्य गरेको छ ।

३. **नीति निर्माण** - नियमावली अनुसार प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण, प्रदेशको शिक्षा ऐन, प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शैक्षिक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन अनुसन्धान, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, श्रमिक एबं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तयार तथा कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन लगायतका कार्यहरू हुन बाँकी रहेको छ ।

४. **उपलब्धि** - मन्त्रालयले शिक्षाको गुणस्तर अभिवृद्धि, विज्ञान प्रविधिको विकास, भाषा संस्कृतिको संरक्षण सम्बर्धन, लैङ्गिक समानता तथा महिला सशक्तिकरणका क्षेत्रमा सकारात्मक कार्यहरू गरेको छ । गण्डकी प्रदेश शिक्षा नीति तर्जुमा गरी प्रदेश सरकारबाट जारी भएको छ। सामुदायिक क्याम्पस ५२ वटामा कम्प्युटर प्रयोगशाला, भवन मर्मत र पुस्तकालयको व्यवस्थापन र स्तरोन्नति गर्न सहयोग गरिएको, चार आङ्गिक क्याम्पसका विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्थापन सुधार गरिएको छ। गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यशाला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं सम्बर्द्धन गर्न "गण्डकी प्रज्ञा प्रतिष्ठान" स्थापना भई सञ्चालनमा आएको छ ।

नेपालको संविधान प्रदेश सरकारले तोकेका कार्यहरू र प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममा औंल्याएका व्यहोराहरू विगत पाँच वर्षको समिक्षा गरी आगामी दिनमा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्य सेवा, पोषणमा पहुँच, उपयोग र गुणस्तर वृद्धि गर्न प्रदेश नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन र सम्बन्धित संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मुल्याङ्कन र समन्वय लगायतका कार्य रहेका छन।

यो वर्ष मन्त्रालय र मातहतसमेत २८ कार्यालयको विनियोजन रू.१ अर्ब ९१ करोड ९९ लाख ६० हजार, राजस्व रू.८० लाख, धरौटी रू.६ करोड १९ लाख ३९ हजार र अन्य कारोबार रू.१ अर्ब ८ करोड ९३ लाख २८ हजार समेत रू.३ अर्ब ७ करोड ९२ लाख २६ हजार र ११ समितितर्फ रू.२ अर्ब ७० करोड ३ लाख ५३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यजिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य जिम्मेवारी तोकिएको छ।उक्त नियमावलीले स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशमा आवश्यक पर्ने प्रवर्द्धनात्माक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन, अनुमति र नियमन, प्रदेशस्तरिय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मुल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगलाई दर्ता, सञ्चालन र नियमन गर्ने लगायतका २१ कार्यजिम्मेवारी निर्धारण गरेको छ। मन्त्रालयले स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रदेश नीति तथा कानून, मापदण्ड तथा योजना तर्जुमा लगायतका सम्बन्धमा १३ कानुन निर्माण गरेको भएता पनि कार्यजिम्मेवारी अनुरुप अधिकांश कार्य हुन बाँकी देखिन्छ। मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा तोकिएका काम समयमा सम्पन्न गर्नुपर्दछ।

२. **कार्यक्रम कार्यान्वयन -** बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष प्रादेशिक आयुर्वेदिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी औषधि उत्पादन तथा प्रशोधन केन्द्रको भवन निर्माण, आँपपिपल अस्पताल स्तरोन्नती, कोभिड-१९ को संक्रमण, महामारी एवं अन्य प्राकृतिक प्रकोपका कारण अभिभावक गुमाएका बालबालिकाहरूलाई निशुल्क स्वास्थ्य उपचार सेवा तथा स्तन क्यान्सर, पाठेघरको क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायतको निशुल्क उपचार कार्यक्रमको लागि रू.२ करोड ६० लाख बजेट विनियोजन भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएका छैनन् । मन्त्रालयले बजेट बक्तव्य तथा वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३. **कर्मचारी दरबन्दी तथा पदपूर्ति -** मन्त्रालय तथा मातहत २७ कार्यालय र १२ समितितर्फ कुल ७९२ दरबन्दी स्वीकृत रहेकोमा ५३२ मात्र पदपूर्ति भई २६० जना रिक्त रहेको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

४. **दिगो विकास लक्ष्य -** गण्डकी प्रदेश सरकारले चालु प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई पनि गण्डकी प्रदेश आवधिक योजनामा मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यहरू तोकिएकोमा हालसम्मको उपलब्धी विश्लेषण गर्दा २ सुचकमा आधार वर्ष (२०७५।७६) को तुलनामा अवस्था खस्केको, ९ सूचकमा कुनै प्रगति नभएको, ५ सूचकमा सामान्य प्रगति भएको देखिन्छ।

४.१. आधार वर्षमा अपेक्षित आयु र परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला क्रमश ७१.४ वर्ष र ३७.३ प्रतिशत भएको र २०८०।८१ सम्ममा ७७ वर्ष र ५३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्मको उपलब्धी ७१ वर्ष र ३७.२ प्रतिशत मात्र रहेकोले आधार वर्षको तुलनामा अवस्था खस्किएको छ।

४.२. आधार वर्षमा प्रति परिवार औषत जनसंख्या ४.२, शिशु मृत्य दर प्रतिहजार २३, नवजात शिशु मृत्यदर प्रति हजार १५, कुल प्रजनन दर २, किशोरी अवस्थाको प्रजनन दर १४ प्रतिशत र दक्ष स्वास्थ्यकर्मिबाट प्रसुति सेवा लिएका महिला ६९.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा कुनै प्रगति भएको छैन।

५. **प्रदेश गौरवका आयोजना -** प्रदेशको पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजनालाई प्रदेश गौरवको आयोजना उल्लेख गरेको छ। लागत अनुमान रू.१ अर्ब ५० करोड रहेको विशिष्टीकृत अस्पताल निर्माणको लागि सम्भाव्यता अध्ययन गर्न २०७६/७७ मा रू.२० लाख बजेट विनियोजन भएकोमा अस्पताल निर्माण गर्न जग्गा प्राप्त हुन नसकेको कारण उक्त आयोजना अघि बढेको छैन। प्रदेशको पञ्चवर्षीय योजनामा यस आयोजना २०७६।७७ देखि शुरु भई २०८०।८१ भित्र सम्पन्न गर्ने उल्लेख भए पनि हाल सम्म सुरु भएको छैन् । आवश्यक बजेट व्यवस्थापन गरी काम सुचारु गर्नुपर्दछ।

६. **विशेष अनुदान -** नेपाल सरकारले तयार गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५को बुँदा नं ७ मा प्रदेशको हकमा रू.१० करोड रुपैयाभन्दा कमको लागत भएको आयोजनामा विशेष अनुदानको रकम प्रदान नगरिने उल्लेख छ। यस वर्ष संघीय सरकारबाट स्वास्थ्य क्षेत्र सुदृढिकरण आयोजना अन्तर्गत रू.८ करोड ३० लाख र आमा तथा बालवालिका पोषण सुधार आयोजनामा रू.३ करोड ३२ लाख गरी रू.११ करोड ३२ लाख विशेष अनुदान प्राप्त गरेकोमा कुल रू.७ करोड २८ लाख (६२ प्रतिशत) मात्र खर्च गरेको छ। विशेष अनुदानको लागि प्राप्त भएको रकम अधिकतम प्रगति हासिल गर्ने गरी खर्च व्यवस्थापन गर्नुपर्दछ।

७. **सीमित प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्न नहुने उल्लेख छ । मन्त्रालयले कार्यालयको लागि फर्निचर, फर्निसिङ, मेशिनरी औजार खरिद गर्नको लागि रू.६९ लाख २८ हजार लागत अनुमान तयार गरी रू.६८ लाख ३० हजारमा सोझै खरिद गरेको छ। खरिद गर्दा ऐन तथा नियमावलीको पालना गरी खरिद गर्नुपर्दछ ।

८. **कोभिड कोष -** प्रदेश सरकारले सञ्चालन गरेको कोभिड कोषमा रू.३७ करोड ३१ लाख १४ हजार आम्दानी र रु १८ करोड ३० लाख ५७ हजार खर्च भई २०७८।०७९ असार मसान्तसम्म रु १९ करोड ५७ हजार मौज्दात रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

८.१. मन्त्रालयले संघीय सरकारका ४ कार्यालयहरूलाई रू.१ करोड १४ लाख ७२ हजार उपलब्ध गराएको छ।

८.२. कोषबाट रू.१८ करोड १६ लाख ९० हजार विभिन्न कार्यालयहरूलाई निकासा दिएकोमा खर्च नगरेको रकम मध्ये प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रबाट रू.४ करोड ७३ लाख १४ हजार फिर्ता भएको छ भने अन्य कार्यालयबाट भएको खर्चको विवरण लिई बाँकी रकम फिर्ता प्राप्त गरेको छैन।

८.३. कोभिड-१९ को कारण मृतकका परिवारको जीविकोपार्जनलाई सहयोग पुऱ्याउने उद्देश्यले मृतकको परिवारलाई रू.५० हजारको दरले स्वास्थ्य कार्यालय, तनहुँ र गोरखाले २८२ परिवारलाई रु १ करोड ४१ लाख आर्थिक सहायता भुक्तानी गरेको छ।

८.४. कोरोना भाइरस (कोभिड-१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ अनुसार संक्रमणको शंका लागि आइसोलेशनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरूको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ। कोरोना भाइरस (कोभिड-१९) संक्रमणको उपचारमा संलग्न जनशक्तिलाई जोमसोम अस्पतालले रू.१० लाख ९० हजार, मध्यविन्दु अस्पतालले ११८ जनालाई रु १ करोड १० लाख ७ हजार र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीले १०७ जनालाई रु १ करोड २७ लाख कोभिड भत्ता खर्च लेखेको छ।

८.५. कोभिडको असर क्रमशः न्यून भई राज्यले नागरिकको उपचार गर्नुपर्ने अवस्थामा सामान्यीकरण भईसकेको भएता पनि मन्त्रालयले मातहतका निकाय मार्फत् अस्थायी दरबन्दीका कर्मचारीलाई रु ७ करोड २५ लाख १९ हजार अतिरिक्त तलब खर्च लेखेको देखियो। स्वास्थ्यकर्मीले गरेको कार्य सम्पादनको अवस्था मूल्यांकन नगरी अस्थायी दरबन्दीमा कर्मचारी राखी तल भत्ता खर्च लेख्ने लाई जवाफदेही बनाउनु पर्दछ।

८.६. सन् २०१९ देखि शुरु भएको कोभिड माहामारीको अवस्था सामान्य भैसकेको छ। यस्तो अवस्थामा मन्त्रालयले आफ्नो र मातहतको कार्यलाई कोभिड अभियानबाट नयाँ सामान्य अवस्था बाट सञ्चालन गर्नुपर्दछ। सो प्रयोजनको लागि प्रदेश र मातहतका स्वास्थ्य निकायमा प्राप्ति एवं खरिद भएको स्वास्थ्य उपकरण, अक्सिजन प्लान्ट लगायतका संयन्त्र र अन्य पूर्वाधार एवं सामग्रीहरू प्रयोग नभई क्षयिकरण हुने अवस्थामा रहेका छन। मंत्रालयले यस्ता सामग्री र संरचनाको अवस्था अनुगमन गरेर स्वास्थ्य संस्थामा परिचालन तथा अन्य वैकल्पिक व्यवस्था गरेर सरकारी श्रोत तथा सामग्रीको प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

९. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा ४५० आयोजनाको लागि रू.९१ करोड ७ लाख ९२ हजार बजेट रकमान्तर गरी खर्च

गरेको छ। जसमध्ये रू.७५ लाख रकमान्तर गरी एक सवारी साधन रू.७३ लाख ७४ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

अस्पतालहरू

१०. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा सोझै खरिद सम्बन्धी व्यवस्था छ। मातृशिशु मितेरी अस्पतालले रू.५७ लाख ५८ हजार र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीले रू.१ करोड १ लाख ४५ हजार समेत रू.१ करोड ५९ लाख ३ हजारको कार्यालय सामान, औषधि तथा औषधिजन्य उपकरण पटक पटक सोझै खरिद गरेका छन्। प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी खरिद कार्य गर्नुपर्दछ ।

११. **बाल सघन उपचार कक्ष** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयारगर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत वा स्थानीय वजारमा प्रचलित दरभाउ वा अन्य वजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च वा उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटलाइ आधार मान्नुपर्ने व्यवस्था छ । म्याग्दी जिल्ला अस्पतालले दुई वटा भेन्टीलेटर सहित ५ शैय्याको बाल सघन उपचार कक्षको ३६ आइटम उपकरणको लागि ६ प्याकेज गरी ३ फर्मबाट दररेट लिइ सोको औषतको आधारमा रू.२ करोड ६१ लाख ६६ हजार लागत अनुमान तयार गरेको छ । उक्त नियमावलीले ३ फर्मबाट दररेट लिइ औसतको आधारमा लागत अनुमान कायम गर्ने व्यवस्था गरेको देखिदैन। अतः उक्त सामानको लागत अनुमान तयार गर्दा कम्तीमा पनि ३ फर्मबाट दररेट लिएको अवस्थामा घटी दररेटलाइ लागत अनुमानको आधार बनाउदा खरिद मितव्ययी हुने तर्फ अस्पतालले बिश्लेषण गरेको देखिएन। यसबाट लागत अनुमान प्रतिस्पर्धात्मक र मितव्ययी भएको देखिएन । उक्त उपकरण बोलपत्रको प्रक्रियाबाट ६ प्याकेजमा ४ आपूर्तकबाट लागत अनुमान भन्दा १३.८८ प्रतिशतले घटी रू.२ करोड २५ लाख ३२ हजारमा सम्झौता गरी सामान आपूर्ति गरेको छ। आपूर्ति गरीएका उपकरणहरूको सम्झौतामा भएको व्यवस्था अनुसार सामान दाखिला गर्नुपूर्व स्पेसिफिकेशन अनुसार भए नभएको परीक्षण गरेको नदेखिएकोले आपूर्ति गरीएका उपकरणहरूको गुणस्तर सम्बन्धमा विश्वस्त हुन सकिएन ।

१२. **मूल्य समायोजन** - जोमसोम अस्पतालले अस्पताल भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी सँगको सम्झौताको विशेष शर्तको बुँदा नं. ५३.१ मा मुल्य समायोजन गणना गर्दा प्रयोग गरिने कोफिसिएण्ट र इन्डेक्सको भार बोलपत्रदाताले बोलपत्र पेश गर्दा एडजष्टमेन्ट डाटा सिटमा उल्लेख गरी सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरेको आधारमा हुने उल्लेख छ । अस्पतालले भवन निर्माण कार्यको बोलपत्र सम्बन्धी कागजात तयार गर्दा मूल्य समायोजन सम्बन्धी कोफिसिएण्टको भारको रेन्ज निर्धारण गरेको देखिएन साथै निर्माण व्यवसायीले समेत आफ्नो प्रस्तावित कोफिसिएण्ट भार उल्लेख गरेको छैन । यस वर्ष एक निर्माण व्यवसायीलाई दोश्रो र तेश्रो रनिङ्ग बिलबाट रू.१४

लाख ४० हजार मूल्य समायोजन भुक्तानी दिएकोमा नेपाल राष्ट्र बैंकको होलसेल प्राइस इण्डेक्सलाई आधार मानी मूल्य समायोजन गणना गरेको देखियो । सम्झौता गर्दाका बखत एडजष्टमेन्ट डाटा सिटमा कोफिसियण्टको भार प्रस्ताव नगरेकोले मूल्य समायोजन भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१३. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८८ मा पारिश्रमिक कर सम्बन्धी व्यवस्था छ। विभिन्न कर्मचारीहरूको तलब तथा भत्ता भुक्तानी गर्दा दमौली अस्पतालले रू.२ लाख ६२ हजार र पर्वत जिल्ला अस्पतालले रू.८ लाख ९२ हजार, धौलागीरी अस्पतालले रू.२ लाख ८० हजार, जोमसोम अस्पतालले रू.१ लाख २५ हजार समेत रू.१५ लाख ६० हजार पारिश्रमिक कर कट्टा नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नु पर्दछ।

- **बेरुजु स्थिति** - मन्त्रालय र मातहतका सरकारी कार्यालयतर्फ १३ निकायमा यो वर्ष रू.१ करोड ७६ लाख २९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायबाट रू.३२ लाख २२ हजार फर्स्यौट गरेकोले रू.१ करोड ४४ लाख ७ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रू.७ लाख ४१ हजार म्याद नाघेको पेश्की रहेको छ। अन्य संस्था तथा समितितर्फ ११ निकायमा रू.२ करोड ७० लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायबाट रू.२ लाख १० हजार फर्स्यौट र संपरीक्षणबाट रू.७४ हजार थप भई रू.२ करोड ६८ लाख ८० हजार बेरुजु बाँकी रहेको र सो मध्ये रू.२५ लाख म्याद नाघेको पेश्की रहेको छ। सो सम्बन्धी विवरण अनुसुची-९ र १० मा रहेको छ।

युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू लगायतका कार्यहरू रहेका छन।

यस मन्त्रालयको विनियोजन रू.२२ करोड ५७ लाख १२ हजार, राजस्व रू.११ हजार, धरौटी रू.४ लाख २१ हजार र अन्य कारोबार रू.२२ लाख ९९ हजार समेत रू.२२ करोड ८४ लाख ४३ हजार र १ समिति तर्फ रू.६ करोड ३९ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरू निम्नानुसार छनः

१. **कार्यजिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले युवा सम्बन्धी प्रदेश नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, खेलकुद सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, खेलकुद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन, प्रदेश खेलकुद परिषद् सम्बन्धी, जिल्ला खेलकुद परिषद सम्बन्धी र युवा र खेलकुद सम्बन्धी ६ कार्य जिम्मेवारी निर्धारण गरेको छ। मन्त्रालयले एक ऐन, एक नियम र एक कार्यविधि निर्माण गरेको छ भने युवा तथा खेलकुद सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा लगायतका अधिकांश कार्य हुन बाँकी रहेको छ। मन्त्रालयले आफ्नो कार्य जिम्मेवारीमा तोकिएका काम समयमा सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२. **कर्मचारी दरबन्दी तथा पदपूर्ति -** मन्त्रालय तथा प्रदेश खेलकुद परिषदका लागि ४६ दरबन्दी स्वीकृत रहेकोमा १७ मात्र पदपूर्ति भई २९ पद रिक्त रहेको देखिन्छ । पदपूर्ति मध्ये ११ कर्मचारी स्थायी र ६ जना करारका रहेका छन। दरबन्दी अनुसार रिक्त स्थानमा पदपूर्ति गर्नुपर्दछ।

३. **चौमासिक खर्चको स्थिति -** स्वीकृत कार्यक्रममा चौमासिक बजेट सीमा निर्धारण भएता पनि मन्त्रालयको रू. १२ करोड ४५ लाखपुँजीगत बजेट मध्ये करिव ५० प्रतिशत खर्च मध्ये तेश्रो चौमासिक अवधिमा मात्र खर्चको करिव ८४ प्रतिशत खर्च भएको छ। आर्थिक वर्षको अन्तिम महिनामा कुल खर्चको ७४ प्रतिशत अर्थात् रू.४ करोड ४३ लाख ४० हजार खर्च भएको देखिएको छ। ठुलो रकम तेस्रो चौमासिक तथा असार महिनामा भएको देखिन्छ। छोटो समयमा बजेटको ठुलो अंश खर्च गर्ने प्रवृत्तिले सम्पन्न कार्यक्रमको गुणस्तरमा ह्रास आउने तथा कार्यक्रम सञ्चालनमा प्रभावकारिता नआउने हुदा समयमानै खर्च गरी विनियोजन दक्षता बढाउनु पर्दछ।

४. **बजेट तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालय र मातहतका निकायले गर्नुपर्ने कामसँग सम्बन्धित वार्षिक बजेटमा भएका व्यहोराको कार्यान्वयन गर्न गराउन तथा अनुगमन गर्नुपर्नेमा मन्त्रालयले सीप दक्षता र रोजगारी युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी कार्यक्रममा रू.२ करोड ५० लाख र सामूहिक रुपमा उद्यम गर्न चाहने युवाहरूलाई प्रोत्साहन गर्न प्रदेश सरकार र युवा उद्यमीहरूबिच

लगानी साझेदारीमा "उद्यमी युवा समृद्ध प्रदेश निर्माणमा टेवा" कार्यक्रममा रू.२ करोड ५० लाख विनियोजन भएकोमा कार्यान्वयन भएको छैन । मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि समयमै कार्ययोजना बनाई तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **प्रदेश गौरवका आयोजनाको कार्यान्वयन -** प्रदेशको चालु पञ्चवर्षीय योजनाले मन्त्रालय अन्तर्गत अन्तराष्ट्रिय क्रिकेट खेलमैदान निर्माण पशुपतिघाट योजनालाई प्रदेश गौरवको योजना भनि उल्लेख गरेको छ। प्रदेश गौरवका आयोजनाको रुपमा छनौट भई रू.१ अर्ब ६३ करोड लागत अनुमान रहेको यस आयोजनाको डिपिआर गर्न विगत वर्षमा रू.१९ लाख ५० हजार खर्च भएता पनि यस आर्थिक वर्षमा सो योजनाको लागि बजेट व्यवस्था गरिएको छैन। प्रदेश गौरवको योजनाको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **पञ्चवर्षीय योजनाको कार्यान्वयन -** प्रदेश सरकारले तयार गरेको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) अनुसार आर्थिक वर्ष २०७८।७९ मा मन्त्रालय अन्तर्गत विभिन्न १३ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा युवा लक्षित प्राविधिक तथा व्यावसायीक तालिम सञ्चालन, युवाहरू लक्षित सहुलियत दरमा कर्जा प्रवाह, मैत्रिपूर्ण अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, मुस्ताङ्गमा उचाई खेलमैदान निर्माण, आँधीखोला गाउँपालिकालाई लो-एभिएसन स्पोर्टसको रुपमा विकास गर्ने, नगरपालिकासँगको समन्वयमा खेलमैदान निर्माण लगायतका ६ कार्यक्रममा बजेट व्यवस्था गरेको छैन। पञ्च बर्षिय योजनाले राखेको उद्देश्य पुरा गर्न आवश्यक बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति तथा कार्यक्रम -** मन्त्रालयले आफु तथा मातहतका निकायले गर्नुपर्ने कामसँग सम्बन्धित नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने गराउने तर्फ अग्रसरता लिनुपर्दछ। यस आर्थिक वर्षको प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएका युवाहरूलाई विज्ञान र प्रविधिसँग जोड्ने वैज्ञानिक सम्मेलन, एक पालिका एक खेलमैदान लगायतका ३ वटा कार्यक्रममा बजेट व्यवस्था गरेको छैन्। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरूलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **कार्यसञ्चालन स्तरीय कार्य -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार युवा सम्बन्धी प्रदेश नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन लगायतका कार्यजिम्मेवारी तोकेको छ। मन्त्रालयले रू.१३ करोड ८५ लाख खर्च गरी रू.५ लाख भन्दा कमका १४३ योजना, ५ लाख देखि २० लाख सम्मका ४४ योजना र रू.२० लाख भन्दा बढिका २ वटा योजना समेत १८९ आयोजनाहरू उपभोक्ता समिति मार्फत् सञ्चालन गरी कार्यसञ्चालन स्तरको कार्य गरेको छ। नीतिगत तथा नियमनकारी निकायले कार्यसञ्चालन स्तरको काम गर्दा नीति निर्माण तथा नियमन कार्य प्रभावित हुने भएकोले मातहत निकायहरूबाट यस प्रकारका कार्यहरू गराउनु पर्दछ।

९. **समग्र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक विवरण तयार गर्नुपर्ने र प्राप्त प्रगति विवरणको आधारमा समीक्षा गरी प्रगति कम हुनुका प्रमुख कारणहरू पहिचान गर्नुपर्ने समेत उल्लेख गरिएको छ। मन्त्रालय र मातहतका कार्यालयमा ३५६

वटा कार्यक्रमको लागि रू.१५ करोड ५२ लाख विनियोजन भएकोमा २९१ वटा कार्यक्रम कार्यान्वयन भई रू.१३ करोड १४ लाख ८९ हजार अर्थात् ८५ प्रतिशत भौतिक र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ। मन्त्रालयले कार्यान्वयन योग्य योजनामा मात्र बजेट विनियोजन गरी लक्ष्य अनुसार प्रगति हाँसिल गर्नुपर्दछ।

१०. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको शीर्षकमा १४५ आयोजनाको लागि रू.९ करोड ९४ लाख बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये रू.७० लाख रकमान्तर गरी एक सवारी साधन रू.६० लाख १५ हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

प्रदेश खेलकुद परिषद्

११. **भवन निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत् गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रदेश खेलकुद परिषद् भवन निर्माणको लगि उपभोक्ता समितिलाई रू.५७ लाख १४ हजार खर्च लेखेको छ। सरकारी भवन निर्माण तथा रङ्गरोगनको काम उपभोक्ता समिति मार्फत् गराइ खर्च गर्नु उचित देखिएन। यसमा सुधार हुनुपर्दछ।

- **बेरुजुको स्थिति** - मन्त्रालयको रू.३४ लाख ३२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट फर्स्यौंट नभई सो बेरुजु बाँकी रहेको छ । अन्य संस्था तथा समितितर्फ १ निकायमा रू.७३ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभएकोले सो बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ र १० मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा अध्यक्ष समेत ३ सदस्यहरू रहने गरी प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सेवा, प्रदेश प्रहरी सेवा र अनुसन्धान ब्यूरो, प्रदेश संगठित संस्थाको सेवा स्थानीय सरकारी सेवा वा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको काम/कर्तव्य हुने व्यवस्था छ । प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रू.१० करोड ८६ लाख ६९ हजार, राजस्व रू.८ करोड ५६ लाख १ हजार समेत, धरौटी रू.१ लाख ६१ हजार, अन्य करोवार रू.५२ हजार समेत रू.१९ करोड ४४ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:-

१. **दरबन्दी र पदपूर्ति -** आयोगमा कुल कर्मचारी दरबन्दी ४९ रहेकोमा ३९ मात्र पदपूर्ति भई १० पद रिक्त रहेको पाईयो । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गरिनुपर्दछ ।

२. पाठ्यक्रम तयारी - प्रदेश लोकसेवा आयोग (कार्य सञ्चालन निर्देशिका), २०७८ को दफा ५ मा पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था छ। आयोगले हालसम्म विभिन्न सेवा समूहका प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि नवौं तहसम्म ३७ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ। तोकिएको सबै पदको पाठ्यक्रम तयार गर्नुपर्दछ।

३. अतिरिक्त भत्ता - प्रदेश लोकसेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ३ मा आयोगको कामको प्रकृति र कार्य बोझको आधारमा कर्मचारीलाई अतिरिक्त समय काममा लगाई विद्युतीय हाजिरीको आधारमा भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था छ। आयोगले विद्युतीय हाजिर बेगर आर्थिक वर्ष २०७८।७९ मा रू.४४ लाख ६४ हजार भत्ता खर्च लेखेको छ। आयोगको कार्यविधिमा भएको व्यवस्था बमोजिम हाजिरी लगायत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई अतिरिक्त भत्ता खर्चलाई व्यवस्थित बनाउनु पर्दछ ।

४. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। प्रदेश लोकसेवा आयोगले बजेट विनियोजन नभएको शीर्षकमा ३ आयोजनाको लागि रू.८० लाख बजेट रकमान्तर गरी खर्च गरेको छ। जसमध्ये बजेट नभएको खर्च शीर्षकमा रू.३५ लाख रकमान्तर गरी एक सवारी साधन रू.३४ लाख ९० हजारमा खरिद गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगबाट रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति -** आयोगको यो वर्ष रू.२० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौट नभएकोले सो बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची- ९ मा रहेको छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यस कार्यालयको विनियोजन रू.१ करोड १५ लाख ५३ हजार, धरौटी रू.८० हजार समेत रू.१ करोड १६ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी तथा पदपूर्ति -** सार्वजनिक सेवालाई प्रभावकारी र चुस्त बनाउन समयमै स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयको स्वीकृत दरबन्दी ११ रहेकोमा ८ पदपूर्ति भई ३ पद रिक्त रहेको छ । पदपूर्तिमध्ये ४ जना करारमा रहेका छन् । रिक्त दरबन्दी समयमानै पदपूर्ति हुनुपर्दछ।

२. **बहस पैरवी -** कार्यालयले २०७८।७९ को वार्षिक प्रतिवेदन अनुसार गण्डकी प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयहरूलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा अदालतको अवहेलना रिट निवेदन तथा अन्य १२७ मुद्दाको लगत रहेकोमा कार्यालयलये यस वर्ष प्रदेश र मातहत निकायको तर्फबाट ४७ मुद्दाको बहस पैरवी गरेको छ । फर्स्यौट हुन ८० मुद्दा बाँकी देखिन्छन् ।

३. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मुख्य न्यायधिवक्ताको कार्यालयले बजेट विनियोजन नभएको शीर्षकमा २ आयोजनाको लागि रू.४ लाख १३ हजार बजेट रकमान्तर गरी खर्च गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेटलाई अख्तियारी अनुसार कार्यान्वयन नगर्दा बजेट उपर संसदीय निगरानी र आर्थिक अनुशासनको पालना भएको देखिएन। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति -** मन्त्रालयको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारको विकास नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्य उन्मुख, सूचकमा आधारित र प्राथमिकता केन्द्रीत बनाउन सहयोग र सल्लाह दिनको लागि प्रदेश नीति तथा योजना आयोग गठन भएको छ।

यो वर्ष आयोगको विनियोजन रू.२ करोड ३२ लाख ४२ हजार, राजस्व रू.१ लाख ५० हजार, धरौटी रू.२ लाख ७१ हजार र अन्य कारोबार रू.४ लाख ४८ हजार समेत रू.२ करोड ४१ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१. **दरबन्दी र पदपूर्ति -** आयोगको स्वीकृत कर्मचारी दरबन्दी २३ मध्ये १६ पदपूर्ति भई ७ पद रिक्त रहेको देखिन्छ । जनशक्तिको अभावमा आयोगको कार्य सम्पादनमा असर पर्ने देखिएकोले रिक्त दरबन्दी पूर्ति गर्नुपर्दछ ।

२. **प्रतिवेदन कार्यान्वयन -** आर्थिक वर्ष २०७८/७९ को बजेटमा व्यवस्था भए बमोजिम विभिन्न ३ विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण कार्यमा रू.३५ लाख ८५ हजार खर्च गरेकोमा अध्ययन अनुसन्धानबाट तयार गरिएको प्रतिवेदनको पूर्ण रुपमा कार्यान्वयन भएको पाईएन। प्रतिवेदनको कार्यान्वयन नहुँदा उत्पादन र उत्पादकत्वमा सकारात्मक बृद्धि हुने, थप आय तथा रोजगारीका अवसरहरू बृद्धि हुने, गरिबी न्यूनीकरणमा सघाउ पुग्ने र समृद्ध प्रदेश निर्माणमा सहयोग पुग्ने अवस्था देखिएन। उपलब्धी प्राप्त नहुने कार्यमा गरिने खर्चमा नियन्त्रण र अध्ययन, अनुसन्धान, सर्वेक्षणबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ ।

३. **प्रदेश एकीकृत तथ्याङ्क प्रणाली नभएको -** गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन आदेश, २०७८ को दफा ८ मा आयोगको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएको छ। जसअनुसार आयोगले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेषण र राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने जस्ता कार्यहरू कानुनमा नै व्यवस्था गरी अधिकार तथा जिम्मेवारी प्रदान गरेको देखिन्छ। आयोगले हालसम्म प्रदेशको एकीकृत तथ्याङ्क व्यवस्थापनको लागि कुनै पनि संयन्त्र स्थापना गरेको छैन भने वार्षिक प्रतिवेदन तथा विभिन्न अनुसन्धानात्मक कार्यहरू केन्द्रीय तथ्याङ्क र मन्त्रालयबाट पटके रुपमा विवरण माग गरी तयार गर्ने गरेको देखिन्छ। विगत वर्षमा परामर्शदाताबाट गण्डकी डाटा पोर्टल नामको एकीकृत तथ्याङ्क पोर्टल स्थापना गरेता पनि अद्यावधिक नभएको तथा सम्बन्धित मन्त्रालयबाट तथ्यांक प्रविष्टी नहुँदा निस्क्रिय रहेको छ। कार्यालयले एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी विश्वसनीय तथा भरपर्दो तथ्याङ्कका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउनु पर्दछ।

४. **निर्णय कार्यान्वयनको अवस्था -** प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७७ को परिच्छेद-२ मा गण्डकी प्रदेशका विकास नीति योजना कार्यक्रम तथा आयोजना कार्यान्वयनको

प्रगति समीक्षा, समस्याको समाधान तथा नीतिगत विषयमा काम गर्नको लागि अनुगमन तथा मूल्यांकन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश विकास समस्या समाधान समिति रहने तथा उक्त समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक गरी ३ पटकसम्म बस्ने, विभिन्न तहबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था रहेकोमा यस वर्ष २ पटक समितिको बैठक बसी विभिन्न निर्णय गरेकोमा साविक कृषि कार्यालयका सम्पत्तिहरू हालका कृषि ज्ञान केन्द्रहरूलाई हस्तान्तरण गर्ने, सिँचाई कार्यालय, कास्कीको अतिक्रमित जग्गा फिर्ता ल्याउने, प्रशासनिक भवन निर्माण गर्ने, यातायात व्यवस्था कार्यालयहरूमा प्रयोग हुने सफ्टवेयर व्यवस्थापन गर्ने, भू-संरक्षण कार्यालयबाट प्रवाह हुने सेवामा पहुँच वृद्धि गर्ने, प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने, प्रदेश औद्योगिक क्षेत्र निर्माण गर्ने निर्णयहरू कार्यान्वयन भएको छैन्। आयोगबाट भएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५. **अनुगमन तथा मूल्यांकन -** प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७८ को परिच्छेद २ को दफा ८ को(ख) को अनुगमन तथा मूल्यांकनमा प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मुल्याकंन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने व्यवस्था रहेको छ। आयोगका कर्मचारी तथा पदाधिकारीहरूले यो वर्ष प्रदेश गौरवका योजना तथा अन्य विभिन्न आयोजनाहरूमा अनुगमन तथा मुल्याकंन गरिएको भनी अनुगमन तथा मूल्यांकन शीर्षकमा रू.१० लाख ५० हजार खर्च लेखेकोमा अनुगमन गरिएका कामहरूको यथार्थ अवस्था देखिने कुनै पनि प्रतिवेदन तयार गरेको देखिएन। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको खर्च शीर्षकमा एक आयोजनाको लागि रू.९ लाख ३६ हजार बजेट रकमान्तर गरी खर्च गरेको छ। प्रदेश सभाले स्वीकृत गरेको बजेट भन्दा फरक ढंगले रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति -** आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

परिच्छेद - ४

प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७८ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यससम्बन्धी व्यहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ प्रदेश सभामा पेश भएको छैन्। वार्षिक प्रतिवेदन उपर समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १७३ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रू.४९ करोड ४ लाख ९९ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा १३ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई लगति बेरुजु ७३ दफा बाट रू.३ करोड ४८ लाख ९ हजार फर्स्यौंट भई रू.४५ करोड ५६ लाख ९० हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १४ निकायको रू.३ करोड ८० लाख ३ हजारमा १ निकायले प्रतिक्रियाबाट रू.२ लाख १० हजार फर्स्यौंट तथा रू.७४ हजार थप भएकोले रू.३ करोड ७८ लाख ६७ हजार बेरुजु बाँकी रहेको छ। कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

गत वर्ष प्रदेश सरकारी निकाय र समिति तथा अन्य संस्थातर्फको रू.१ अर्ब ७८ करोड ९८ लाख ५१ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट १३ करोड ८९ लाख ३८ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ६५ करोड ९ लाख १३ हजार बेरुजु बाँकी रहेको छ ।

३. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरू सञ्चालन सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद - ५

सुधारका क्षेत्रहरू

उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन लगायतका कार्यहरु गर्नुपर्दछ । प्रदेश सरकार गठन भई पाँच वर्षको अवधि पुरा गरेकोमा स्रोत साधन प्राप्ति, उपयोग तथा परिचालन र सोबाट प्राप्त प्रतिफलमा अध्ययन विश्लेषण गर्दा केही सकारात्मक सुधारहरु देखिएका छन् । सोलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारका कार्य सञ्चालन गर्न देहायका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छः

- **नीति तथा कानुनी व्यवस्था**

१. **कानुन तर्जुमा र कार्यान्वयन -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका कानुनहरु तर्जुमा गरेको छ । सोका अतिरिक्त अझैपनि केही कानुनहरु तर्जुमा गर्न बाँकी रहेको देखिन्छ । आवश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

२. **कानुनको कार्यान्वयन -** विद्यमान प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता, पारदर्शिता कायम गर्ने गरी प्रदेशले कार्यसञ्चालन गर्नुपर्दछ । कानुन पालना नगर्ने कर्मचारी एवं पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

३. **सेवा र सुविधा -** कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्नुहुँदैन । प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ ।

- **संगठन तथा मानव संशाधन व्यवस्थापन**

४. मन्त्रालय हेरफेर - प्रदेश मन्त्रालयहरुको संख्या पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई, जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

५. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माण लगायतका कार्यसम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ । तसर्थ दरबन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

६. **संगठन संरचना –** संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागि समेत प्रदेशले छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

७. **सेवा प्रवाह -** सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वकतवरले सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहमा सुधार गर्दै जानुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

८. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको छनोट तथा प्राथमिकीकरण गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च तथा बजेटबीच तादाम्यता कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ ।

९. **अध्ययन प्रतिवेदन –** संगठनको जनशक्तिबाट नै तयार गर्न सकिने कार्य समेत परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ ।

- **बजेट व्यवस्थापन**

१०. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवाला तथा जनसहभागिता लगायत पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्ने देखिन्छ ।

११. **बजेट अनुशासन -** बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोही अनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा अधिक बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

१२. **विनियोजन दक्षता -** बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरुको विनियोजन दक्षता कमजोर देखिन्छ । क्षमता विश्लेषण गरी बजेट विनियोजन गर्नुका साथै बजेट कार्यान्वयनमा समेत ध्यान दिनुपर्दछ।

१३. **अनुदानको उपयोग -** प्रदेशले अनुदान प्रदान गर्दा उद्यमशीलता, क्षमता विकास, व्यावसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धन जस्ता नीति लिइनु पर्दछ । उत्पादन र उत्पादकत्व अभिवृद्धिमा आधारित भई नतिजा आकलन पश्चात मात्र अनुदान दिने व्यवस्था गरिनुपर्दछ ।

१४. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च वर्सेनि बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना तयार गर्नुका साथै फजुल खर्च नियन्त्रण गर्नुपर्दछ ।

१५. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणाली विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१६. **नर्म्स** - निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ । प्रदेश सरकारले तयार गरेको नर्म्सका आधारमा खर्च गर्नेतर्फ मन्त्रालयहरुको ध्यान जानुपर्दछ ।

१७. **खरिद सम्झौता कार्यान्वयन** - खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तर्निकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमन प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

१८. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिद प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्वन गर्नुपर्दछ ।

१९. **निर्माण कार्य सम्पन्न** - निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट वञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्ने, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमन प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२०. **उपभोक्ता समितिबाट कार्य** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाईका साथ नियन्त्रण गरिनुपर्दछ ।

२१. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ ।

- **सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण**

२२. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा अतिक्रमण हुन नदिई संरक्षण गर्नुपर्दछ ।

- **राजस्व परिचालन**

२३. **आन्तरिक राजस्व -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य गर्नुहुँदैन ।

२४. **विभाज्य कोष –** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व सङ्कलन प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

- **भौतिक पूर्वाधार विकास**

२५. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२६. **जोखिम न्यूनीकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

- **संघीयता कार्यान्वयन**

२७. समन्वय – विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकण गर्नुपर्दछ ।

२८. **प्रदेश समन्वय परिषद –** प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषदले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

- **वित्तीय प्रशासन तथा आर्थिक अनुशासन**

२९. **आन्तरिक लेखापरीक्षण –** आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणबीच समन्वय बढाउनुपर्दछ ।आन्तरिक लेखापरीक्षणमा औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नेगरी निकायहरुले भूमिका खेल्नुपर्दछ ।

३०. **आचारसंहिता –** सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृति अनुरुपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक

पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३१. **जिम्मेवारी र जवाफदेहिता -** आर्थिक कार्यविधि ऐन अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, राजस्व दाखिला, आय-व्यय तथा पेस्की फर्स्यौटका प्रमाणहरू व्यक्तिको जिम्मा रहने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३२. **प्रतिवेदन कार्यान्वयन -** संवैधानिक निकायले पेस गरेका प्रतिवेदन संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिक लगायतका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराको सम्बन्धमा सयममा कारवाही टुङ्गो लगाई प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्दछ ।

३३. **अनुगमन र मूल्याङ्कन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

अनुसूचीहरू

अनुसूची-१

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण र बेरुजु रकम

२०७८।७९

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयका संख्या	बेरुजु रकम रु हजारमा
१	प्रदेश सभा सचिवालय	१	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२	१	१७९६४
३	अर्थ मन्त्रालय	१३	०	०
४	आन्तरिक मामिला मन्त्रालय	१	०	०
५	कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	१	१	५६४
६	पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय	१४	३	१५३७६
७	वन वातावरण तथा भुसंरक्षण मन्त्रालय	१७	७	९३६
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३५	१७	३३२८७
९	भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	२०	१७	२५५४५४
१०	उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय	१७	१४	६६२५५
११	शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	२१	९	४७९९५
१२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२७	१३	१४४०७
१३	युवा तथा खेलकुद मन्त्रालय	१	१	३४३२
१४	प्रदेश लोक सेवा आयोग	१	१	२०
१५	मुख्य न्यायाधिवक्ता कार्यालय	१	०	०
१६	प्रदेश नीति तथा योजना आयोग	१	०	०
	कुल जम्मा	**१७३**	**८४**	**४५५६९०**

अनुसूची-१ (क)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएको कार्यालयहरूको विवरण

२०७८।७९

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या
१	**प्रदेश व्यवस्थापिका**	**१**
१.१	प्रदेश व्यवस्थापिका	१
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**	**२**
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१
२.२	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान	१
३	**अर्थ मन्त्रालय**	**१३**
३.१	मन्त्रालय	१
३.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
३.३	प्रदेश लेखा ईकाई कार्यालयहरू	११
४	**आन्तरिक मामिला मन्त्रालय**	**१**
४.१	मन्त्रालय	१
५	**कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय**	**१**
५.१	मन्त्रालय	१
६	**पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय**	**१४**
६.१	मन्त्रालय	१
६.२	उद्योग वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय	१
६.३	पर्यटन कार्यालय, पोखरा	१
६.४	घरेलु तथा साना उद्योग कार्यालय	११
७	**वन वातावरण तथा भुसंरक्षण मन्त्रालय**	**१७**
७.१	मन्त्रालय	१
७.३	वन निर्देशनालय कास्की	१
७.४	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	२
७.५	डिभिजन वन कार्यालयहरू	११
७.७	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१
७.८	ताल संरक्षण तथा विकास प्राधिकरण	१
८	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**३५**
८.१	मन्त्रालय	१
८.२	निर्देशनालयहरू	२
८.३	कृषि ज्ञान केन्द्रहरू	११
८.४	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	११
८.५	बागवानी विकास स्रोत केन्द्र	१

८.५	व्यवसायिक किट बिकास केन्द्र, तनहु	१
८.६	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र	१
८.७	पशु सेवा तालिम केन्द्र	१
८.८	प्रजनन पिढी बीज कोया स्रोत केन्द्र	१
८.९	बाली संरक्षण प्रयोगशाला	१
८.१	बीउविजन प्रयोगशाला	१
८.११	मत्स्य विकास केन्द्र	१
८.१२	माटो तथा मल परीक्षण प्रयोगशाला	१
८.१३	सहकारी रजिष्ट्रारको कार्यालय	१
९	**भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**	**२०**
९.१	मन्त्रालय	१
९.२	यातायात पूर्वाधार निर्देशनालय	१
९.३	पूर्वाधार बिकास कार्यालयहरू	११
९.४	यातायात व्यवस्था कार्यालयहरू	६
९.५	शहरी विकास तथा भवन कार्यालयहरू	१
१०	**उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय**	**१७**
१०.१	मन्त्रालय	१
१०.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू	४
१०.३	जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालयहरू	८
१०.४	जलस्रोत तथा सिचाई विकास सव- डिभिजन कार्यालयहरू	२
१०.५	खानेपानी जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू	१
१०.६	भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय	१
११	**शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**	**२२**
११.१	मन्त्रालय	१
११.२	शिक्षा विकास निर्देशनालय	१
११.३	गण्डकी विश्वविद्यालय	१
११.४	गण्डकी प्रज्ञा प्रतिष्ठान	१
११.८	व्यवसायिक सीप बिकास कार्यालयहरू	२
११.११	प्रदेश संग्रहालय गण्डकी प्रदेश, पोखरा	१
११.१२	रोजगार सूचना केन्द्र, पोखरा	१
११.१३	शिक्षा तालिम केन्द्र दमौली	१
११.१४	गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, पोखरा	१
११.१५	गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान	१
११.१६	सामाजिक विकास कार्यालयहरू	११
१२	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**३९**
१२.१	मन्त्रालय	१
१२.२	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्की	१
१२.३	प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की	१

१२.४	अस्पताल विकास समितिहरू	१२
१२.५	आयुर्वेद औषधालय र केन्द्रहरू	११
१२.६	स्वास्थ्य कार्यालयहरू	११
१२.७	स्वास्थ्य निर्देशनालय कास्की	१
१२.८	तालिम केन्द्रहरू	१
१३	**युवा तथा खेलकुद मन्त्रालय**	**२**
१३.१	मन्त्रालय	१
१३.२	प्रदेश खेलकुद परिषद	१
१४	**प्रदेश लोक सेवा आयोग**	**१**
१४.१	प्रदेश लोक सेवा आयोग	१
१५	**मुख्य न्यायाधिवक्ता कार्यालय**	**१**
१५.१	मुख्य न्यायाधिवक्ता कार्यालय	१
१६	**प्रदेश नीति तथा योजना आयोग**	**१**
१६.१	प्रदेश नीति तथा योजना आयोग	१
	जम्मा	**१८७**

अनुसुची २

प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०७८।७९

(रू.हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई		इकाई	रकम	इकाई	रकम	रकम
१	प्रदेश सभा सचिवालय	१	१३१७४२	१	१३१७४२	१	४६१	१	४६१	१	२३१५	१	२३१५	०	०	०	०	१३४५१७
२	प्रदेश लोक सेवा आयोग	१	१०८६६९	१	१०८६६९	१	८५६०१	१	८५६०१	१	१६१	१	१६१	१	५२	१	५२	१९४४८३
३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	११५५३	१	११५५३	०	०	०	०	१	८०	१	८०	०	०	०	०	११६३३
४	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	७३४१७४	२	७३४१७४	२	२१	२	२१	२	२७३	२	२७३	१	६५७४८	१	६५७४८	८००२१५
५	अर्थ मन्त्रालय	१३	१७७६१९५	१३	१७७६१९५	२	७७८११२९	२	७७८११२९	२	१५२१३	२	१५२१३	२	४७२९१	२	४७२९१	९६१९८२८
६	पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१४	३४९४६१	१४	३४९४६१	१४	६६३५२	१४	६६३५२	१३	१३७९९	१३	१३७९९	२	१०६४	२	१०६४	४३०६७५
७	भूमि व्यवस्था, कृषि सहकारी तथा गरीबी निवारण मन्त्रालय	३५	१५८००६६	३५	१५८००६६	३५	११५९६९४	३५	११५९६९४	२२	४३४४५	२२	४३४४५	६	७२४	६	७२४	२७८३९२८
८	कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	१	६४८३७०	१	६४८३७०	१	१४०	१	१४०	१	२१७६१	१	२१७६१	९	१११४०२	९	१११४०२	७८१६७३
९	आन्तरिक मामिला मन्त्रलय	१	९७५३३	१	९७५३३	१	१५	१	१५	१	९२	१	९२	१	९६०९७	१	९६०९७	१९३७३७
१०	वन वातावरण तथ भू-संरक्षण मन्त्रालय	१७	६९८०७७	१७	६९८०७७	१७	१८१५९७	१७	१८१५९७	१५	९०६२६	१५	९०६२६	११	१८३६०९	११	१८३६०९	११५३९०७
११	भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्रालय	२०	७१४१४९५	२०	७१४१४९५	१९	१९९६१३६	१९	१९९६१३६	२०	१००६९०३	२०	१००६९०३	३	२७७	३	२७७	१०१४४८१०
१२	उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	५०७०३८५	१७	५०७०३८५	१६	१६३२०	१६	१६३२०	१७	५३६०४२	१७	५३६०४२	६	६४३	६	६४३	५६२३३९०
१३	शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	२१	१५२७३०३	२१	१५२७३०३	१६	२३४७	१६	२३४७	१८	२०७६८	१८	२०७६८	१९	२९०११०	१९	२९०११०	१८४०५२८
१४	युवा तथा खेलकुद मन्त्रालय	१	२२५७१२	१	२२५७१२	१	११	१	११	१	४२१	१	४२१		२२९९		२२९९	२२८४४३
१५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२७	१९१९९६०	२७	१९१९९६०	११	८०००	११	८०००	१६	६१९३९	१६	६१९३९	२१	१०८९३२८	२१	१०८९३२८	३०७९२२६
१६	प्रदेश नीति तथा योजना आयोग	१	२३२४२	१	२३२४२	१	१५०	१	१५०	१	२७१	१	२७१	१	४४८	१	४४८	२४११२
	जम्मा	**१७३**	**२२०४३९३४**	**१७३**	**२२०४३९३४**	**१३८**	**११२९७९७३**	**१३९**	**११२९७९७३**	**१३२**	**१८१४१०७**	**१३२**	**१८१४१०७**	**९२**	**१८८९०९१**	**९२**	**१८८९०९१**	३७०४५१०५

❖ प्रदेश सरकारबाट ८५ स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रू.१ अर्ब ६९ करोड ४३ लाख ७ हजार लेखापरीक्षण अंकमा समावेश छ ।

अनुसुची-२ (क)

प्रतिवेदनको परिच्छेद ३ को दफा १ सँग सम्बन्धित

सरकारी निकाय/मन्त्रालय लेखापरीक्षण बक्यौता विवरण

२०७७/७८

(रू.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	जिल्ला स्वास्थ्य कार्यालय म्यार्दी (आ. व. २०७५।७६)	१	१७१०७	१	१०	१	९३६	१	१८०५३
	जम्मा	१	१७१०७	१	१०	१	९३६	१	१८०५३

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	अस्पताल विकास समितिहरू	११	११	११	११	२७००३५३	-
२	प्रतिष्ठान	२	२	२	२	९९९१४	-
३	प्रदेश खेलकुद परिषद्	१	१	१	१	६३९१४	-
जम्मा		**१४**	**१४**	**१४**	**१४**	**२८६४१८१**	-

अनुसुची ३ क

समिति तथा अन्य संस्थाको लेखापरीक्षण बक्यौता विवरण
२०७८/७९

(रू.हजारमा)

	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		जम्मा	
क्र.सं.		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	नभएको								
	जम्मा								

अनुसुची ४

प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित

आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समितिका लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

२०७८।७९

क्र.सं.	संस्थाको नाम	जिल्ला	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	जिल्ला अस्पताल	स्याङजा	२०७८/७९	२९४२११	२८९५	३७०२	१८०४२	९३४०६	३९२६६	१५०७१४	२५३२८	६३२८१	३४६८९	२०१९९	१४३४९७	७२१७	१०९१९
२	धौलागिरी अन्चल अस्पताल	वागलुङ	२०७८/७९	५२८५९६	९५७	८३६७	९४८४३	१५२०२५	२४६६६	२७१५३४	१५१९६८	०	३३४४६	७१६४८	२५७०६२	१४४७२	२२८३९
३	जिल्ला अस्पताल म्याग्दी	म्याग्दी	२०७८/७९	४०४२२१	३१५६	२३६४८	५१३९०	८७१५७	५९९८२	१९८५२९	६६८६०	८२१२८	२०५१२	३६१९२	२०५६९२	-७१६३	१६४८५
४	जोमसोम अस्पताल	मुस्ताङ	२०७८/७९	१४२५०६	८१७०	४४५७	०	६१८९१	१११६१	७३०५२	५९७२	०	११६६७	५१८१५	६९४५४	३५९८	८०५५
५	जिल्ला अस्पताल मनाङ्ग	मनाङ	२०७८/७९	१११३२६	०	२९४३	२१४	५३१७३	३४७३	५६८६०	२४५७९	२१४२९	७१६६	१२९२	५४४६६	२३९४	५३३७
६	जिल्ला अस्पताल	पर्वत	२०७८/७९	२२८०१२	२६०८	७५१५	०	८०२०६	३४६९६	११४९०२	२६८९२	४६८१३	२४६८४	१४७२१	११३११०	१७९२	९३०७
७	मध्यविन्दु अस्पताल	नवलपुर	२०७८/७९	२५५९१३	०	१०६२८	५६२०८	७१९४७	२३५३५	१५१६९०	२१७१९	५५९४९	८०९९	१८४५६	१०४२२३	४७४६७	५८०९५
८	दमौली अस्पताल	तनहुँ	२०७८/७९	१५६४९७	२८०४	३११७	३९६९२	४३१७३	१२४	८२९८९	२१८६१	२९४८३	२१०१०	११५४	७३५०८	९४८१	१२५९८
९	जिल्ला अस्पताल	गोरखा	२०७८/७९	२१४५७१	५८३९	७२८९	४८७९२	६१३४७	४०४	११०५४३	४२०६३	४१२९६	१९२८४	१३८५	१०४०२८	६५१५	१३८०४
१०	मातृशिशु मितेरी अस्पताल	कास्की	२०७८/७९	१५७१७९	३११	५२१२	०	६७७९४	८९३२	७६७२६	१५३२९	३२६८९	१८८६२	१३५७३	८०४५३	-३७२७	१४८५
११	संक्रमण तथा सरुवा रोग	कास्की	२०७८/७९	२०७३२१	१४०	२३७३	०	७४०९१	३७१६०	१११२५१	२१५३२	३४७५०	२६८४७	१२९४१	९६०७०	१५१८१	१७५५४
१२	गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान	कास्की	२०७८/७९	५४७५६	०	०	०	२६६०७	१४६६	२८०७३	१७१६७	०	९४४०	७६	२६६८३	१३९०	१३९०
१३	गण्डकी प्रज्ञा प्रतिष्ठान	कास्की	२०७८/७९	४५१५८	३६०१	०	०	२२४५७	१२२	२२५७९	०	२१७४५	७१२	१२२	२२५७९	०	०
१४	प्रदेश खेलकुद परिषद	कास्की	२०७८/७९	६३९१४	७३८६	०	०	२९६१६	२३९१	३२००७	६३०३	११०१६	३५८८	११०००	३१९०७	१००	१००
	कूल जम्मा			**२८६४१८१**	**३७८६७**	**७९२५१**	**३०९१८१**	**९२४८९०**	**२४७३७८**	**१४८१४४९**	**४४७५७३**	**४४०५७९**	**२४०००६**	**२५४५७४**	**१३८२७३२**	**९८७१७**	**१७७९६८**

अनुसुची-५

प्रतिवेदनको परिच्छेद २ को दफा ३.५ सँग सम्बन्धित

पेश्की बाँकीको विवरण

२०७८।७९

(रू.हजारमा)

क्र सं	मन्त्रालय।निकायको नाम	गत वर्ष सम्मको बाँकी	२०७७।७८ को मोविलाइजेशन समायोजन	२०७७।७८ सम्मको बाँकी	यो वर्ष फस्यौंट	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप मोविलाइजेशन	यो वर्षको पेश्की	यस वर्षको जम्मा	हाल सम्मको जम्मा
१	सरकारी कार्यालय तर्फ	७०६२५९	६९२१९	६४७०४०	१३८८०	६३३१६०	१२७०३९२	८५३२०	१३५५७१२	७७७६९९
२	समिति तर्फ	१३२०	०	१३२०	०	१३२०	०	२५००	२५००	३८२०
	जम्मा	**७०७५७९**	**६९२१९**	**६४८३६०**	**१३८८०**	**६३४४८०**	**१२७०३९२**	**८७८२०**	**१३५८२१२**	**७८१५१९**

अनुसूची-६

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.४ सँग सम्बन्धित)

असुली विवरण

२०७८।७९

(रू.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कूल जम्मा
१.	सरकारी कार्यालय तर्फ	१५६६	२१८१	६०००	९७४७
२.	समिति तथा अन्य संस्था तर्फ	०	०	०	०
जम्मा		**१५६६**	**२१८१**	**६०००**	**९७४७**

अनुसूची-७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७८।७९

(रू.हजारमा)

सि.नं.	मन्त्रालय/निकायको नाम	असूल गर्नुपर्ने		असूल भएको		असूल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	सरकारी कार्यालयहरू तर्फ	९	११०३	२	४०६	६९७
२	समिति तथा अन्य संस्था तर्फ	०	०	०	०	०
	जम्मा	९	११०३	२	४०६	६९७

अनुसुची ८

प्रतिवेदनको परिच्छेद १ को दफा ६ सँग सम्बन्धित

राजश्वको शीर्षकगत आम्दानी विवरण

२०७८/७९

(रू.हजारमा)

क्र सं	राजस्व वर्गीकरण	जम्मा
१	११४११-बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	५९१२१२५
२	११४२१-बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	१८५१६८२
३	३३३४१-सवारी साधन कर	८८९३०२
४	११३१५-घरजग्गा रजिष्टेशन दस्तुर	१०३६६४८
५	१४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर	३७८५२१
६	१४२२९-अन्य प्रशासनिक सेवा शुल्क	३६८१६२
७	१४१५६-बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	२५१०१३
८	१४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१४३११८
९	१५१११-बेरूजू	९००५६
१०	१५११३-अनुदान फिर्ता	८०३४२
११	१४२२५-यातायात क्षेत्रको आम्दानी	६०२८४
१२	१४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर	५५०८६
१३	१४१५३-बाँडफाँड भई प्राप्त वन रोयल्टी	५३६८३
१४	१४२२४-परीक्षा शुल्क	४३२५७
१५	१४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत	३१३५१
१६	१५११२-निकासा फिर्ता	१८५१३
१७	१४१५८-बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	१११९२
१८	१४५२९-अन्य राजस्व	१०६४५
१९	१४३१३-धरौटी सदरस्याहा	४८६०
२०	१४१५४-बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	२२९९
२१	१४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	१२८६
२२	१४२२३-शिक्षा क्षेत्रको आम्दानी	११९५
२३	१४२१३-अन्य विक्रीबाट प्राप्त रकम	१११७
२४	१४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	६५५
२५	११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	४७९
२६	१४१९२-पदयात्रा शुल्क	४०३
२७	१४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर	४००
२८	१४१५१-सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२९२
२९	१४२६४-वन क्षेत्रको अन्य आय	९
३०	१४३११-न्यायिक दण्ड,जरिवाना र जफत	०
३१	१४२१९-अन्य सेवा शुल्क तथा बिक्री	०
	जम्मा	**११२९७९७३**

अनुसुची ९

प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित

सरकारी कार्यालयको बेरुजु बर्गीकरण

२०७८/७९

रु हजारमा

क सं	मन्त्रालय	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बेरुजु						जम्मा पेश्की
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१	प्रदेश सभा सचिवालय	७	०	०	०	०	०	७	०	०	०	०	०	०	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३७	३	१७९६४	०	०	०	३७	३	१७९६४	२५	१७९३९	०	०	०	१७९३९	०
३	अर्थ मन्त्रालय	६९	०	०	०	०	०	६९	०	०	०	०	०	०	०	०	०
४	आन्तरिक मामिला मन्त्रालय	१२	०	०	०	०	०	१२	०	०	०	०	०	०	०	०	०
५	कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	१२	२	५६४	०	०	०	१२	२	५६४	०	२७०	२९४	०	०	५६४	०
६	पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	३१	६	१५४३०	०	१	५४	३१	५	१५३७६	६०४	१४४८८	०	०	०	१४४८८	२८५
७	वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय	७७	१८	९३६	०	०	०	७७	१८	९३६	३९८	२२	४१६	०	०	४३७	१००
८	भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय	१७१	९८	३६४०४	०	४	३११७	१७१	९४	३३२८७	३७२१	२४९१३	४६५३	०	०	२९५६६	०
९	भौतिक पूर्वाधार,शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	२९८	१७७	२६३४९३	०	४	८०३९	२९८	१७३	२५५४५४	५२१७१	४६०७५	९३९००	०	०	१३९९७५	६३३०८
१०	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	२५८	१३०	८१५७०	०	४२	१५३१५	२५८	८८	६६२५५	५६९८	३२३२	४४५३८	०	०	४७७७०	१२७८६
११	शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	७७	४६	५३०५७	०	१७	५०६२	७७	२९	४७९९५	२५९४	१७१०८	२०१९३	०	०	३७३०१	८१००
१२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	८५	५३	१७६२९	०	५	३२२२	८५	४८	१४४०७	९१८	७५४२	५२०६	०	०	१२७४८	७४१
१३	युवा तथा खेलकुद मन्त्रालय	१९	२३	३४३२	०	०	०	१९	२३	३४३२	९१६	१११४	१४०२	०	०	२५१६	०
१४	प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश	९	२	२०	०	०	०	९	२	२०	२०	०	०	०	०	०	०
१५	मुख्य न्यायाधिवक्ताको कार्यालय	३	०	०	०	०	०	३	०	०	०	०	०	०	०	०	०
१६	प्रदेश नीति तथा योजना आयोग, कास्की	१३	०	०	०	०	०	१३	०	०	०	०	०	०	०	०	०
	जम्मा	**११८५**	**५६१**	**४९०४९९**	**०**	**७३**	**३४८०९**	**११८५**	**४८८**	**४५५६९०**	**६७०६५**	**१३२७०३**	**१७०६०२**	**०**	**०**	**३०३३०५**	**८५३२०**

अनुसूची- १०

प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित

आय व्ययको कारोबार गर्ने अन्य संस्था तथा समितिको बेरुजु बर्गिकरण

२०७८/७९

(रू. हजारमा)

जिल्ला	कार्यालयको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			प्रतिक्रिया बाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेश्की
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
गोरखा	जिल्ला अस्पताल गोरखा	१०	२०	५८३९	०	०	०	०	१०	२०	५८३९	१४८	४६५३	१०३८	०	०	५६९१	०
वागलुङ्ग	धौलागिरी अञ्चल अस्पताल	११	३	९५७	०	०	०	०	११	३	९५७	९०८	०	४९	०	०	४९	०
तनहु	दमौली अस्पताल	१४	५	२८०४	०	०	०	०	१४	५	२८०४	२८४	२५२०	०	०	०	२५२०	०
स्याङ्गजा	जिल्ला अस्पताल स्याङ्जा	५	८	२८९५	०	०	०	०	५	८	२८९५	१०८	५६	२३१	०	०	२८७	२५००
म्याग्दी	जिल्ला अस्पताल म्याग्दी	२२	६	३१५५	०	०	०	०	२२	६	३१५५	१७९	१७६५	१२११	०	०	२९७६	०
नवलपुर	मध्यविन्दु अस्पताल	१०	०	०	०	०	०	०	१०	०	०	०	०	०	०	०	०	०
मुस्ताङ्ग	जोमसोम अस्पताल	१३	१७	८१७१	०	०	०	०	१३	१७	८१७१	५५१	६८१५	८०५	०	०	७६२०	०
पर्वत	जिल्ला अस्पताल पर्वत	११	३८	२६०८	०	०	०	०	११	३८	२६०८	१३०८	०	१३००	०	०	१३००	०
मनाङ्ग	जिल्ला अस्पताल मनाङ्ग	१	०	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०
कास्की	संक्रामक तथा सरुवा रोग अस्पताल	१०	६	२७६	३	३	२१०	७४	७	३	१४०	६६	०	७४	०	०	७४	०
कास्की	मातृशिशु मितेरी अस्पताल	१२	३	३११	०	०	०	०	१२	३	३११	१८	४६	२४७	०	०	२९३	०
कास्की	गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान	७	०	०	०	०	०	०	७	०	०	०	०	०	०	०	०	०
कास्की	गण्डकी प्रज्ञा प्रतिष्ठान	७	९	३६०१	०	०	०	०	७	९	३६०१	०	३२२०	३८१	०	०	३६०१	०
कास्की	प्रदेश खेलकुद परिषद्	९	८	७३८६	०	०	०	०	९	८	७३८६	२०८	६५८०	५९८	०	०	७१७८	०
जम्मा		**१४२**	**१२३**	**३८००३**	**३**	**३**	**२१०**	**७४**	**१३९**	**१२०**	**३७८६७**	**३७७८**	**२५६५५**	**५९३४**	**०**	**०**	**३१५८९**	**२५००**

अनुसूची-११

(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण

२०७८।७९

(रू.हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण भएको	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	५ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु	५ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की
क	**सरकारी कार्यालय तर्फ**	**१६९२४५८**	**१३८५४६**	**१५५३९१२**	**४५५६९०**	**२००९६०२**	**७७७६९९**
१	प्रदेश सभा सचिवालय	१२८	०	१२८	०	१२८	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८२४१	३७४	७८६७	१७९६४	२५८३१	०
३	अर्थ मन्त्रालय	९४	०	९४	०	९४	०
४	आन्तरिक मामिला मन्त्रालय, गण्डकी प्रदेश	०		०	०	०	०
५	कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	१८२२	३	१८१९	५६४	२३८३	०
६	पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	०	०	०	१५३७६	१५३७६	२८५
७	वन तथा वातावरण तथा भु संरक्षण मन्त्रालय	७३८४७	१५०३	७२३४४	९३६	७३२८०	१००
८	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	१२२६५७	७०९०	११५५६७	३३२८७	१४८८५४	१३०५
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२९२२९७	६८८२३	१२२३४७४	२५५४५४	१४७८९२८	७२३७३३
१०	उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय	५२४२१	५२४२१	०	६६२५५	६६२५५	१२७८६
११	सामाजिक विकास मन्त्रालय	१३२३०८	०	१३२३०८	0	१३२३०८	०
१२	शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	८२८१	८२८१	०	४७९९५	४७९९५	१४८६८
१३	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५१	५१	०	१४४०७	१४४०७	७४१
१४	युवा तथा खेलकुद मन्त्रालय	०	०	०	३४३२	३४३२	०
१५	प्रदेश लोक सेवा आयोग	२८३	०	२८३	२०	३०३	०
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	२८	०	२८	०	२८	०
१७	प्रदेश नीति तथा योजना आयोग	०	०	०	०	०	०
ख	**समिति तथा अन्य संस्था तर्फ**	**९७३९३**	**३९२**	**९७००१**	**३७८६७**	**१३४८६८**	**३८२०**
	कुल जम्मा	**१७८९८५१**	**१३८९३८**	**१६५०९१३**	**४९३५५७**	**२१४४४७०**	**७८१५१९**

अनुसुची १२

प्रतिवेदनको परिच्छेद १ को दफा ५ सँग सम्बन्धित

प्रदेश सरकारले संघीय कार्यालय तथा स्थानीय तहलाई निकासा दिई खर्च भएको विवरण

२०७८/७९

(रू.हजारमा)

जिल्ला	कार्यालयको नाम	चालु खर्च	पुजीगत खर्च	जम्मा खर्च
गोरखा	जिल्ला समन्वय समिति गोरखा	७८०६४९	०	७८०६४९
लमजुङ	जिल्ला समन्वय समिति लमजुङ	७३७०६२	०	७३७०६२
तनहुँ	जिल्ला समन्वय समिति तनहुँ	७३३९२४	०	७३३९२४
कास्की	जिल्ला समन्वय समिति कास्की	१००००००	०	१००००००
मनाङ	जिल्ला समन्वय समिति मनाङ	७९५१२६	०	७९५१२६
मुस्ताङ्ग	जिल्ला समन्वय समिति मुस्ताङ्ग	७७२६१०	०	७७२६१०
पर्वत	जिल्ला समन्वय समिति पर्वत	६८१२९१	०	६८१२९१
स्याङ्जा	जिल्ला समन्वय समिति स्याङ्जा	९९९९९९	०	९९९९९९
म्यार्दी	जिल्ला समन्वय समिति म्यार्दी	८६२३८०	०	८६२३८०
बार्लुङ्ग	जिल्ला समन्वय समिति बार्लुङ्ग	९९९००२	०	९९९००२
नवलपुर	जिल्ला समन्वय समिति नवलपुर	९९७९६९	०	९९७९६९
कास्की	प्रदेश लेखा ईकाइ कार्यालय, कास्की	४९९९८१	०	४९९९८१
गोरखा	प्रदेश लेखा ईकाइ कार्यालय, गोरखा	४९९२८३	०	४९९२८३
तनहु	प्रदेश लेखा ईकाइ कार्यालय, तनहुँ	४९३६८९	०	४९३६८९
पर्वत	प्रदेश लेखा ईकाइ कार्यालय, पर्वत	४८९९५९	०	४८९९५९
नवलपुर	प्रदेश लेखा ईकाइ कार्यालय, बर्दघाट सुस्ता पुर्व	४९७६८४	०	४९७६८४
बार्ल्ङ्ग	प्रदेश लेखा ईकाइ कार्यालय, बार्लुङ्ग	५०००००	०	५०००००
मनाङ्ग	प्रदेश लेखा ईकाइ कार्यालय, मनाङ	४८४२५०	०	४८४२५०
मुस्ताङ्ग	प्रदेश लेखा ईकाइ कार्यालय, मुस्ताङ्ग	४६९५११	०	४६९५११
म्यार्दी	प्रदेश लेखा ईकाइ कार्यालय, म्यार्दी	५०००००	०	५०००००
लमजुङ्ग	प्रदेश लेखा ईकाइ कार्यालय, लमजुङ	४९५०२२	०	४९५०२२
स्याङ्गजा	प्रदेश लेखा ईकाइ कार्यालय, स्याङ्जा	४९८०४५	०	४९८०४५
गोरखा	मालपोत कार्यालय गोरखा	०	७२२३५७	७२२३५७
तनहुँ	मालपोत कार्यालय तनहुँ	०	११८१७५६	११८१७५६
नवलपुर	मालपोत कार्यालय नवलपूर	०	९५१५८४	९५१५८४
पर्वत	मालपोत कार्यालय पर्वत	०	७४९१७२	७४९१७२
कास्की	मालपोत कार्यालय पोखरा, कास्की	०	१६९७७२७	१६९७७२७
बुतिवाङ	मालपोत कार्यालय बुर्तिवाङ	०	०	०
मनाङ	मालपोत कार्यालय मनाङ	०	२९९५००	२९९५००
मुस्ताङ्ग	मालपोत कार्यालय मुस्ताङ्ग	०	२४९३५६	२४९३५६
म्यार्दी	मालपोत कार्यालय म्यार्दी	०	७४७२२९	७४७२२९
लमजुङ	मालपोत कार्यालय लमजुङ	०	५३५४९१	५३५४९१
कास्की	मालपोत कार्यालय लेखनाथ, कास्की	०	१३९६२०६	१३९६२०६
स्याङ्जा	मालपोत कार्यालय वालिङ, स्याङ्जा	०	४९९५५०	४९९५५०
गोरखा	मालपोत कार्यालय सिर्दिवास, गोरखा	०	१९९९७९	१९९९७९
स्याङ्गजा	मालपोत कार्यालय स्याङजा	०	७९५९६९	७९५९६९
कास्की	गण्डकी प्रदेश प्रहरी कार्यालय	०	१५७०२९७०९	१५७०२९७०९
कास्की	अन्नपूर्ण पोलिटेक्निक इष्टिच्युट कास्की	७३४४२९२	२२६१८७६१	२९९६३०५३
गोरखा	गोरखा पोलिटेक्निक इन्सिच्युट	२७२९६५३४	३८७७३४८	३११७३८८२
बागलुङ्ग	धौलागिरी पोलिटेक्निक इन्स्टिच्युट	२७८८०७६५	७४१८०८६	३५२९८८५१

गोरखा	बारपाक पोलिटेक्निक इष्टिच्यूट गोरखा	१०३५२१६७	२१९६२१९	१२५४८३८६
लमजुङ्ग	राइनास पोलिटेक्निक इष्टिच्यूट लमजुङ	१५४८८२९५	२४९०८१७२	४०३९६४६७
स्याङ्गजा	आँधिखोला बहुप्राविधिक शिक्षालय	११०३२०००	२७६१८५२५	३८६५०५२४
तनहुँ	कालिगण्डकी बहुप्राविधिक शिक्षालय, तनहुँ	१२१६६४६१	११७५५७१६	२३९२२१७७
स्याङ्गजा	किसान प्राविधिक तथा व्यवसायिक शिक्षालय	१६३८४५८१	३५१७९९७८	५१५६४५५९
कास्की	गण्डकी प्राविधिक प्रतिष्ठान	१०३२३२६०	१०५७७७६	११३९०१३६
तनहूँ	तनहुँ प्राविधिक शिक्षालय, तनहुँ	१११४८६२२	२५८१४४६	१३७३००६८
मुस्ताङ्ग	धवलागिरी प्राविधिक शिक्षालय	२९८१९६५०	१६९९४५१	३१५१९१०१
कास्की	पोखरा प्राविधिक शिक्षालय	२७४६६१३२	३९८०२७९	३१४४६४११
कास्की	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय	१०१४३१०५६	८८४७८०१	११०२७८८५७
	संघीय कार्यालय तर्फ	**३२२९३०३५०**	**३२०७९५१४२**	**६४३७२५४९३**
म्यार्दी	अन्नपूर्ण गाउँपालिका	०	७३४६३५	७३४६३५
कास्की	अन्नपूर्ण गाउँपालिका	७८१५२०९	०	७८१५२०९
स्याङ्गजा	अर्जुनचौपारी गाउँपालिका	०	०	०
गोरखा	गण्डकी गाउँपालिका	०	०	०
मुस्ताङ्ग	घरपझोङ गाउँपालिका	७५०००००	०	७५०००००
तनह्	घिरिङ गाउँपालिका	०	०	०
मनाङ्ग	चामे गाउँपालिका	०	१५०००००	१५०००००
पर्वत	जलजला गाउँपालिका	०	०	०
बार्गलुङ्ग	ढोरपाटन नगरपालिका	०	०	०
बागलुङ्ग	ताराखोला गाउँपालिका	०	०	०
मुस्ताङ्ग	थासाङ गाउँपालिका	०	०	०
म्यार्दी	धवलागिरी गाउँपालिका	०	१००००००	१००००००
गोरखा	धार्चे गाउँपालिका	०	९५३३१४	९५३३१४
मनाङ्ग	नासोङ गाउँपालिका	०	०	०
गोरखा	पालुङटार नगरपालिका	०	०	०
स्याङ्गजा	पुतलीबजार नगरपालिका	२१२७२४६	०	२१२७२४६
कास्की	पोखरा महानगरपालिका	०	०	०
स्याङ्गजा	फेदीखोला गाउँपालिका	२९६२८६	०	२९६२८६
तनहु	बन्दिपुर गाउँपालिका	०	०	०
नवलपुर	बौदीकाली गाउँपालिका	०	०	०
तनहुँ	भानु नगरपालिका	०	०	०
गोरखा	भिमसेन गाउँपालिका	०	०	०
स्याङ्गजा	भीरकोट नगरपालिका	४९०७८२२	०	४९०७८२२
स्याङ्गजा	वालिङ नगरपालिका	२२८९१२४	१५०००००	३७८९१२४
मुस्ताङ्ग	वाहगाँउदयपुरमुक्तिक्षेत्र गाउँपालिका	०	९७०००००	९७०००००
तनहु	व्यास नगरपालिका	१९५०१५०	०	१९५०१५०
नवलपुर	हुप्सेकोट गाउँपालिका	१५१८५३१	०	१५१८५३१
	पालिका तर्फ	**२८४०४३६८**	**५९२३३१४**	**३४३२७६८२**
	कुल जम्मा	**३५१३३४७१८**	**३२६७१८४५६**	**६७८०५३१७५**

अनुसुची १३

प्रतिवेदनको परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित

लेखा उत्तरदायी अधिकृतहरूको विवरण र सो अवधिको बेरुजु स्थिति

मन्त्रालय/निकाय/कार्यालयको नाम	लेखाउत्तरदायी अधिकृतको नाम	अवधि		ले प अंक	आ.व. ०७८।७९ को कुल बेरुजु	ले.प अंकको तुलनामा बेरुजु प्रतिशत
		देखि	सम्म			
प्रदेश सभा सचिवालय	सचिव, श्री हरिराज पोखरेल	२०७८।४।१	२०७९।३।३२	१३४५१७	०	०.००
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय	प्रमुख सचिव, श्री रविलाल पन्थ	२०७८।४।१	२०७९।३।३२	८००२१५	१७९६४	२.२४
अर्थ मन्त्रालय	सचिव, श्री रमेश कुमार के.सी.	२०७७।७।२४	२०७८।७।३	९६१९८२८	०	०.००
	सचिव, श्री बैकुण्ठ प्र. अर्याल	२०७८।७।०४	२०७९।३।३२			०.००
आन्तरिक मामिला मन्त्रालय	सचिव, श्री बद्रिनाथ अधिकारी	२०७८।१०।१	२०७९।३।३२	१९३७३७	०	०.००
कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	सचिव, श्री केदारनाथ शर्मा	२०७७।४।२५	२०७९।४।३१	७८१६७३	५६४	०.०७
पर्यटन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय	सचिव, श्री ज्ञानेन्द्र पौडेल	२०७८।४।१	२०७९।३।३२	४३०६७५	१५३७६	३.५७
वन वातावरण तथा भुसंरक्षण मन्त्रालय	सचिव, श्री बद्रिराज ढुंगाना	२०७८।६।२०	२०७९।३।३२	११५३९०७	९३६	०.०८
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	सचिव, श्री सहदेव प्र. हुमागाईं	२०७८।६।२१	२०७९।३।३२	२७८३९२८	३३२८७	१.२०
भौतिक पुर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय	सचिव, श्री गणेश राज वस्ती	२०७८।७।२१	२०७९।३।३२	१०१४४८१०	२५५४५४	२.५२
उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय	सचिव, श्री सन्तोष कैनी	२०७९।४।२४	२०७९।३।३२	५६२३३९०	६६२५५	१.१८
शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय	सचिव, श्री देवेन्द्र लामिछाने	२०७९।४।२४	२०७९।३।३२	१९४०४४२	५१५९६	२.६६
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सचिव, श्री विनोद विन्दु शर्मा	२०७८।३।९	२०७८।१०।२७	५७७९५७९	४१२८७	०.७१
	सचिव, श्री विश्वबन्धु बगाले	२०७८।१०।२८	२०७९।३।३२			
युवा तथा खेलकुद मन्त्रालय	सचिव, श्री विनोद बहादुर कुँवर	२०७८।४।१	२०७८।७।३०	२९२३५७	१०८१८	३.७०
	सचिव, श्री ध्रुव गौंडा	२०७८।८।१	२०७८।१०।१२			
	सचिव, श्री बद्रिनाथ अधिकारी	२०७८।१०।१३	२०७९।३।३२			
प्रदेश लोक सेवा आयोग	सचिव, श्री विनोद ब. कुँवर	२०७८।८।१	२०७९।३।३२	१९४४८३	२०	०.०१
मुख्य न्यायधिवक्ता कार्यालय	सचिव, श्री गोविन्द गिरी	२०७८।४।१	२०७८।६।१०	११६३३	०	०.००
	सचिव, श्री सुरेन्द्र राज काफ्ले	२०७८।६।१२	२०७९।३।३२			
प्रदेश नीति तथा योजना आयोग	सचिव, श्री प्रविन ढकाल	२०७८।९।१२	२०७९।३।३२	२४११२	०	०.००
जम्मा				**३९९०९२८६**	**४९३५५७**	**१.२४**

अनुसुची १४

प्रदेश लेखा नियन्त्रक कार्यालय, पोखरा

संचित कोषको प्राप्ति तथा भुक्तानीको एकिकृत आर्थिक विवरण

आ.व. २०७८/७९

प्राप्ति

रकम रु.

विवरण	टिप्पणी	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७७/७८
१	२		
१. राजस्व तथा अनुदान		२५,१७२,४५३,३२९.५१	२३,७७७,७९०,०४६.१६
क. राजस्व		११,२९७,९७३,१३०.५१	९,७३३,०४४,२१९.६२
अ. कर	१	९,६९०,२३५,१८७.९२	८,४१९,७६५,५२९.१८
आ अन्य राजस्व		१,२८९,५५१,६६०.५९	१,०६१,३९२,२७४.३९
इ प्राकृतिक श्रोत वापतको रोयल्टी		३१८,१८६,२८२.०८	२५१,८८६,४१६.०५
ख. अनुदान	२		
अ नगद अनुदान			
आ सोधभर्ना वापत प्राप्त			
इ खोई भुक्तानी -			
ई वस्तुगत अनुदान			
ग. वित्तीय हस्तान्तरण बाट प्राप्त रकम		१३,८७४,४८०,१९९.००	१३,९६८,४६०,३९५.००
अ. समानिकरण		७,४२२,८००,०००.००	७,११२,६००,०००.००
आ. स.शर्त		५,०२९,०८०,१९९.००	५,८१६,९६०,३९५.००
इ. समपुरक		८७३,६००,०००.००	१,४९८,९००,०००.००
ई. विशेष		५४९,०००,०००.००	५४०,०००,०००.००
घ. बेरूजु तथा अन्य प्राप्ती (बेरूजु रकम तथा अन्य रकम असुली वापतको प्राप्ति)		-	७६,२८५,४३१.५४
२. वित्तीय व्यवस्था	३		
क. ऋण लगानी फिर्ता			
अ. आन्तरिक ऋण लगानी फिर्ता			
आ. वैदेशिक ऋण लगानी फिर्ता			
ख. शेयर बिक्री			
अ. आन्तरिक शेयर बिक्री			
आ. वैदेशिक शेयर बिक्री			
ग. वैदेशिक ऋण			
अ. नगद ऋण			
आ. सोधभर्ना वापत प्राप्त			
इ. सोझै भुक्तानी			
घ. आन्तरिक ऋण	४		
३. अन्य	५		
अ. गत वर्ष निकासबाट खर्च नभएको रकम फिर्ता (स.शर्त समेत)	६		
आ. .....अन्य रकम (समायोजन लगायत)			
४. विभाज्य कोषबाट बाँडफाँड हुन बाँकी रकम	७		
५. यस वर्षको खुद प्राप्ती (१+२+३+४)		२५,१७२,४५३,३२९.५१	२३,७७७,७९०,०४६.१६

लेखा अधिकृत

प्रदेश लेखा नियन्त्रक

प्रदेश लेखा नियन्त्रक कार्यालय, पोखरा

संचित कोषको प्राप्ति तथा भुक्तानीको एकिकृत आर्थिक विवरण

आ.व. २०७८/७९

भुक्तानी

विवरण	टिप्पणी	आर्थिक वर्ष २०७८/७९	आर्थिक वर्ष २०७७/७८
६. चालु तथा पूँजिगत तर्फको भुक्तानी	८	२०,३४१,६२६,६३४.४०	२३,६९२,१४२,९७०.५७
क. संचित कोष माथि व्ययभार हुने रकमबाट खर्च		८,४४३,४१५.८०	२,९१८,४५५.५०
अ. चालु खर्च		८,४४३,४१५.८०	२,९१८,४५५.५०
आ. पुंजीगत खर्च		-	-
ख. विनियोजन ऐनद्वारा भएको खर्च		२०,३४१,१८३,२१८.६०	२३,६८९,२३४,५१५.०७
अ. चालु खर्च (अन्तर सरकारी वित्तीय हस्तान्तरण बाहेक)		५,८७७,३६५,४४८.८७	६,०९३,६८०,३०७.५०
आ. पुंजीगत खर्च		१४,४६३,८१७,६६९.७३	१७,५९५,४५४,२०७.५७
७. वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी	८		
क. संचित कोष माथि व्ययभार हुने रकमबाट खर्च			
अ. आन्तरिक ऋणको सांवा भुक्तानी			
आ. बाह्य ऋणको सांवा भुक्तानी			
ख. विनियोजन ऐनद्वारा भएको खर्च			
अ. ऋण सगानी			
१. आन्तरिक ऋण सगानी			
२. वैदेशिक ऋण सगानी			
आ. शेयर सगानी			
१. आन्तरिक शेयर सगानी			
२. वैदेशिक शेयर सगानी			
८. वित्तीय हस्तान्तरण	९	१,६९४,३०७,३०१.००	१,९३१,१६७,९८०.००
९. अन्तर सरकारी कारोबार/अनुदान		१,६५६,५१०,७५८.१२	१,४१२,२९९,४३४.३८
१०. अन्य कारोबारको समायोजन *	१०	-	६६,०९६,०००.००
११. यस वर्षको जम्मा भुक्तानी (६+७+८+९+१०)		२३,७००,४४५,६९३.५२	२७,१०१,७१६,३८४.९५
१२. यस अवधिको कोषमा भएको थप घट (+/-) १२=(५-११)		१,४७२,००८,६३५.९९	(३,३२३,९२६,३३८.७९)
१३. आर्थिक वर्षको सुरूवातको मौज्दात		२,८५८,९२४,४८५.७५	६,१८२,१७२,९०४.५४
१३.१ आर्थिक वर्षको सुरूवातको मौज्दात *(आ.व. २०७८/७७ को संचित कोष मिलान भएपश्चात हुनआएका पूर्व वर्ष छुट रकम)*		-	६७७,९२०.००
१४. आर्थिक वर्षको अन्त्यको मौज्दात (१२+१३)	११	४,३३०,९३३,१२१.७४	२,८५८,९२४,४८५.७५

तयार गर्नेको सही:

नाम: लक्ष्मीकान्त शर्मा पौडेल, लेखा अधिकृत

मिति: २०७९।९।२०

प्रदेश लेखा नियन्त्रकको सही:

नाम: किशोर कुमार श्रेष्ठ